सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

१२ भदौ २०८०, मंगलबार (29 Aug 2023, Tuesday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १३८ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

निर्वाचन कानुनमा व्यापक हेरफेरको प्रस्ताव

# 'राइट टु रिजेक्ट'को व्यवस्थासहितको विधेयक तयार

## समानुपातिक प्रणालीबाट दुईपटक मात्रै सांसद हुन पाइने

### विधेयकका मुख्य बुँदा

- कुनै तहमा पराजित भएको व्यक्ति सोही कार्यकालमा अर्को कुनै तहमा उम्मेदवार बन्न नपाउने
- कुनै पनि राजनीतिक दलको सदस्य रहेको व्यक्ति सदस्यता नत्यागेसम्म अर्को दलको तर्फबाट उम्मेदवार हुन नसक्ने
- स्थानीय तहदेखि राष्ट्रपतिसम्मको निर्वाचन मिति तोकेर प्रस्ताव
- भ्रष्टाचारको मुद्दा दायर भएर अभियुक्त बनेको व्यक्तिसमेत चुनावमा उम्मेदवार बन्न नपाउने

तर, ठगी, किर्ते, अपहरण वा शरीर बन्धक, व्यक्ति बेपत्ता पार्नेसम्बन्धी कसुर, यातना, क्रूर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको, जाति हत्या, विस्फोटक पदार्थ वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा संलग्न कसुरदारका लागि भने ठहर भएको हकमा मात्र उम्मेदवारका लागि अयोग्य हुने नरम व्यवस्था

- कुनै कम्पनी वा संस्था कालोसूचीमा रहेकामा त्यस्तो सूची कायम रहँदाका बखत त्यसको सञ्चालक, पदाधिकारी वा प्रमुख कार्यकारी अधिकृतको पदमा बहाल रहेको व्यक्ति पनि उम्मेदवारका लागि अयोग्य हुने
- सहकारीको सञ्चालक भएर आर्थिक हिनामिना गरेको, ठहर भएको कैद वा जरिवाना नतिरेको, व्यक्तिगत बेरुजु भएर नतिरेको, कानुनबमोजिम कर भुक्तानी नगरेको, ठेक्का सम्पन्न नगरेकोलगायतका व्यक्ति पनि उम्मेदवार हुन नपाउने
- अदालतले थुनामा राख्ने गरी आदेश दिएकामा त्यस्तो आदेश कायम रही थुनामा नबसेको व्यक्ति पनि उम्मेदवार बन्न नपाउने
- प्रतिनिधि तथा प्रदेश सभाको प्रत्यक्ष निर्वाचनतर्फ उम्मेदवारी दिँदा दलले जति निर्वाचन क्षेत्रमा उम्मेदवारी दिने हो त्यसको कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार उठाउनुपर्ने
- संघीय सांसदका लागि दलको केन्द्रीय कार्यकारिणी समितिले तोकेको त्यस्तो समितिको पदाधिकारी वा सदस्य, प्रदेश सांसदका लागि केन्द्रीय कार्यकारिणी समितिले तोकेको प्रदेश कार्यकारिणी समितिको पदाधिकारी वा सदस्य र स्थानीय तहका लागि केन्द्रीय कार्यकारिणी समितिले तोकेको प्रदेश वा जिल्ला कार्यसमितिको पदाधिकारी वा सदस्यले उम्मेदवार मनोनयनको औपचारिक पत्र (टिकट) प्रदान गर्ने
- विदेशमा रहेका मतदाताले पनि मत हाल्न पाउने अधिकारका लागि मस्यौदामा व्यवस्था
- मतदानको गोपनीयता भंग हुँदैन भन्नेमा आयोग विश्वस्त भए त्यस्तो प्रविधिमार्फत निर्वाचनमा मतदान गराउन सकिने

### सकेसम्म राम्रो बनाउने प्रयास भएको छ

● **दिनेशकुमार थपलिया**, प्रमुख निर्वाचन आयुक्त



सरोकारवाला सबै पक्षसँग बृहत् छलफल, अन्तरक्रिया गरेर, निर्वाचन प्रणाली र व्यवस्थापनका विद्यमान अवस्था, यसका चुनौतीसमेत विश्लेषण गरेर अन्तर्राष्ट्रिय असल अभ्यास हेरेर विधेयकको मस्यौदा तयार भएको छ। यसमा हामीले देखेसम्मका अधिकतम विषय समेटेका छौं। यसले निर्वाचन व्यवस्थापनको अधिकांश विषय समेट्छ। केही विषय राजनीतिक दलसम्बन्धी कानुनबाट पनि सम्बोधन गर्न सकिन्छ। अब आयोगले त्यसको पनि तयारी गर्छ।

**सुवास भट्ट**/नयाँ पत्रिका

निर्वाचन आयोगले निर्वाचनमा कुनै पनि उम्मेदवारलाई मतदान नगर्ने (राइट टु रिजेक्टको) व्यवस्थासहितको निर्वाचन कानुन बनाउने गरी विधेयक अगाडि बढाएको छ। आयोगले तयार पारेको 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक'मा 'कुनै पनि उम्मेदवारलाई मतदान नगर्न सकिने' प्रावधान छ। गत १८ असारमा आयोगको बैठकले विधेयक गृह मन्त्रालयमार्फत संसद्मा पेस गर्ने निर्णय गरिसकेको छ।

विधेयकको दफा २०५ (१) मा 'कुनै मतदाताले कुनै पनि उम्मेदवारलाई निजको समर्थन नरहेको भनी दफा ९५ को उपदफा ४ को खण्ड (घ) बमोजिम मतदान गर्न चाहेमा आयोगले कुनै पनि उम्मेदवारलाई समर्थन नरहने गरी मतदातालाई तोकिएबमोजिम मतपत्रमा मतदानको व्यवस्था गर्न सक्ने' व्यवस्था छ। यसमा 'कुनै पनि उम्मेदवारलाई मतदान नगर्ने मतदाताले मतदान गर्ने निर्वाचन चिह्न'बारे व्यवस्था छ।

मतपत्रमा मतसंकेत गर्न छाप वा चिह्नसमेत समावेश गर्नुपर्ने उक्त दफामा छ। मतपत्र गणना गर्दा कुनै पनि उम्मेदवारलाई समर्थन नरहेको मतसंख्या मतदान भएको कुल सदर मतको ५० प्रतिशतभन्दा बढी भए त्यस्तो निर्वाचन नै रद्द हुने व्यवस्थाको प्रस्ताव पनि मस्यौदामा छ। त्यहाँ पुनः निर्वाचन कार्यक्रम गरी मतदान गराउनुपर्ने प्रस्ताव गरिएको छ।

आयोगले तयार पारेको नयाँ ऐनका मस्यौदामा समानुपातिक प्रणालीबाट दुईपटक निर्वाचित भइसकेपछि त्यसै प्रणालीमा फेरि उम्मेदवार हुन नपाइने प्रावधान राखिएको छ। प्रस्ताव गरेबमोजिमकै व्यवस्था पारित भएर ऐनमा आए अब कोही व्यक्ति दुईपटकभन्दा बढी समानुपातिक प्रणालीबाट निर्वाचित हुन पाउनेछैन।


निर्वाचन व्यवस्थापनलाई स्वच्छ, निष्पक्ष, सहज र

» पृष्ठ ११ मा क्रमशः

# झन्डै ७० करोड डलरको एमसिसी भोलिदेखि कार्यान्वयनमा

■ एमसिसीको अनुदानमा ३१५ किमि लामो विद्युत् प्रसारणलाइन र १२ मिटर चौडाइको ७७ किमि सडक मर्मत र विस्तार

रातमाटे, दमौली र बुटवलमा सबस्टेसन बन्ने, निर्माणाधीन प्रसारणलाइन लप्सीफेदी र हेटौंडामा रहेका सबस्टेसनमा पनि जोडिने




**मिलन विश्वकर्मा, पर्शुराम काफ्ले**

झन्डै ७० करोड अमेरिकी डलरको मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसिसी) परियोजना बुधबार (१३ भदौ)देखि औपचारिक रूपमा कार्यान्वयन (इन्ट्री इन्टु फोर्स)मा जाँदै छ। कार्यान्वयन सम्झौताका लागि एमसिसीको सम्झौता कार्य-सञ्चालन हेर्ने उपाध्यक्ष क्यामरुन एलफोर्ड आउँदै छन्। कार्यान्वयनमा प्रवेश गरेको पाँच वर्षभित्र परियोजना सक्नुपर्ने हुन्छ।

नेपाल सरकारअन्तर्गतको मिलिनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समिति (एमसिए नेपाल)ले परियोजनाको सम्पूर्ण व्यवस्थापन गर्नेछ। परियोजनाको कुल लागत एमसिसीको ५० करोड अमेरिकी डलर, नेपाल सरकारले सुरुमा तय गरेको १३ करोड अमेरिकी डलर र चालू आर्थिक वर्षमा थपिएको ६ करोड ७० लाख डलर गरी ६९ करोड ७० लाख अमेरिकी डलरको छ।

» पृष्ठ ११ मा क्रमशः

### ■ कहाँ-कहाँ बन्नेछन् सबस्टेसन ?

विद्युत् प्रसारणलाइनका लागि जम्मा ८५४ वटा टावर निर्माण हुनेछन्। विद्युत् प्रसारण आयोजनाअन्तर्गत तीनवटा नयाँ ४०० केभी क्षमताको इन्डोर ग्यास इन्सुलेटेड सबस्टेसन (जिआइएस) निर्माण गरिनेछन्। नुवाकोटको बेलकोटगढी नगरपालिकामा रातमाटे सबस्टेसन, तनहुँमा नयाँ दमौली सबस्टेसन र नवलपरासी पश्चिमको भूमहीमा नयाँ बुटवल सबस्टेसन निर्माण गरिनेछन्। निर्माणाधीन प्रसारणलाइन काठमाडौंको लप्सीफेदी र मकवानपुरको नयाँ हेटौंडास्थित नेपाल विद्युत् प्राधिकरणका विद्यमान सबस्टेसनहरूमा पनि जोडिनेछ।

एमसिए नेपालका अनुसार पाँचवटा खण्डमा टावर निर्माण कार्य हुनेछ। जसअनुसार बुटवलदेखि भारत सीमासम्म ५२, दमौलीदेखि बुटवलसम्म २४८, रातमाटेदेखि दमौलीसम्म २४९, हेटौंडादेखि रातमाटे १४२, लप्सीफेदीदेखि रातमाटेसम्म १६३ वटा टावर निर्माण हुनेछन्। जम्मा ३१५ किलोमिटर प्रसारणलाइन हुनेछ जसले भारतको गोरखपुरसम्म जोड्नेछ। नेपालमा १० जिल्लामा ३० पालिका जोड्नेछ।

## ■ तर, बाँकी नै छ जग्गा प्राप्ति र ठेक्का सम्झौता

**सुरु भएको पाँच वर्षभित्र परियोजना सम्पन्न नभए बाँकी कामको खर्च नेपाल सरकारले नै व्यहोर्नुपर्ने**

प्रसारणलाइनलाई चाहिने जग्गा प्राप्ति शून्य, कुनै पनि परियोजनाको ठेक्का सम्झौता भएन, सडक मर्मतसम्बन्धी परियोजनाको त ठेक्का आह्वान नै बाँकी

**काठमाडौं**/ एमसिसीअन्तर्गत बन्ने सबस्टेसन र सडकका लागि चाहिने जग्गा यसअघि नै नेपाल सरकारले प्राप्ति गरिसकेको छ। तर, यसअन्तर्गतको सबैभन्दा ठूलो परियोजना प्रसारणलाइनलाई चाहिने जग्गा भने कत्ति पनि प्राप्ति भएको छैन। प्रसारणलाइनलाई आवश्यक पर्ने जग्गा एमसिए नेपालले नै प्राप्ति गर्ने भन्ने छ।

■ पूर्वाधारविज्ञ किशोर थापा भन्छन्-



**जग्गा प्राप्ति नै नहुन पनि सक्छ**

प्रसारणलाइनअन्तर्गत लप्सीफेदी-रातमाटे-न्यु हेटौंडा (११७ किमि), रातमाटे-न्यु दमौली (९० किमि), न्यु दमौली-न्यु बुटवल (९० किमि) र न्यु बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारणलाइनको नेपाल खण्ड (१८ किमि) गरेर चार सय केभी डबल सर्किट क्षमताको तीन सय १५ किमि लामो चार प्रसारणलाइन बनाइँदै छ, जहाँ आठ सय ५६ टावर बन्नेछन्। त्यसमा प्रसारणलाइनको टावरका लागि एक सय चार हेक्टर जग्गा प्राप्ति गर्नुपर्नेछ। साथै, तीन सय १५ किमि लामो प्रसारणलाइनमुनि पर्ने १३ सय ४७ हेक्टर जग्गाका लागि क्षतिपूर्ति दिएर भोगाधिकारसम्बन्धी सम्झौता गर्नुपर्नेछ। त्यसका लागि काठमाडौं, मकवानपुर, धादिङ, चितवन, नुवाकोट, पाल्पा, तनहुँ, सिन्धुपाल्चोक, नवलपरासी र नवलपुर

» पृष्ठ ११ मा क्रमशः




निर्वाचनको नौ महिनापछि मिनी संसद्ले पायो पूर्णता

**संसदीय समितिका सभापतिहरूले के पाउँछन् सेवासुविधा ?**

(विस्तृत पृष्ठ ३)



को हुन् रिपब्लिकन पार्टीभित्र ट्रम्पका प्रमुख प्रतिस्पर्धीका रूपमा उदाइरहेका रामास्वामी ?

(विस्तृत पृष्ठ ७)

चालू पुँजी कर्जा मार्गदर्शन संशोधन

**निजी क्षेत्रलाई राहत, बैंकलाई कसिलो**

६ महिनासम्म निष्क्रिय कर्जाको वर्गीकरणमा परेको कर्जाको स्तरोन्नति नगर्न राष्ट्र बैंकको निर्देशन

(विस्तृत पृष्ठ ९)

# बागमतीमा डेंगु संक्रमित चार हजार नाघे

## १३ जिल्लामा २८ दिनमै झन्डै तीन हजारमा डेंगु संक्रमण

हेटौंडामा **पोष्टराज अधिकारी**

बागमती प्रदेशका १३ जिल्लामा २८ दिनमै झन्डै तीन हजारमा डेंगु संक्रमण पुष्टि भएको छ। बागमती प्रदेश स्वास्थ्य मन्त्रालयका अनुसार धादिङमा एक हजार सात सय ८७, काठमाडौंमा दुई सय ९८, मकवानपुरमा दुई सय ७४, ललितपुरमा एक सय ७९, चितवनमा एक सय ५१ र भक्तपुरमा ९३ जनामा डेंगु देखिएको छ। त्यस्तै, नुवाकोटमा ५५, काभ्रेमा २८, रामेछापमा १९, सिन्धुली १७, सिन्धुपाल्चोकमा ११, दोलखामा नौ र रसुवामा दुईजनामा डेंगुको संक्रमण पुष्टि भएको छ।


पानी पर्ने र धेरै समय घाम नलाग्ने भएकाले डेंगुको संक्रमण तीव्र रूपमा फैलिएको मन्त्रालयका सूचना अधिकारी डा. रविन भुसालले बताए। 'पानी पर्ने र धेरै समय घाम नलाग्नु डेंगुको वृद्धि विकासका लागि उपयुक्त वातावरण हो। यस्तो वातावरणमा डेंगुको लार्भा सजिलै बढ्ने हुन्छ। जसको कारणले पछिल्लो समय डेंगुको संक्रमण धेरै देखिएको हो,' उनले भने।

यसअघि साढे सात महिना (१७ पुसदेखि १५ साउन)मा यस क्षेत्रमा एक हजार एक सय ७५ जनामा मात्रै डेंगु संक्रमण पुष्टि भएको थियो।

बागमतीका १३ जिल्लामा जनवरीमा ५७, फेब्रुअरीमा ३०, मार्चमा २९, अप्रिलमा ५२, मेमा २७, जुनमा एक सय १८, जुलाईमा आठ सय ६२ र अगस्टको २८ दिनमा दुई हजार नौ सय २३ गरी चार हजार ९८ जनामा डेंगु संक्रमण भएको स्वास्थ्यको तथ्यांक छ।

साढे सात महिनामा सबैभन्दा धेरै धादिङमा दुई हजार ६ सय ४२ मा डेंगु संक्रमण भएको छ। त्यस्तै, काठमाडौंमा चार सय १०, मकवानपुरमा दुई सय ९०, ललितपुरमा दुई सय १६, चितवनमा एक सय ७९ र भक्तपुरमा एक ३७ जनामा डेंगुको संक्रमण भएको छ। यसैगरी प्रदेशको नुवाकोटमा ८३, रामेछापमा ४२, काभ्रेमा ३९, सिन्धुली २८, सिन्धुपाल्चोकमा १४ दोलखामा १२ र रसुवामा ६ जनामा डेंगुको संक्रमण पुष्टि भएको छ।

» पृष्ठ ११ मा क्रमशः



### एक महिनामै पाँचको मृत्यु

बागमतीमा डेंगु संक्रमणका कारण एक महिनामा पाँचजनाको मृत्यु भएको छ। ललितपुरमा दुई तथा धादिङ, मकवानपुर र सिन्धुपाल्चोकमा एक-एकजना गरी पाँचजनाको डेंगु संक्रमणबाट मृत्यु भएको भुसालले जनाए। उनका अनुसार ललितपुरमा ७१ वर्षका पुरुष र ३८ वर्षकी महिलाको डेंगु संक्रमणका कारण मृत्यु भएको छ। यस्तै, डेंगु संक्रमित भएर चितवनमा उपचारका क्रममा मकवानपुरका ४१ वर्षीय पुरुष र चितवनमै उपचारका क्रममा धादिङकी ७२ वर्षीया महिलाको मृत्यु भएको छ भने काभ्रेकी ३८ वर्षीया महिलाको पनि डेंगु संक्रमणका कारण मृत्यु भएको छ।

# पोखराको फिर्केखोला अतिक्रमण गरेर १४७ घर निर्माण

पोखरामा **रोहितराज पराजुली**

पोखरामा फिर्केखोला अतिक्रमण गरेर एक सय ४७ वटा घर निर्माण गरेको पाइएको छ।

महानगरका सर्वेक्षक वासुदेव पौडेलको नेतृत्वमा रहेको टोलीले ०३२ को नक्साअनुसार खोलाको नक्सांकन गर्दा एक सय २२ वटा व्यक्तिगत घर र २५ वटा सार्वजनिक भवन निर्माण गरेको पाइएको हो। व्यक्तिगत घरमध्ये ३५ वटा पक्की र ८७ वटा कच्ची रहेका छन्। पौडेलका अनुसार खोलाको मापदण्ड तय भएको छैन, तर नक्साका आधारमा चार मिटरदेखि ४० मिटरसम्मको क्षेत्रलाई खोला मानेर छुट्याइएको हो। फेवातालमा मिसिने नौ किलोमिटर लामो फिर्केखोला संरक्षणका लागि सीमांकन र रेखांकन गरिएको हो।

यसअघि फागुन ०७५ मा महानगरले इन्जिनियर महेन्द्र गोदारको नेतृत्वमा एक टोली गठन गरी खोलाको सीमांकन गरेको थियो। त्यतिखेर घरसँगै खोला किनारबाट दायाँ-बायाँ पाँच-पाँच मिटर मापदण्ड कायम गरिएको थियो। पाँच-पाँच मिटर मापदण्ड कायम गर्दा एक सय ९२ स्थानमा खोला मिचेर संरचना निर्माण गरिएको फेला परेको थियो।

०७५ मा भएको सीमांकनलाई बेवास्ता गर्दै महानगरले फेरि मापदण्ड यकिन नगरी खोलाघर छुट्याउने काम मात्र गरेको हो।

पोखरा महानगरका प्रवक्ता मोतीलाल तिमिल्सिनाले



फिर्केखोलाको नक्सांकन गर्दै पोखरा महानगरको प्राविधिक टोली

खोलाघर छुट्याउने काम भइसकेको र अब मापदण्ड कायम गरिने बताए। 'खोलाघर क्लियर गरेपछि अब मापदण्ड दायाँ-बायाँ पाँच-पाँच मिटर

» पृष्ठ ११ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# बन्चरेडाँडावासीले पाएनन् बालेनको साथ

## विगतका सहमति कार्यान्वयन नथाले १ असोजदेखि फोहोरमैला ढुवानी ठप्प पार्ने चेतावनी

**शान्ति तामाङ**/नयाँ पत्रिका

काठमाडौं महानगरपालिका र ल्यान्डफिल साइट बन्चरेडाँडा-सिसडोलका बासिन्दाबीच एक महिनाअघि फोहोर यथोचित रूपमा व्यवस्थापन गर्ने, बन्चरेडाँडा र सिसडोलको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) गर्न विज्ञसहितको टोली तुरुन्त पठाउनेलगायतका सहमति भएको थियो। सहमतिपछि बन्चरेडाँडा-सिसडोलवासीले काठमाडौं उपत्यकाको फोहोर ढुवानी सहज बनाएका थिए। तर, सहमति भएको एक महिनासम्म पनि कार्यान्वयनको चरणमा नगएपछि फेरि फोहोर ढुवानी रोक्ने चेतावनी दिएका छन्।

गत स्थानीय तहको निर्वाचनमा विजयी भएलगत्तै महानगरका मेयर बालेन्द्र साह (बालेन) ल्यान्डफिल साइट बन्चरेडाँडा पुगेर स्वच्छ वातावरणमा बाँच्न पाउने स्थानीयको अधिकार ग्यारेन्टीको आश्वासन दिएका थिए। १६ जेठ ०७९ मा शपथ लिएलगत्तै २० गते तै मेयर साह र उपमेयर सुनीता डंगोल फेरि बन्चरेडाँडा पुगेका थिए। त्यतिबेला पनि वैज्ञानिक तरिकाले फोहोर व्यवस्थापन गर्ने आश्वासन दिएका थिए। तर, उनीहरूको आश्वासनअनुसार काम नभएपछि स्थानीयवासी 'वार कि पार' गर्ने तयारीमा छन्। बन्चरेडाँडा ल्यान्डफिल साइट सरोकार समितिले सोमबार पत्रकार सम्मेलन आयोजना गर्दै विगतका सहमति कार्यान्वयनको चरणमा नगए १ असोजदेखि फोहोर ढुवानी ठप्प पार्ने चेतावनी दिएको हो।

समितिका संयोजक श्रीराम ढुंगानाका अनुसार मेयर बालेनले आश्वासन मात्रै दिने गरेको आरोप लगाए। फोहोरमैला व्यवस्थापनको विषयमा मेयर बालेनसँग पटक-पटक छलफल गर्न खोजे पनि समय नदिएको बताए। उनले ल्यान्डफिल साइटका बस्ती हटाएर अरू काम गर्न आग्रह गरे।

### ■ महानगरको दाबी- हामीले भन्दा पनि संघीय सरकारबाट गर्नुपर्ने काम बाँकी छन्

समितिको आरोपलाई भने महानगरले सामान्य रूपमा लिँदै आएको छ। महानगरले केही दिनमा उनीहरूसँग वार्ता, छलफल हुने र सहमति गर्ने जनाएको छ। 'बर्सातका कारण लिच्चड व्यवस्थापनमा केही समस्या भएको हो, फोहोर ट्र्यापिङ गर्न उनीहरूले माटो उठाउनै दिँदैनन्। त्यहाँको स्थानीय तहसँग भएको सहमतिअनुसार गर्नुपर्ने सबै काम भएका छन्। व्यक्तिगत रूपमा उठाएका समस्या त कसरी समाधान गर्न सक्छौं,' महानगरका प्रवक्ता नवीन मानन्धरले भने।

## व्यावसायिक भवनले सेवाग्राहीबाट पार्किङ शुल्क लिन नपाउने



**काठमाडौं**/ व्यावसायिक भवनहरूले सेवाग्राहीबाट पार्किङ शुल्क लिन नपाउने भएका छन्। काठमाडौं महानगरपालिकाभित्रका व्यावसायिक, बहुतले र आवासीय भवनहरूलाई सेवाग्राहीबाट पार्किङ शुल्क नलिन सोमबार उच्च अदालत पाटनले अन्तरिम आदेश दिएको हो। कम्प्लेक्स डेभलपर लिजर एसोसिएसनले महानगरको निःशुल्क पार्किङसम्बन्धी व्यवस्था कार्यान्वयन नगर्न-नगराउन माग गर्दै दिएको निवेदनमा अदालतले यस्तो आदेश दिएको हो।

महानगरपालिकाको आर्थिक ऐन ०८० को दफा १२ को उपदफा (४) लाई उद्धृत गर्दै आदेशमा भनिएको छ, 'बहुतले, आवासीय वा व्यावसायिक भवनहरूमा रहेको व्यवसाय र सेवा सम्बद्ध सेवाग्राहीले सेवा लिएको प्रमाणका आधारमा सवारीसाधन पार्किङबापतको शुल्क तिर्नुपर्नेछैन भन्ने प्रावधान रहेको देखिँदा सेवा सम्बद्ध सेवाग्राहीसँग सवारीसाधन पार्किङबापतको शुल्क लिन नपाइने भएकाले सो प्रावधानको अनिवार्य रूपमा कार्यान्वयन गर्नु-गराउनु निवेदक र विपक्षी काठमाडौं महानगरपालिकाको कर्तव्य हुन आउने देखिन आउँछ।' यो आदेशसँगै निःशुल्क पार्किङसम्बन्धी व्यवस्था कार्यान्वयन गर्न-गराउन एसोसिएसनले दायित्व पूरा गर्नुपर्ने भएको छ। यस्तै, महानगरपालिकालाई व्यवस्था कार्यान्वयनको अनुगमन गर्ने बाटो खुलेको छ।

महानगरको नगर सभाको १३औं अधिवेशनबाट पारित आर्थिक ऐन, ०८० मा पार्किङसम्बन्धी व्यवस्था छ। ऐन कार्यान्वयन गराउन महानगरपालिकाले ८ साउनमा सार्वजनिक सूचना प्रकाशन गरेको थियो। सूचनामा बहुतले आवासीय वा व्यावसायिक भवनहरूमा रहेका-भएका व्यवसाय र सेवाप्रदायकलाई सम्बद्ध सेवाग्राहीसँग सवारीसाधन पार्किङबापतको शुल्क संकलन नगर्न आग्रह गरिएको थियो। शुल्क लिन पाइने भनेर तोकिएका ठाउँमा पनि सवारीसाधनको प्रकृति र पार्किङ गरिएको समयका आधारमा तोकिएको शुल्क लिन सकिनेछ। यस्तै, आपत्कालीन सेवाका सवारीसाधन र महानगरपालिकाले तोकेको अन्य सवारीसाधनलाई निःशुल्क पार्किङको व्यवस्था हुनेछ।

## अखाद्य पेय पदार्थ बेच्ने कम्पनीलाई डेढ लाख जरिवाना

**काठमाडौं**/ काठमाडौं महानगरपालिकाले अखाद्य पेय पदार्थ बेच्ने कम्पनीलाई डेढ लाख रुपैयाँ जरिवाना तिराएको छ। आइतबार बजार अनुगमनका क्रममा दुसी परेको कोल्ड ड्रिंक्स (कोकाकोला) बेचेको भेट्टाएपछि पुतलीसडकस्थित कालिञ्चोक ट्रेडिङ नेपाललाई जरिवाना तिराएको हो।

महानगरको बजार अनुगमन समितिले सो कम्पनीलाई एक साताभित्र जरिवाना तिरी बैंक भौचरको प्रति पेस गर्न भनेको छ। तोकिएको अवधिमा जरिवाना नतिरे कानुनबमोजिम कारबाही गरिने महानगरका प्रवक्ता नवीन मानन्धरले बताए। उनका अनुसार बजार अनुगमनका क्रममा अखाद्य वस्तु बिक्री-वितरण गरेको भेटिनेमाथि महानगरले कारबाही गर्दै आइरहेको छ। यसअघि मिठाई पसल, खानेपानीका जार, खाद्यान्नलगायत वस्तु बिक्री-वितरण गर्ने पसलहरूलाई महानगरले जरिवाना तिराएको थियो। 'महानगरभित्र रहेका कुनै पनि पसलहरूले अखाद्य तथा म्याद सकिएको खानेकुरा बेच्न मनाही छ,' प्रवक्ता मानन्धरले भने, 'हामीले झुक्याएर बजार अनुगमन गरेर कारबाही गर्छौं।'

## ■ आकर्षक बागमती करिडोर



बागमती करिडोरमा पर्ने तिनकुने-शंखमूल क्षेत्रमा बनाइएका पार्क र फुटपाथ मनसुनका कारण थप हरियाली र आकर्षक देखिएका छन्।

तस्बिर : सतिश पोखरेल/नयाँ पत्रिका

सोमबार उपत्यकामा

**कुमारीपाटी** : ललितपुर मनपा-२०, कुमारीपाटी सुनाकोठी बस्ने ४० वर्षीय पुष्पराज पौडेलको एजुकेसनल कन्सल्टेन्सी नेटवर्क प्रालिमा विद्युत् सर्ट भई सोमबार बिहान आगलागी हुँदा फर्निचरसहित १४ थान कम्प्युटर जलेका छन्। आगलागीबाट करिब ४४ लाख ९० हजार रुपैयाँबराबरको धनमाल नष्ट भएको प्रहरीको प्रारम्भिक अनुमान छ।

**महालक्ष्मी** : महालक्ष्मी नपा-१, गणेशटोल डेरा गरी बस्ने महोत्तरी जलेश्वर नपा-५ की २२ वर्षीय ज्ञानेन्द्रकुमार शाहको कोठाबाट एक लाख ३६ हजार रुपैयाँ, अमेरिकी डलर चार सय र सुनका गरगहनासमेत गरी करिब चार लाख ७२ हजार रुपैयाँबराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न फरार व्यक्तिको खोजी गरिरहेको जनाएको छ।

**छाउनी** : बैंकिङ कसुरका फरार प्रतिवादी नुवाकोट पञ्चकन्या गापा-२ का तारकेश्वर नपा-१० बस्ते ३८ वर्षीय सन्तोष घलेलाई प्रहरीले पक्राउ गरेको छ। उनीविरुद्ध जिल्ला अदालत काठमाडौंले पक्राउ पुर्जी जारी गरेको थियो। त्यसयता फरार उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले सोमबार पक्राउ गरेको हो। घटनामा आवश्यक कारबाही तथा अनुसन्धानका लागि उनलाई प्रहरीवृत्त महाराजगन्ज पठाइएको छ।


**नबिल बैंक लिमिटेड, गल्छी शाखा, धादिङको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति : २०८०/०५/१२)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुलउपर गरिने छ। कथंमकदाचित सो धितोबाट असुलउपर हुन नसके वा आंशिक रकम मात्र असुलउपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। साथै, सवारी साधनको हकमा उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनु भएको छ, भने यथासिघ्र बैंकमा बुझाउनु होला। अन्यथा अनधिकृत रुपमा बैंकको सवारी प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने समेत जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुने छ, सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

१ **ऋणी फर्म तथा ऋणी फर्मको प्रोप्राइटरको नाम र ठेगानाको विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नीलकण्ठ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, धादिङबेसी, धादिङ, ३ नं. प्रदेश नेपालमा मितिः २०७७/०६/१३ मा व्यवसाय कर दर्ता नं. ४२ अन्तर्गत दर्ता भएको **श्री भारती पशुपन्छि फर्म।**

ठेगानाः धादिङ जिल्ला नीलकण्ठ न.पा. वडा नं. ०६, भुवानि खर्क, धादिङ।

**ऋणी फर्मको प्रोप्राइटरको नाम र ठेगानाको विवरण**

धन बहादुर भण्डारीकी छोरी, डिल्ली बहादुर भारतीकी बुहारी, राम बहादुर भारतीकी श्रीमती, धादिङ जिल्ला, सुनौलाबजार गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. २६३०२७/१४७ (जारी मितिः २०६३/१०/१९, स्थान धादिङ) भएकी **श्रीमती सीता भारती।**

**जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण :**

१. डिल्ली बहादुर भारतीको नाति, राम बहादुर भारतीको छोरा, धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०५ स्थायी घर भई हाल धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६, बस्ने, ना.प्र.नं. २६/०१/७२/०७२१३ (जारी मितिः २०७२/०८/२०, स्थान धादिङ) भएका **श्री अमिर भारती।**
२. रुद्र प्रसाद भारतीको नाति, डिल्ली बहादुर भारतीको छोरा, धादिङ जिल्ला, सुनौलाबजार गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६, बस्ने, ना.प्र.नं. २५४७८७ (जारी मितिः २०५१/०१/०४, स्थान धादिङ) भएका **श्री राम बहादुर भारती।**
३. डिल्ली बहादुर भारतीको नाति, राम बहादुर भारतीको छोरा, धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६, बस्ने, ना.प्र.नं. २६/०१/७६/०७६५० (जारी मितिः २०७८/०८/०६, स्थान धादिङ) भएका **श्री आसिस भारती।**

**संस्थागत जमानतकर्ताको नाम र ठेगानाको विवरण :**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, धादिङबेसी, धादिङ, ३ नं. प्रदेश नेपालमा मितिः २०७४/१२/१२ मा प्रा.फ.द.प्र.प.नं. ४७/०७४/०७५ अन्तर्गत दर्ता भएको **श्री भारती खाजा घर।**

ठेगानाः धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६, भवानी खर्क, धादिङ।

२ **ऋणी फर्म तथा ऋणी फर्मको प्रोप्राइटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, धादिङबेसी, धादिङ, ३ नं. प्रदेश नेपालमा मितिः २०७४/१२/१२ मा प्रा.फ.द.प्र.प.नं. ४७/०७४/०७५ अन्तर्गत दर्ता भएको **श्री भारती खाजा घर।**

ठेगानाः धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६, भवानी खर्क, धादिङ।

**ऋणी फर्मको प्रोप्राइटरको नाम र ठेगानाको विवरण :**

रुद्र प्रसाद भारतीको नाति, डिल्ली बहादुर भारतीको छोरा, धादिङ जिल्ला, सुनौलीबजार गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६, बस्ने, ना.प्र.नं. २५४७८७ (जारी मितिः २०५१/०१/०४, स्थान धादिङ) भएका **श्री राम बहादुर भारती।**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण :**

१. धन बहादुर भण्डारीकी छोरी, डिल्ली बहादुर भारतीकी बुहारी, राम बहादुर भारतीकी श्रीमती, धादिङ जिल्ला, सुनौलाबजार गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. २६३०२७/१४७ (जारी मितिः २०६३/१०/१९, स्थान धादिङ) भएकी **श्रीमती सीता भारती।**
२. डिल्ली बहादुर भारतीको नाति, राम बहादुर भारतीको छोरा, धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०५ स्थायी घर भई हाल धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६, बस्ने, ना.प्र.नं. २६/०१/७२/०७२१३ (जारी मितिः २०७२/०८/२०, स्थान धादिङ) भएका **श्री अमिर भारती।**
३. डिल्ली बहादुर भारतीको नाति, राम बहादुर भारतीको छोरा, धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६, बस्ने, ना.प्र.नं. २६/०१/७६/०७६५० (जारी मितिः २०७८/०८/०६, स्थान धादिङ) भएका **श्री आसिस भारती।**

**संस्थागत जमानतकर्ताको नाम र ठेगानाको विवरण :**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, धादिङबेसी, धादिङ, ३ नं. प्रदेश नेपालमा मितिः २०७४/१२/१२ मा प्रा.फ.द.प्र.प.नं. ४७/०७४/०७५ अन्तर्गत दर्ता भएको **श्री भारती खाजा घर।**

ठेगानाः धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६, भवानी खर्क, धादिङ।

३ **ऋणीको नाम र ठेगानाको विवरण**

रुद्र प्रसाद भारतीको नाति, डिल्ली बहादुर भारतीको छोरा, धादिङ जिल्ला, सुनौलीबजार गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६, बस्ने, ना.प्र.नं. २५४७८७ (जारी मितिः २०५१/०१/०४, स्थान धादिङ) भएका **श्री राम बहादुर भारती।**

**जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण :**

१. धन बहादुर भण्डारीकी छोरी, डिल्ली बहादुर भारतीकी बुहारी, राम बहादुर भारतीकी श्रीमती, धादिङ जिल्ला, सुनौलाबजार गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. २६३०२७/१४७ (जारी मितिः २०६३/१०/१९, स्थान धादिङ) भएकी **श्रीमती सीता भारती।**
२. डिल्ली बहादुर भारतीको नाति, राम बहादुर भारतीको छोरा, धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०५ स्थायी घर भई हाल धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६, बस्ने, ना.प्र.नं. २६/०१/७२/०७२१३ (जारी मितिः २०७२/०८/२०, स्थान धादिङ) भएका **श्री अमिर भारती।**
३. डिल्ली बहादुर भारतीको नाति, राम बहादुर भारतीको छोरा, धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६, बस्ने, ना.प्र.नं. २६/०१/७६/०७६५० (जारी मितिः २०७८/०८/०६, स्थान धादिङ) भएका **श्री आसिस भारती।**

**संस्थागत जमानतकर्ताको नाम र ठेगानाको विवरण :**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, धादिङबेसी, धादिङ, ३ नं. प्रदेश नेपालमा मितिः २०७४/१२/१२ मा प्रा.फ.द.प्र.प.नं. ४७/०७४/०७५ अन्तर्गत दर्ता भएको **श्री भारती खाजा घर।**

ठेगानाः धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६, भवानी खर्क, धादिङ।

**संयुक्त धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरण :**

१. धादिङ जिल्ला, सुनौलाबजार गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६ बस्ने, **श्री राम बहादुर भारती**को नाममा दर्ता भई, **श्री भारती पशुपन्छि फर्म, श्री भारती खाजा घर** र **श्री राम बहादुर भारती**को नाममा संयुक्त रुपमा यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धादिङ जिल्ला, सुनौलाबजार गा.वि.स. वडा नं. ४ सिट नं. ४घ मा अवस्थित कि.नं. ५१६ र ४६ क्षेत्रफल ०-५-०-० र ४-५-३-१ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।
२. धादिङ जिल्ला, सुनौलाबजार गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल धादिङ जिल्ला, नीलकण्ठ न.पा. वडा नं. ०६ बस्ने, **श्री राम बहादुर भारती**को नाममा दर्ता भई, **श्री भारती पशुपन्छि फर्म, श्री भारती खाजा घर** र **श्री राम बहादुर भारती**को नाममा संयुक्त रुपमा यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धादिङ जिल्ला, सुनौलाबजार गा.वि.स. वडा नं. ४ सिट नं. ४ङ मा अवस्थित कि.नं. ७६ क्षेत्रफल २-५-३-२ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१



**ठमेल वचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**ठमेल, भगवानबहाल, काठमाडौं, नेपाल**
**केन्द्रिय कार्यालय: ४५२४६१६, ४५१६७५०**
**भाटभटेनी सेवा केन्द्र: ४४२८४०५**
**को**
**२३ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना**

**सदस्य महानुभावहरु,**

यस संस्थाको मिति २०८०/५/७ गतेको संचालक समितिको ३२८ औं बैठकको निर्णय अनुसार संस्थाको २३ औं वार्षिक साधारण सभा निम्न लिखित विषयहरु उपर छलफल गर्न देहायको मिति, समय र स्थानमा बस्ने हुँदा सबै शेयरधनी सदस्य महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा बस्ने मिति, समय र स्थान:**

मिति : २०८० आश्विन १३ गते शनिवार
समय : विहान ९:०० बजे
स्थान : नयाँबजार मल्टी भेन्यू, धारा गल्ली, काठमाडौं। फो नं ४३६१३७२

**सभामा हुने छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची:**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत आ.व. ०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल तथा पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९ श्रावण १ देखि २०८० असार ३१ सम्मको वासलात, आय व्यय हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल तथा पारित गर्ने।
३. आ.व. ०८०/८१ को लक्ष्य तथा अनुमानित वार्षिक बजेट पारित गर्ने।
४. आ.व. ०८०/८१ को लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने। (श्री सि.एल.के एण्ड एसोसिएट्सका सि.ए. श्री दिनेश महतो पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ।)
५. कोषको अनुमोदन गर्ने र सो बाट लाभांस वितरण स्वीकृत गर्ने।
६. लेखा समितिले पेश गरेको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
७. संस्थाको कार्यक्षेत्र विस्तार गर्ने।
८. साधारण सभाको निर्णय पुस्तिकामा दस्तखत गर्न शेयर सदस्यज्यूहरुको तर्फबाट १० जना नियुक्ति गर्ने।
९. विविध।

**संचालक समितिको आज्ञाले**
रोस प्रधान
संचालक सदस्य सचिव

(पुनश्चः साधारण सभामा उपस्थित हुँदा संस्थाको शेयर प्रमाण पत्र वा परिचय पत्र र हालसम्म KYM फर्म नभरेका शेयर सदस्यहरुले नागरिकताको फोटोकपी १, फोटो १ प्रति साथमा लिएर उपस्थित हुन अनुरोध छ। विस्तृत जानकारी संस्थाको सूचना पाटीमा टांस गरिएको छ।)



**कुमारी बैंक लिमिटेड शाखा कार्यालय जितपुर, बाराको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रकाशित मिति २०८०/०५/१२ नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय जितपुर, बारावाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण वापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहा जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा विक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८० भदौ २७ गते बुधबार**का दिन शाखा कार्यालय जितपुर, बारामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

**तपसिल**

**ऋणीहरुको विवरण:**

१. पुर्ण कुमार श्रेष्ठ/सुन माया श्रेष्ठको नाति, छत्रलाल श्रेष्ठ/श्रीमति टुक माया श्रेष्ठको छोरा, पार्वती श्रेष्ठको पति बारा जिल्ला, पिपरा सिमरा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल जि.सि उ.म.न.पा. वडा नं. ०२ बस्ने **ज्ञान बहादुर श्रेष्ठ** (ना.प्र.नं. १५६४४, जारी मिति २०६१/११/९, जिल्ला प्रशासन कार्यालय बारा)।
२. मनिराज श्रेष्ठको नातिनी, बृजलाल श्रेष्ठ/ विजय लक्ष्मी श्रेष्ठको छोरी, छत्रलाल श्रेष्ठ/श्रीमति टुक माया श्रेष्ठको बुहारी, ज्ञान बहादुर श्रेष्ठको पत्नी, बारा जिल्ला, पिपरा सिमरा गा.वि.स. वडा नं. ०३ स्थायी ठेगाना भई हाल जि.सि उ.म.न.पा. वडा नं. २ बस्ने **पार्वती श्रेष्ठ** (ना.प्र.न. २०२६७, जारी मिति २०६३/१/२४, जिल्ला प्रशासन कार्यालय बारा।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**

१. धन नारायण श्रेष्ठको नातिनी, मान बहादुर श्रेष्ठ/छतमाया श्रेष्ठको छोरी, पुर्ण कुमार श्रेष्ठ/सुन माया श्रेष्ठको बुहारी, छत्रलाल श्रेष्ठको पत्नी, बारा जिल्ला, जि.सि उ.म.न.पा. वडा नं. २, बस्ने **श्रीमति टुक माया श्रेष्ठ** (ना.प्र.न. १४/९, जारी मिति २०४६/०२/१४, जिल्ला प्रशासन कार्यालय बारा)।
२. पुर्ण कुमार श्रेष्ठ/सुन माया श्रेष्ठको नाति, छत्रलाल श्रेष्ठ/श्रीमति टुक माया श्रेष्ठको छोरा, अनुपा अधिकारीको पति, बारा जिल्ला, गढिमाई न.पा. वडा नं. २ स्थायी ठेगाना भई हाल जि.सि उ.म.न.पा. वडा नं. २, बस्ने **राम कृष्ण श्रेष्ठ** (ना.प्र.नं. ३३२१०१/४२०९६, जारी मिति २०७१/०८/०९, जिल्ला प्रशासन कार्यालय बारा)।
३. हरि भक्त अधिकारीको नातिनी, कृष्ण भक्त अधिकारी/सोभा अधिकारीको छोरी, छत्रलाल श्रेष्ठ/श्रीमति टुक माया श्रेष्ठको बुहारी, राम कृष्ण श्रेष्ठको पत्नी, लमजुङ जिल्ला, चन्द्रेश्वर न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल जि.सि उ.म.न.पा. वडा नं. २ बस्ने **अनुपा अधिकारी** (ना.प्र.न ०४८४७६, जारी मिति २०६६/१०/०६, जिल्ला प्रशासन कार्यालय लमजुङ।
४. लक्ष्मी दास श्रेष्ठको नाति, पुर्ण कुमार श्रेष्ठ/सुन माया श्रेष्ठको छोरा, श्रीमति टुक माया श्रेष्ठको पति, बारा जिल्ला, कोल्बी गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल जि.सि उ.म.न.पा. वडा नं. २ बस्ने **छत्रलाल श्रेष्ठ** (ना.प्र.न. ३२२/४९९८०५५६, जारी मिति २०३५/२/१२, जिल्ला प्रशासन कार्यालय बारा।

**लिलाम हुने सम्पत्तिको विवरण:**

१. **श्रीमति टुक माया श्रेष्ठ**को नाममा मालपोत कार्यालय, बारामा दर्ता कायम रहेको बारा जिल्ला, पिपरा सिमरा गा.वि.स. वडा नं. २ स्थित कित्ता नं ४४२, १६९३ र १६९१ को क्षेत्रफल क्रमशः जम्मा ०-०-१०, ०-०-६ र ०-०-०-१२ (विगाहा) घर जग्गा तथा भविष्यमा उक्त जग्गामा कुनै थप निर्माण कार्यहरु भए सो सम्पूर्ण निर

■ निर्वाचनको नौ महिनापछि मिनी संसद्‌ले पायो पूर्णता

# संसदीय समितिका सभापतिहरूले के पाउँछन् सेवासुविधा ?

**रास्वपाले उम्मेदवारी फिर्ता लिएपछि १० वटै समितिमा सर्वसम्मत नेतृत्व चयन, ज्येष्ठ सदस्यको भरमा चलिरहेका समितिले कार्यसम्पादनमा गति लिने र कानुन निर्माणमा सहयोग पुग्ने अपेक्षा**

**कमलराज भट्ट**/नयाँ पत्रिका

निर्वाचन भएको नौ महिनापछि प्रतिनिधिसभाका विषयगत समितिले सभापति पाएका छन्। ४ मंसिरको चुनावबाट आएको नयाँ प्रतिनिधिसभाका समिति १५ वैशाखमा गठन भएका थिए।

गठन भएको चार महिनामा १० वटै समितिले सोमबार सर्वसम्मत सभापति चयन गरेका हुन्। ज्येष्ठ सदस्यको अध्यक्षतामा सोमबार दिउँसो ३ बजे बसेको समितिको बैठकमा सभापति निर्वाचित भएको घोषणा गरिएको छ।

प्रतिनिधिसभाका सचिव पदमप्रसाद पाण्डेयका अनुसार अर्थ समितिमा सन्तोष चालिसे, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा राजकिशोर यादव निर्विरोध निर्वाचित भएका छन्।

उद्योग, वाणिज्य तथा श्रम उपभोक्ता हित समितिमा पनि सर्वसम्मत सभापति निर्वाचित गरिएको छ। रास्वपाका गणेश पराजुलीले उम्मेदवारी फिर्ता लिएपछि जनमत पार्टीका अब्दुल खान निर्विरोध निर्वाचित भएका हुन्। खान मधेसी र मुस्लिम समुदायको प्रतिनिधित्व भएकाले समर्थन गरेको पराजुलीले बताए।

यसैगरी कानुन, न्याय तथा मानव अधिकार समितिमा विमला सुवेदी, कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिमा आरजु राणा देउवा, महिला तथा सामाजिक समितिमा किरणकुमार साह, राज्य व्यवस्था तथा सुशासन समितिमा रामहरि खतिवडा निर्विरोध निर्वाचित भएका छन्। पूर्वाधार विकास समितिमा दीपकबहादुर सिंह, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा भानुभक्त जोशी, सार्वजनिक लेखा समितिमा ऋषिकेश पोखरेल निर्विरोध निर्वाचित भएका हुन्।

नवनिर्वाचित सभापतिहरूलाई सोमबार अपराह्न सभामुख देवराज घिमिरेले पद तथा गोपनीयताको शपथग्रहण गराएका छन्। शपथग्रहणपछि नवनिर्वाचित सभापतिहरूले जनउत्तरदायी भएर काम गर्ने प्रतिबद्धता जनाएका छन्। उद्योग समितिका सभापति खानले आफ्नो कार्यसम्पादनमा सक्दो खरो उत्रिने बताए। विषय क्षेत्रभित्र पर्ने समस्याको जरो पत्ता लगाउन प्रयत्न गर्ने, नीतिहरू बनाउन सहजीकरण गर्ने, सरकारलाई खबरदारी गर्ने तथा जनताप्रति उत्तरदायी बनाउने काममा खरो उत्रिने उनको प्रतिबद्धता छ।

पूर्वाधार समितिका सभापति सिंहले विकास निर्माणका काममा सहजीकरण गर्ने तथा सरकारलाई उत्तरदायी बनाउन प्रयत्न गर्ने बताए।

कानुन समिति सभापति सुवेदीले संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयक यथाशीघ्र पारित गराउन पहल गर्ने बताइन्। 'यो विधेयक छिटोभन्दा छिटो पास गर्न पहल गर्छौं। मलाई विश्वास छ, सबै सदस्यहरूको साथ-सहयोगबाट यो पास हुन्छ,' उनले भनिन्। समितिले दिएका निर्देशनहरूलाई सरकारबाट कार्यान्वयन गराउन आफ्नोतर्फबाट सक्दो प्रयत्न गर्ने उनको भनाइ थियो।



राज्य व्यवस्था समितिका सभापति खतिवडाले सामूहिक निर्णय प्रक्रियामा गएर निष्पक्ष रूपमा जिम्मेवारी निर्वाह गर्ने बताए। खतिवडाले सुन तस्करीलगायत सबै विषयमा समितिमा छलफल गर्ने योजना सुनाए। 'यो समिति पक्ष, विपक्ष नगरीकन सबैको पक्ष बनाएर हामी यसलाई अहिलेको समसामयिक विषयमा सबैसँग सल्लाह गरेर निर्णय गर्ने परम्पराको विकास गर्छौं। मेरो होइन, हाम्रो भन्ने परम्पराको विकास गरेर अगाडि बढ्छ। यो समितिमा बहुमत, अल्पमतबाट निर्णय गर्नेभन्दा पनि सबैको सल्लाहबाट नै निर्णय गर्ने पक्षमा छौं।'

कृषि समिति सभापति राणाले सबै सदस्यसँग मिलेर क्षेत्राधिकारभित्र पर्ने सबै विषयमा काम गर्न सहजीकरण गर्ने बताइन्। 'मेरो भूमिका भनेको कोर्डिनेटरजस्तै हो। यहाँहरूले देखाउनुभएको सुझाव र मार्गदर्शनमै कामकाज अगाडि बढाउने मेरो योजना छ,' उनले भनिन्। संविधान र जनताको भावनाअनुसार सरकारलाई नीतिगत निर्देशन दिने, कामकारबाहीमा सुधार ल्याउन पहल गरिने उनको भनाइ छ।

अर्थ समिति सभापति चालिसेले मुलुकको आर्थिक अवस्था कमजोर रहेको भन्दै अधिकार क्षेत्रभित्र रहेर काम गर्ने प्रतिबद्धता जनाए। 'अर्थ समितिअन्तर्गतका निकायलाई कसरी चलायमान बनाउने, ब्याजदरको विषय, मौद्रिक नीति, योजना आयोगको नयाँ पञ्चवर्षीय योजनाबारे छलफल गरेर चुस्त-दुरुस्त बनाउन भूमिका खेल्छौं। लागू हुने गरी निर्णय गर्छौं। जनताले महसुस गर्ने गरी राष्ट्रिय अर्थ नीति निर्माणमा भूमिका रहन्छ,' उनले भने।

लेखा समितिका सभापति पोखरेलले आर्थिक अनुशासन कायम गराउन भूमिका खेल्ने बताए। सामूहिकतामा समितिलाई अगाडि बढाउने र एकताबद्ध भएर अघि बढ्ने उनको भनाइ छ। 'आर्थिक अराजकता अन्त्य गर्न, सरकारी खर्चको मितव्ययितालगायत कुरालाई कानुनसम्मत बनाउन सरकारलाई सहयोग गर्ने, सुझाव दिने, विषयलाई सार्वजनिक गर्ने गर्छौं। मूलतः महालेखा प्रतिवेदनले औंल्याएको बेरुजु अध्ययन गर्छौं,' उनले भने। पारदर्शितामा जोड दिएर जनतालाई साँचो कुरा दिन समिति निष्पक्ष ढंगले लाग्ने उनको भनाइ छ।

अन्तर्राष्ट्रिय समितिका सभापति राजकिशोर यादवले नेपालको भूराजनीतिक संवेदनशीलतालाई ख्याल गरेर स्वतन्त्र परराष्ट्र नीति सञ्चालनमा जोड दिने बताए। 'अहिले विश्व राजनीतिमा आएको परिवर्तनलाई कसरी नेपाल र नेपाली जनताको पक्षमा उपभोग गर्दा फाइदा लिन सकिन्छ भन्ने कोणबाट छलफल गर्छौं। हाम्रो समितिमा रहेका पूर्वप्रधानमन्त्रीहरू, पूर्वपरराष्ट्रमन्त्रीहरू, बाहिरका परराष्ट्र विज्ञहरूसँग सहजीकरण गरी अघि बढ्छौं,' उनले भने, 'नेपालको परराष्ट्र नीति स्वतन्त्र र प्रभावकारी नभएको सुन्दै आएको विषय हो, यसलाई संविधानको अधीन, राष्ट्रसंघको बडापत्र, असंलग्न परराष्ट्र नीतिको दायराभित्र रहेर बढीभन्दा बढी प्रभावकारी कसरी बनाउन सकिन्छ, त्यसमा केन्द्रित रहेर काम गर्छौं।'

शिक्षा समितिका सभापति जोशीले सबै सदस्य र सरोकारवालासँग समन्वय गरेर आगामी अल्पकालीन र वार्षिक कार्ययोजना बनाउने तथा क्यालेन्डर बनाएर जाने बताए। संघीय शिक्षा ऐन, स्वास्थ्य, सूचना प्रविधि, युवा तथा खेलकुदलगायत समितिको कार्यक्षेत्रसँग सम्बन्धित ऐनहरू व्यवस्थापनका लागि जोड दिइने उनको भनाइ छ। समितिलाई बढीभन्दा बढी जनमुखी बनाउन प्रयत्न गरिने जोशीले सुनाए। सभापति पाएसँगै ज्येष्ठ सदस्यको भरमा चलिरहेका समितिले कार्यसम्पादनमा गति लिने संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले बताए।

संसद्‌मा संसदीय सुनुवाइ र राज्यका निर्देशक सिद्धान्त नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति संयुक्त समिति हुन्।

**यस्तो छ सभापतिहरूको सेवा सुविधा**

| | |
|---|---|
| पारिश्रमिक | - ६९ हजार ३० |
| विशेष भत्ता | - एक हजार |
| बैठक भत्ता | - एक हजार |
| घरभाडा | - २५ हजार ६०८ |
| सञ्चार सुविधा | - तीन हजार |
| फर्निचर खर्च | - १५ हजार (एकमुस्ट) |
| निजी सचिवालय बन्दोबस्त | - एक हजार ७५० |
| गार्डघर | - एक हजार ७५० |
| सवारी इन्धन | - २०० लिटर |
| मोबिल | - ५ लिटर (त्रैमासिक) |
| बिजुली धारा | - दुई हजार |
| दैनिक भ्रमण भत्ता | - २५ सय |
| अतिथि सत्कार | - एक हजार ७०० (प्रतिमहिना) |
| यात्रा बिमा | - १० लाख |
| स्वकीयसचिव | - राप द्वितीय एकजना, कम्प्युटर अपरेटर एकजना, सवारीचालक दुईजना, कार्यालय सहयोगी एकजना, प्रिन्टरसहितको कम्प्युटर एउटा, साइकल एउटा |
| अंगरक्षक | - असइ एकजना, हेड प्रहरी कन्स्टेबल एकजना, प्रहरी जवान चारजना |

## एक वर्षदेखि ज्याला नपाएको भन्दै मजदुरले गरे विद्यालयमा तालाबन्दी



दार्चुलामा **नरेन्द्र सिंह कार्की**

काम गरेको ज्याला नपाएको भन्दै नौगाड गाउँपालिका- २ तल्ला सुण्डमुण्डका मजदुरले विद्यालयमा तालाबन्दी गरेका छन्। एक वर्षअघि नै काम सम्पन्न भए पनि ज्याला भुक्तानी नभएको भन्दै उनीहरूले डाडाबाग आधारभूत विद्यालयमा अनिश्चितकालीन तालाबन्दी गरेका हुन्।

सुदूरपश्चिम प्रदेश सरकारको समपुरक बजेट तथा थप गाउँपालिकाले व्यहोर्ने गरी ५ पुस ०७८ मा विद्यालय भवन निर्माणका लागि सम्झौता भएको थियो। प्रदेश सरकारले दुईकोठे विद्यालय भवन बनाउने तथा थप एक कोठाको खर्च गाउँपालिकाले व्यहोर्ने गरी भवन निर्माण गरिएको थियो। भवन निर्माण २४ असार ०७९ मै सम्पन्न भइसकेको छ। प्रदेश सरकारको २५ लाख तथा जनश्रमदानसहित कुल ३३ लाख ७३ हजार रुपैयाँमा भवन निर्माण गर्नुपर्ने उल्लेख थियो। स्थानीय सरकारमा नयाँ नेतृत्व आएसँगै बजेट भुक्तानी भएको थिएन। गाउँपालिकाले तिर्नुपर्ने ६-७ लाख रुपैयाँ भुक्तानी नभएपछि बाध्य भएर ताला लगाउनु परेको स्थानीय वीरसिंह ठगुन्नाले बताए। 'हामीले काम गरेको एक वर्षभन्दा बढी भइसक्यो,' उनले भने 'अहिलेसम्म रोकिएकै थियौं।' तर, अझै पनि भुक्तानी हुने छाँटकाँट नदेखेपछि बाध्य भएर तालाबन्दी गर्नुपरेको हो। स्थानीय सरकारले चासो दिएर अनुगमन गरि भुक्तानी नदिए विद्यालयमा सधैं ताला गर्ने उनको भनाइ छ।

मिस्त्री धनसिंह धामीले काम गरेको एक रुपैयाँ पनि नपाएको बताउँछन्। केही मजदुरले थोरैथोरै भए पनि प्रदेशको बजेटबाट भुक्तानी लिए आफूले अहिलेसम्म नपाएको उनको भनाइ छ। 'कहिलेसम्म भुक्तानी देऊ भनेर भनिराख्ने ? निर्माण समितिले दिने हो कि पालिकाले हामीले काम गरेको ज्याला पाउनुपर्छ भनेका छौं,' उनले भने।

निर्माण समितिले मजदुरको मात्रै दुई लाखभन्दा बढी भुक्तानी गर्न बाँकी रहेको समितिका सचिव काशीसिंह ठगुन्ना बताउँछन्। पालिकाले भुक्तानी नगर्दा समस्या भएको उनको भनाइ छ। वडा नम्बर- २ का अध्यक्ष नरेन्द्रसिंह ठगुन्ना गत वर्ष गाउँपालिकाले अनुगमन गरेर बजेट भुक्तानी दिएको भए विवाद नआउने बताउँछन्। आफूले निरन्तर दबाब दिएपछि कार्यपालिका बैठकले विद्यालयको अनुगमन मूल्यांकन गरी बजेट भुक्तानी गर्ने निर्णय भएको उनले जानकारी दिए।

गाउँपालिका अध्यक्ष दलजितसिंह धामीले विद्यालय भवनको साथै घेरा पर्खाल लगाउनसमेत आग्रह गरेका थिए। तर, उपभोक्ताले पुरानो रकम भुक्तानी नभएको भन्दै पर्खाल लगाएका छैनन्। पालिकाले विद्यालयमा अनुगमन गराए भुक्तानी प्रक्रिया खाता खुलेपछि गर्ने तयारी गरेको अध्यक्ष धामीको भनाइ छ।

## पत्थरीको शल्यक्रिया गरेका बिरामीको मृत्युपछि तनाव

**धनगढी**/ धनगढीमा रहेको स्वस्तिक कार्डियो एन्ड मल्टिस्पेसियालिटी अस्पतालमा उपचाररत कञ्चनपुरको बेलौरी नगरपालिका-१० शिवनगरका ऐजनलाल चौधरीको मृत्यु भएपछि स्थिति तनावग्रस्त बनेको छ।

मिर्गौलामा रहेका पत्थरीको शल्यक्रिया गर्दा चिकित्सकको लापरबाहीका कारण चौधरीको मृत्यु भएको भन्दै आफन्तले सोमबार दिनभर अस्पतालअगाडि प्रदर्शन गरे। उचित क्षतिपूर्ति र उपचारमा संलग्न चिकित्सकलाई कारबाहीको माग गर्दै आफन्तजनले अस्पतालअगाडि धनगढी-अत्तरिया सडक बन्द गरेर दिनभर प्रदर्शन गरेका थिए। आफन्त आन्दोलनमा उत्रिएपछि अस्पतालका सेवा दिनभर बन्द रह्यो। मृतकका आफन्त र अस्पताल प्रशासनबीच क्षतिपूर्तिलगायत विषयमा साँझ सहमति भएपछि आफन्तको शव उठाउन तयार भएका छन्।

किरिया खर्चबापत तत्काल सात लाख दिने, मृतकका छोराको अध्ययन शुल्क अस्पतालले व्यहोर्ने, उपचारमा संलग्न चिकित्सकलाई कारबाहीको पहल गर्नेलगायत सहमति भएपछि शव उठाउन तयार भएको मृतकका भाइ विष्णुप्रसादले बताए। मृतकका दुई छोरीको विवाह खर्च पनि अस्पतालले व्यहोर्ने सहमति भएको बताइएको छ।

■ ललितानिवास जग्गा प्रकरण

## शिवजी भट्टराई र रुद्रकुमार श्रेष्ठको इन्कारी बयान

नयाँ पत्रिका

बहुचर्चित ललितानिवास जग्गा हिनामिना प्रकरणका प्रतिवादी शिवजी भट्टराई र रुद्रकुमार श्रेष्ठले इन्कारी बयान दिएका छन्। काठमाडौं जिल्ला अदालतका न्यायाधीश भोलानाथ ढकालको इजलासमा सोमबार भएको बयानमा उनीहरूले ललितानिवासको जग्गा हिनामिनामा आफ्नो संलग्नता नभएको बयान दिएका हुन्।

माथिको निर्देशनअनुसार नै कागजातमा हस्ताक्षर गरिएको उनीहरूको दाबी छ। 'मन्त्रिपरिषद्, तालुकवाला मन्त्रालयबाट निर्णय हुँदै कागजात हामीकहाँ आइपुग्यो। सोही आधारमा कागजातमा हस्ताक्षर गरिएको हो। हामीबाट जग्गा हिनामिना भएको छैन, गरिएको छैन। निर्देशनअनुसार नै काम गरिएकाले हाम्रो कुनै दोष छैन,' उनीहरूले भनेका छन्।

भट्टराईविरुद्ध सरकारी वकिल कार्यालयले ४२ करोड तीन लाख ६८ हजार ६ सय ३० रुपैयाँ बिगो दाबी गर्दै अदालतमा मुद्दा पेस गरेको थियो। सरकारी कागजात किर्ते गरिएको भन्दै उनीविरुद्ध कार्यालयले तीन वर्ष कैद सजायको पनि माग गरेको छ। ललितानिवास क्याम्पभित्रको जग्गा नक्कली मोही खडा गरी वितरण गर्दा उनी काठमाडौं महानगरपालिका- ४ का वडासचिव थिए। जग्गाको मुचुल्का गर्दा मोठ श्रेस्ता अध्ययन नगरेको, जग्गाको स्रोत यकिन नगरेको र अभिलेखमा नभिडाएको हुँदा उनलाई कार्यालयले कसुरदार मानेको छ।

त्यस्तै, श्रेष्ठविरुद्ध कार्यालयले ३० करोड ४१ लाख ४४ हजार ६ सय १६ रुपैयाँ बिगो दाबी गरेको छ। कार्यालयले उनीविरुद्ध पनि तीन वर्षकै कैद सजाय माग दाबी गरेको छ। जग्गा हिनामिना गरिँदा उनी भूमिसुधार तथा व्यवस्थापन विभागका तत्कालीन महानिर्देशक थिए। सरकारी वकिल कार्यालयले उनीविरुद्ध समरजंग कम्पनीको नामको जग्गाधनी दर्ता श्रेस्ता खारेज गरी व्यक्तिविशेषको नाममा जग्गाधनी दर्ता श्रेस्ता बनाउन मालपोत कार्यालय डिल्लीबजारलाई सहमति दिएको अभियोग लगाइएको छ।

वकिल कार्यालयले पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदार, पूर्वमन्त्री चन्द्रदेव जोशी, पूर्वराज्यमन्त्री सञ्जय साह, पूर्वमन्त्री डम्बर श्रेष्ठ, नेपाल सरकारका पूर्वसचिवहरू छविराज पन्त, दीप बस्न्यात, दिनेशहरि अधिकारी, रवीन्द्रमान जोशी, नारायणगोपाल मलेगोसहित दुई सय ३९ लाई प्रतिवादी बनाएर आइतबार अदालतमा मुद्दा दर्ता गरेको थियो। उनीहरूविरुद्ध १८ अर्ब ३५ करोड ९५ लाख रुपैयाँ रकम बिगो दाबी गरिएको छ। उक्त रकम ललितानिवास क्याम्पभित्रको करिब एक सय ३२ रोपनी जग्गाको मूल्यबराबरको हो। मुद्दामा मुख्य प्रतिवादी रामकुमार सुवेदी, शोभाकान्त ढकाल, भटभटेनी सुपरमार्केटमा मालिक मीनबहादुर गुरुङ र मालपोत कार्यालयका पूर्वअधिकृत हुपेन्द्रमणि केसीलाई मुख्य प्रतिवादी बनाइएको छ।

## भारतीय हवाई सेनाका उपप्रमुख नेतृत्वको सैनिक टोली काठमाडौंमा

**काठमाडौं**/ भारतको नेसनल डिफेन्स कलेजका वरिष्ठ निर्देशक रहेका भारतीय हवाई सेनाका उपप्रमुख मनीषकुमार गुप्ता नेतृत्वको प्रतिनिधिमण्डलले सोमबार प्रधानसेनापति प्रभुराम शर्मासँग जंगी अड्डामा शिष्टाचार भेट गरेको छ। प्रधानसेनापतिको कार्यकक्षमा भएको भेटमा द्विपक्षीय हित तथा आपसी चासोबारे छलफल भएको जंगी अड्डाले जनाएको छ।

भेटवार्तामा भारतीय नेसनल डिफेन्स कलेजमा भएको अध्ययनलगायतका विषयमा छलफल भएको छ। कलेजमा सञ्चालन भइरहेको ६३औं नेसनल डिफेन्स कोर्समा सहभागी जर्मनी, बंगलादेश, श्रीलंका, साउदी अरेबिया, बेलायत, ओमान र भारतका सैनिक अधिकृतसहित २७ सदस्यीय प्रतिनिधिमण्डल नेपाल आएको हो। भ्रमण टोली आइतबार काठमाडौं आइपुगेको हो। उनीहरूलाई सेनाका अधिकारीहरूले सेनाको विभिन्न पक्षबारे जानकारी दिएका थिए। उनीहरूले पोखरा, लुम्बिनी र जनकपुरको भ्रमण गर्ने कार्यक्रम छ। सैनिक टोलीले त्यहाँका धार्मिक, सांस्कृतिक तथा पर्यटकीयस्थलको भ्रमण गर्ने कार्यक्रम पनि रहेको छ। विभिन्न मित्रराष्ट्रमा सञ्चालित उच्चस्तरको सुरक्षा एवं प्रतिरक्षा तालिममा सहभागी शिक्षार्थीले विभिन्न मुलुकको भ्रमण गर्ने प्रचलन छ।

## गर्भवती र सुत्केरीले पोषण पुगे-नपुगेको अब मोबाइलबाटै थाहा पाउने

नयाँ पत्रिका

गर्भवती तथा सुत्केरी महिलाले खानपानलगायत अत्यावश्यक स्वास्थ्य जानकारी अब मोबाइलबाटै पाउने भएका छन्। स्वास्थ्य मन्त्रालयले सुत्केरी तथा गर्भवती महिला, दुई वर्षमुनिका बालबालिका र वृद्धवृद्धाको स्याहार, खानपान स्वास्थ्य अवस्थाबारे जानकारी दिने उद्देश्यले मोबाइल एप निर्माण गरेको छ।

मोबाइलमा 'मेरो पोषण साथी' एप डाउनलोड गरेर यसबारे थप जानकारी लिन सकिनेछ। एपभित्र सुत्केरी तथा गर्भवती महिलाले ध्यान दिनुपर्ने कुरा, खानपान, बच्चाको स्याहार, वृद्धवृद्धाको हेरचाह, खानपानलगायत विषयमा जानकारीमूलक सामग्री राखिएको छ। हाल अधिकांश मानिस इन्टरनेटको पहुँचमा भएकाले मोबाइलबाटै सूचना हेर्न सजिलो हुने गरी एप निर्माण गरिएको मन्त्रालयले जनाएको छ। एपले मुख्यतः पहिलोपटक आमा बन्दै गरेका महिलालाई पोषण अवस्थाबारे जानकारी दिनेछ।

'यस्तो मोबाइल एपले गर्भवती, सुत्केरी, वृद्धवृद्धालगायतलाई कसरी स्याहार गर्ने, कस्तो खानेकुरा खानेलगायतका जानकारी दिनेछ,' स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतले भने, 'शरीरलाई चाहिने पोषण तत्त्वबारे पनि यसले सूचना दिनेछ।' मन्त्रालयको परिवार कल्याण महाशाखाले एप सञ्चालनमा ल्याएको हो।



■ **मोहनबहादुर बस्नेत,** स्वास्थ्यमन्त्री

**मोबाइल एपले गर्भवती, सुत्केरी, वृद्धवृद्धालगायतलाई कसरी स्याहार गर्ने, कस्तो खानेकुरा खानेलगायतका जानकारी दिनेछ। शरीरलाई चाहिने पोषण तत्त्वबारे पनि यसले सूचना दिनेछ।**

### ■ यसरी प्रयोग गर्न सकिन्छ एप

सर्वप्रथम प्ले स्टोर वा गुगलमा 'मेरो पोषण साथी' सर्च गरेर एप मोबाइलमा डाउनलोड गर्नुपर्नेछ। यसबाहेक स्वास्थ्य मन्त्रालयको साइटमा दिइएको एपको लिंक खोलेर पनि एप डाउनलोड गर्न सकिनेछ। डाउनलोड गरेपछि एपले मागेअनुसारको विवरण भरेर दर्ता गर्नुपर्नेछ। वा विवरण दर्ता नै नगरी पनि त्यहाँ दिइएको अप्सन्स रोजेर जानकारी लिन सकिनेछ। एपबाट पोषण जानकारी, बच्चाको तौल र खानपान पुगे-नपुगेको जानकारीलगायत भिडियो, सेवा केन्द्रको जानकारीलगायतका सेवा लिन लिन सकिनेछ।

■ प्रहरीकै ३६ रोपनी जग्गामा किर्ते

## प्रहरी तालिम प्रतिष्ठानद्वारा सिआइबीमा जाहेरी

नयाँ पत्रिका

किर्ते कागजपत्रका आधारमा प्रहरीकै जग्गा व्यक्तिको नाममा लैजाने प्रयास भएको भन्दै केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) मा प्रहरीले नै जाहेरी दिएको छ। प्रहरी राष्ट्रिय प्रशिक्षण प्रतिष्ठानले केही दिनअघि सिआइबीमा जाहेरी दिएको हो।

काभ्रेको पनौतीमा निर्माणाधीन राष्ट्रिय प्रशिक्षण प्रतिष्ठानको जग्गा हिनामिनाको प्रयास भएको हो। वन क्षेत्रमा पर्ने सो जग्गा नेपाल सरकारले भोगचलनका लागि ०५२ मै प्रहरीलाई दिएकोमा एक स्थानीयले आफ्नो दाबी गर्दै नक्कली कागजपत्र तयार पारी हत्याउने प्रयास गरिरहेको भन्दै प्रतिष्ठानले जाहेरी दिएको हो। आन्तरिक छानबिनमा किर्ते कागजपत्र पेस भएको पुष्टि भएपछि किर्ते मुद्दामा जाहेरी दिइएको प्रतिष्ठानका एक अधिकारीले बताए।

काभ्रेको पनौतीका स्थानीय पुष्करबहादुर बस्नेतले ३६ रोपनी दुई पैसा क्षेत्रफलको सो जग्गा हत्याउन मालपोत र नापी कार्यालयकै कागजपत्र किर्ते गरेको प्रहरी दाबी छ। उनले आफ्नो नाममा दर्ताको माग गरी हाल सर्वोच्चमा समेत मुद्दा हालेका छन्। बस्नेत मालपोतकै पूर्वनायबसुब्बा हुन्।

सिआइबीका प्रवक्ता एसपी नवराज अधिकारीका अनुसार किर्तेसम्बन्धी जाहेरी आएको दर्ता भइरहेको छ। जाहेरी दर्ता गरी विस्तृत अनुसन्धान अघि बढाइएको उनले बताए।

१५ साउन ०५२ मा मन्त्रिपरिषद्‌को निर्णयले सो जग्गा प्रहरीलाई भोगचलन गर्न दिने निर्णय गरेको थियो। वन क्षेत्रको जग्गा प्रहरीको नाममा नामसारी गर्न नमिल्ने भएकाले भोगचलनको अधिकार मात्र दिइएको थियो। पनौती नगरपालिका- ६ मा पर्ने सो जग्गा कित्ता नम्बर ७५ अन्तर्गत पर्छ। नेपाल सरकारको निर्णयअनुसार ०५२ देखि नै प्रहरीले भोगचलन गर्दै आएको छ। सोही जग्गासमेत समेटेर गत वर्षदेखि भारतीय अनुदान सहयोगमा १० अर्ब रुपैयाँको लागतमा आधुनिक प्रहरी एकेडेमी निर्माण गर्न लागिएको छ।

जग्गा दाबी गर्ने बस्नेत मालपोत कार्यालयकै पूर्वकर्मचारी भएकाले उनले सरकारी कागजपत्र किर्ते गरी सच्याएको प्रहरी अधिकारीको दाबी छ। नापी हुँदाको बखत सो जग्गा वन क्षेत्रमा पर्ने उल्लेख थियो। नापी फर्म नम्बर १ क्षेत्रीय किताबमा पटक-पटक सच्याइएको छ। जग्गाको लगतसमेत केरमेट भएको छ। तत्कालीन फरेस्टर बेचन चौधरीको समेत हस्ताक्षर किर्ते भएको प्रहरी छानबिनमा खुलेको छ। सरकारले सो जग्गा प्रहरीलाई दिएकोमा सरकारी कागजपत्र भोगहकसमेत मालपोतबाट मेटाइएको थियो।



घुमाउरो तरिकाले सो जग्गा व्यक्तिको नाममा लैजाने प्रयास भएको देखिन्छ। बस्नेतले भाउजू कान्छी बस्नेतलाई जिल्ला अदालत काभ्रेमा अंश मुद्दा हाल्न लगाएका थिए। उक्त जग्गासमेत दाबी गरी मुद्दा हाल्न लगाएकोमा जिल्ला अदालत काभ्रेले तिरो तिरेको जग्गा दर्ता भएको वेला उनलाई दिन आदेश दिएको थियो। सो आदेशअनुसार नजिकैको १२ रोपनी जग्गा उनको नाममा दर्ता भइसकेको छ। अदालतको सोही निस्सा देखाएर थप ३६ रोपनी जग्गा दाबी गर्दै उनी ०७४ मा मालपोत गए। तर, वनको जग्गा प्रस्ट देखिएको र कागजपत्रमा केरमेट देखेपछि मालपोतका कर्मचारीले दर्ता गर्न नमानेपछि उनले हाल सर्वोच्च अदालतमा मुद्दा हालेका छन्।

सो जग्गा आफ्नो भएको दाबी गर्न उनले त्यसको तिरो तिरेको प्रमाण पेस गरेका छन्। तर, मालपोत कार्यालयका अनुसार सो तिरो अर्को १२ रोपनीसँगैको जग्गाको हो। नापी कार्यालयको फिल्डबुकमा सो जग्गा खर चाहार भन्ने उल्लेख छ। खर चाहार भन्नाले जंगल भएको जग्गा जनिन्छ। सो जग्गा ०५२ सालदेखि नै प्रहरीले मालपोतमा रोक्का राख्दै आएको छ। प्रहरीकै जग्गा किर्ते गरी हत्याउने प्रयास भएपछि कानुनी कारबाहीमै जाने निर्णयमा पुगिएको प्रतिष्ठानले जनाएको छ।

# यतीसहितका काण्डबारे छानबिन गर्न ओलीको चुनौती



**काठमाडौं**/ एमाले अध्यक्ष केपी शर्मा ओलीले यती होल्डिङ्स, गिरीबन्धु टी स्टेट र ओम्नीसहितका सबै काण्ड छानबिन गर्न सरकारलाई चुनौति दिएका छन् । काठमाडौंमा सोमबार आयोजित जनप्रतिनिधिसँगको अन्तर्क्रियालाई सम्बोधन गर्दै ओलीले त्यस्तो चुनौती दिएका हुन् । छानबिन अगाडि बढाए ललितानिवास र सुन प्रकरणमा जस्तै आफूनै नेताहरू मुछिने त्रासका कारण सरकारले ती प्रकरणको छानबिनमा खुट्टा कमाइरहेको उनको भनाइ छ ।

'पहिले पनि यती होल्डिङ्स भने । गरन त छानबिन भनेर अहिलेसम्म भनेको भन्यै छौं । के यती होल्डिङ्स... यती होल्डिङस् भनेर कराइरहेको ? कति कराइरहेका छौ ? गर त छानबिन, वाइडबडी छानबिन गर जाऊ आफैं जेलमा । वाइडबडी छानबिन गर जेल जाऊ,' ओलीले भने, 'अस्तिसम्म ललितानिवास भन्दै थिए, अहिले भागाभाग छ । कोही यताको ढोकाबाट कोही उताको ढोकाबाट । हामीलाई ललितानिवास भनेर कराइरहेका थिए । अहिले त एउटा यताबाट गुटुटु कुद्छ, अर्को उताबाट कुद्छ ।'

कमिसन खाएर विनाकानुन गिरीबन्धुलाई जग्गा प्रयोग गर्न दिएका कारण सत्तापक्षकै नेताहरू छानबिनपछि जेल जाने उनको दाबी छ । 'अहिले चियाबगानको विषय निस्किएको छ गर न छानबिन । विनाकानुन ५३ सालमा १९ बिघा जमिन कमिसन खाएर बेच्न दिएको थियो, त्यसको छानबिन गर । ६० सालमा ५१ बिघा जमिन विनाकानुन बेच्न दिएको थियो कमिसन खाएर, छानबिन गर जेल जाऊ', ओलीले भने, 'हामी भन्छौं हामीले कानुन बनाइदिएका हौं । अब उपरान्त यसरी गैरकानुनी ढंगले कमिसन खाएर होइन, कानुनसम्मत ढंगले गर्नु भनेर नियम बनाइदियौं, उनीहरूले जसरी विनाकानुन कमिसन खाएर जमिन बेच्न दिएको छैन ।'

उनले एमाले कमिसनका पछाडि नभएर उद्देश्यका लागि हिँडेको पार्टी भएको बताए । उनले सुन तस्करीतिर ध्यान नजाओस् भनेर सत्तापक्षले केपी ओलीले सुन भनेर पित्तल चढाएको हौवा फैलाएको, तर प्रमाणित गर्न नसकेको पनि स्मरण गरे ।

# कांग्रेसले खोल्यो अन्तर्घातका उजुरी

## वर्षौंदेखि थन्किएका उजुरीमाथि 'फास्ट ट्र्याक' कारबाही

**केशवप्रसाद पाण्डे/नयाँ पत्रिका**



कांग्रेसले निर्वाचनमा अन्तर्घात तथा पार्टी अनुशासन उल्लंघन गरेकामाथिका उजुरी छानबिन थालेको छ । अनुशासन समितिले पूर्णता पाएसँगै कार्यविधि बनाई उजुरी खोलेको हो ।

समिति सचिव प्रेम केसीका अनुसार समितिले आइतबार कार्यविधि पारित गरेको थियो । सोमबारबाट छानबिनलाई तीव्रता दिएको हो । केसीका अनुसार समितिमा जिम्मेवारी सरेर आएका उजुरी र नयाँ उजुरी गरी २३ सय उजुरी छन् । यसरी आएका उजुरीमा संस्थागत रूपमा कारबाही सिफारिस भएर आएका र केही व्यक्तिगत उजुरी छन् । यस्ता उजुरीमा तीनै तहको निर्वाचन, महाधिवेशन र अन्य कारण अनुशासनको कारबाहीमा परेकाहरू छन् । साधारण सदस्यदेखि केन्द्रीय सदस्यविरुद्ध सम्मका उजुरी छन् ।

कार्यविधिमा दुवै प्रकृतिबाट आएका उजुरीको छानबिनको प्रक्रिया, निर्णयको मापदण्ड र पुनरावेदनको प्रक्रिया समान रहने व्यवस्था छ । 'विधानतः समितिले पूर्णता पाएसँगै उजुरीमाथि कारबाही अघि बढेको छ । आइतबार कार्यविधि पारित भयो । सोमबारबटै उजुरी खोल्न थालिएको छ । मंगलबार पनि बैठक निरन्तर चल्छ । फास्ट ट्र्याकबाट उजुरी छानबिन गरी फर्स्योट गरिनेछ ।,' उनले नयाँ पत्रिकासँग भने, 'कारबाही सिफारिस भएर आएका र व्यक्तिगत रूपमा डाइरेक्ट समितिमा परेका उजुरीमाथि छानबिनको प्रक्रिया, निर्णय र पुनरावेदनमा प्रक्रिया एकैसाथ हुनेछ ।'

कारबाहीलाई प्रभावकारी बनाउन आवश्यकता र औचित्य हेरी केन्द्रीय प्रतिनिधिलाई अख्तियारी दिनेसम्मका प्रावधान राखिएका छन् । कार्यविधिमा अर्धवार्षिक समीक्षा गरी फास्ट ट्र्याकबाट कारबाही हुने उल्लेख छ । 'उजुरीमाथि म्यादभित्र छानबिन हुन नसके उपयुक्त पहल गर्न सकिनेछ,' कार्यविधिमा भनिएको छ, 'उजुरीको अर्धवार्षिक समीक्षा गरी यथाशक्य छिटो फर्स्योट गरिनेछ ।'

यसअघि संयोजकमा केन्द्रीय सदस्य आनन्द ढुंगाना तोकिएका थिए, तर पाँच सदस्यीय समितिले पूर्णता नपाउँदा परेका उजुरीमाथि छानबिन हुन सकेको थिएन । २९ साउन ०७९ मा समिति संयोजकको जिम्मेवारी ढुंगानालाई दिइएको थियो । गत ५ भदौ मात्र समितिमा केन्द्रीय सदस्यहरू ईश्वरी न्यौपाने, ध्रुव वाग्ले, सञ्जयकुमार गौतम र राजीव कोइरालालाई सदस्य तोकिएको हो । कारबाहीको टुंगो लगाउन बहुमतका आधारमा निर्णय लिनुपर्ने व्यवस्थाका कारण समितिमा आएका उजुरीको कारबाही प्रक्रिया रोकिएको थियो । समितिले पूर्णता पाएसँगै छानबिनलाई तीव्रता दिएको समितिको भनाइ छ । समितिले पूर्णता नपाउँदा उपनिर्वाचनमा चितवन, बारा र तनहुँको कारबाही फिर्ताको निर्णयमाथि केन्द्रीय समिति बैठकमा प्रश्न उठेको थियो ।

## भ्रष्टाचारी जोगाउने मिलीभगतविरुद्ध अभियान थालौं : महामन्त्री थापा

कांग्रेस महामन्त्री गगन थापाले भ्रष्टाचारीलाई कारबाहीको दायरामा ल्याउन एकजुट हुनुपर्ने बताएका छन् । सामाजिक सञ्जालमार्फत उनले भ्रष्टाचारको नेक्सस र भ्रष्टाचारी जोगाउन भइरहेका मिलीभगत तोड्नेहरू एकजुट हुनुपर्ने बताएका हुन् ।



उनले चर्चित भ्रष्टाचार प्रकरणमा अख्तियारको दुरुपयोग गरेर कसरी शासनसत्ता, शक्ति र पहुँच, नाता र सम्बन्धका आधारमा 'भ्रष्टाचारको नेक्सस' बनिरहेको स्पष्ट भएको जिकिर गरेका छन् । 'फेरि अर्को काण्डको विवरण सार्वजनिक भएको छ । ललितानिवास प्रकरण, नक्कली भुटानी शरणार्थी प्रकरण, सुनकाण्डपछि टीकापुर जग्गा घोटालालगायतमा अख्तियार दुरुपयोग गरेको छर्लंगै भएको छ । यस्ता काण्डमा सार्वजनिक रूपमा ठूलाहरूले चर्को बोल्ने, एकअर्कालाई तर्साउने, तर बिस्तारै बन्द कोठामा बसेर सामसुम पार्ने अनि अनुकूलतामा 'सत्ता बार्गेनिङको टुल' बनाउने सम्भावना एकदमै देखिन्छ,' महामन्त्री थापाले भनेका छन् । भ्रष्टाचार मौलाउनुमा ठूला नेताहरू जिम्मेवार रहेको उनको दाबी छ । यसमा उनले दल र नागरिकस्तरबाट दबाबको आवश्यकता औंल्याएका छन् । 'यस्ता मुद्दा समाधानका लागि आवश्यक कानुन निर्माणका लागि संसद्मा रहेका भ्रष्ट्राचारसम्बन्धी विधेयक पारित गर्न सबै दलको भूमिका आवश्यक रहेको बताएका छन् । उनले अख्तियारलगायतको संस्थामा हुने नियुक्तिदेखि क्षेत्राधिकारसम्म, क्षमतादेखि संरचनासम्म बलियो बनाउन र नीतिगत भ्रष्टाचारलाई परिभाषित गर्ने छुट्टै कानुन बनाउनुपर्ने जिकिर गरेका छन् । यस अभियानमा निर्दोष नपर्ने र दोषी जोकोहीलाई पनि कारबाहीको दायरामा ल्याइनुपर्ने बताएका छन् । 'भ्रष्टाचारीको सन्दर्भमा 'न नेता, न नाता' केही नहेरियोस् । त्यसैगरी, कुनै व्यक्ति नेता वा नाता भएकै कारण पूर्वाग्रहको विषय पनि नबनोस् । यी सबै कुरामा मेरो पहलकदमी रहनेछ, जुनसुकै पार्टीमा, जहाँ भए पनि भ्रष्टाचारको जालो तोड्न सँगै लागौं,' महामन्त्री थापाको सबैसँग आग्रह छ ।


## रिलायन्स फाइनान्स लि. को कर्जा चुक्ता गर्ने तथा धितोमा रहेका अचल सम्पत्तिको लिलाम बिक्रिका लागि ७ दिने शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मितिः २०८०/०५/१२)

यस वित्तीय संस्थाबाट कर्जा कारोवार गर्ने तपशिल बमोजिमको विवरणका ऋणीले यस वित्तीय संस्थासंगका शर्त कबुलियत लिखत बमोजिम कर्जा नतीरी नबुझाई बक्यौता राख्नु भएकोले पटक पटक लिखित, मौखिक तर ताकेता एवं सार्वजनिक पत्रिकामा सुचना प्रकाशित गर्दा समेत कर्जा हिसाब फरफारक नगरेकोले यो सुचना प्रकाशित गरीएको छ । यो सुचना प्रकाशित गरेको मितिले ७ दिन भित्र कर्जा हिसाब फरफारक गर्न गराउन ऋणी, धितो दिने र व्यक्तिगत धन जमानी दिने समेतलाई यसै सुचनाद्वारा सुचित गरिन्छ । उक्त म्याद भित्र पनी कर्जा हिसाब राफसाफ नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३ ले दिएको अधिकार तथा ऋणी संगका कानुनी लिखतका आधारमा सो कर्जा वापत राखेको धितो जायजेथा लिलाम बिकी गरि लेना असुल उपर गरीने र सो बाट नपुग भएमा ऋणी र धितो जमानी दिनेको अन्य जायजेथा समेतबाट असुल उपर गर्न आवश्यक कानूनी कार्यवाही अगाडी बढाइने व्यहोरा समेत सुचित गरिन्छ । साथै ऋणी व्यक्तीगत धन जमानीकर्ता तथा धितो जमानत दिनेलाई समेत कर्जा सुचना केन्द्रको कालो सुचिमा राख्नका लागी लेखि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ । ऋणीले सो म्यादमा कर्जा हिसाब राफसाफ नगरेमा लेखाई दिएको तपशिल बमोजिमको जायजेथा ८औं दिनमा लिलाम बिकी गरिने हुनाले यो सुचना प्रकाशित भएको ७ दिन भित्र तपशिलका शर्तका अधिनमा आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी पेश गर्न हुन समेत सर्वसाधारणमा आव्हान गर्दछौं । सो जेथा लिलाम बिकी नभएमा वित्तीय संस्था आफैले सकार गरि लिन सक्नेछ ।

**तपसिल**

| ऋणीको विवरण | धितोको विवरण | व्यक्तिगत धन जमानी दिनेको विवरण |
|---|---|---|
| १. नामः ईरो कन्सट्रक्सन प्रा.लि.<br>ठेगानाः का.म.न.पा.-१०,काठमाण्डौ<br>कर्जा शिर्षक हायर पर्चेज कर्जा | १. यस संस्थाको नाममा धनी कायम भई ऋणी ईरो कन्स्ट्रक्सन प्रा.लि. कायम भएको प्रदेश ३-०२-०१३ प ६९९६ नं.को Ducati Monster 797 Plus मोडेलको मोटरसाईकल १ थान<br>२. शेखर बैद्यको नाममा दर्ता रहेको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं-१०, स्थित कित्ता नं. ५२२ को क्षेत्रफल ०-४-२-० मा बनेको घर जग्गा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | शेखर बैद्य<br>ठेगानाः का.म.न.पा-१०, काठमाण्डौ<br>बुवाः इन्द्र नारायण बैद्य<br>बाजेः लक्ष्मी नारायण बैद्य<br><br>लक्ष्मी श्रेष्ठ<br>ठेगानाः मनकामना-०२, संखुवासभा<br>बुवाः राम सुन्दर श्रेष्ठ<br>बाजेः लाल बहादुर श्रेष्ठ |
| २. नामः बाल कृष्ण श्रेष्ठ<br>ठेगानाः दोलालघाट-०१, काभ्रे<br>बुवाः दानबहादुर श्रेष्ठ<br>बाजेः जितबहादुर श्रेष्ठ<br>कर्जा शिर्षकः हायर पर्चेज कर्जा तथा व्यक्तिगत कर्जा | १. बाल कृष्ण श्रेष्ठको नाममा दर्ता रहेको काभ्रेपलान्चोक जिल्ला दोलालघाट-१ को कित्ता नं. ११४ को क्षेत्रफल १-१-२-० को जग्गा र कित्ता नं. ७ को क्षेत्रफल ०-६-०-० मा बनेको घर जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।<br>२. यस संस्थाको नाममा धनी कायम भई ऋणी बाल कृष्ण श्रेष्ठको नाममा भएको बा ४ ख २००२ को टाटा मिनी बस जम्मा १ थान | सूर्यकुमारी श्रेष्ठ<br>ठेगानाः दोलालघाट-०१,काभ्रे<br>ससुराः दानबहादुर श्रेष्ठ<br>श्रीमान्: बाल कृष्ण श्रेष्ठ<br><br>राधाकृष्ण श्रेष्ठ<br>ठेगानाः दोलालघाट-०१,काभ्रे<br>बुवाः बाल कृष्ण श्रेष्ठ<br>बाजेः दानबहादुर श्रेष्ठ |
| ३. नामः श्री ईरो फार्मस प्रा.लि.<br>ठेगानाः चाँगुनारायण-०३, भक्तपुर<br>कर्जा शिर्षकः व्यापारिक कृषि कर्जा र चालु पूँजी कर्जा | शेखर बैद्यको नाममा दर्ता रहेको काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं-१०, स्थित कित्ता नं. ५२२ को क्षेत्रफल ०-४-२-० मा बनेको घर जग्गा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत । | शेखर बैद्य<br>ठेगानाः का.म.न.पा-१०,काठमाण्डौ<br>बुवाः इन्द्र नारायण बैद्य<br>बाजेः लक्ष्मी नारायण बैद्य<br><br>सुजना श्रेष्ठ बैद्य<br>ठेगानाः का.म.न.पा-१०,काठमाण्डौ<br>ससुराः इन्द्र नारायण बैद्य<br>श्रीमान्: शेखर बैद्य<br><br>निरोज के.सी<br>ठेगानाः का.म.न.पा-०४, काठमाण्डौ<br>बुवाः मनोज के.सी<br>बाजेः राम बहादुर के.सी |

**शिलबन्दी बोलपत्र सम्बन्धि शर्तहरुः** १. शिलबन्दी बोलपत्र आह्वान सुचना प्रकाशित भएको मितिले ८ औं दिनमा सरकारी प्रतिनिधिको रोहवरमा अपरान्ह २ बजे संस्थाको केन्द्रिय कार्यालय कमलादी, काठमाण्डौमा हुनेछ, सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट हुनेछ । २. खरिद गरि लिन चाहेको उल्लेखित सम्पत्ति के कति रकममा खरिद गरि लिन चाहेको हो, सो रकम अङ्क तथा अक्षरमा स्पष्ट हुनुपर्ने छ । आफुले कबोल गरेको रकमको घटिमा १० प्रतिशत रकम धरौटी स्वरुप संस्थाको नामको प्रभु बैंक लि कोटेश्वर शाखाको चल्ती खाता नं. ०१७००१७८१२४०००२६ मा जम्मा गरि सो को सक्कल भौचर बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्ने छ । ३. बोलपत्रवालाको नागरिकताको प्रतिलिपी बोलपत्र साथ समावेश हुनुपर्ने छ । ४. बोलपत्र खोलिने दिन बोलपत्र दाता स्वयं वा निजको आधिकारिक प्रतिनिधि तोकिएको समय भित्र नै उपस्थित हुन यसै सुचनाद्वारा जानकारी गराइन्छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा नपर्ने र सो खोलिएको बोलपत्र उपर पछि कुनै किसीमको दावी तथा उजुरी लाग्ने छैन । बोलपत्र रित नपुगी आएका तथा शर्त राखी दिएको बोलपत्र उपर कुने कारवाहि गरिने छैन । ५. बोलपत्रमा कबुल अंकमा सो जेथा बिकी गर्ने नगर्ने अधिकार यस वित्तीय संस्थालाई हुनेछ । ६. कबुल अंकमा सो जेथा बिकी गर्ने निर्णय भएमा धरौटी रकम बाहेक बांकी रकम संस्थाले तोकेको समयमा संस्थामा दाखिला गरि जेथा दाखेल खारेज गरि लान सकिनेछ । ७. बोलपत्र अस्वीकृत भएमा धरौटी फिर्ता गरिनेछ । बोलपत्र स्वीकृत भै सुचना गरीएमा सुचना गरेको मितिमा रकम दाखिला गरि जेथा दा.खा. गरि नलिएमा धरौटी जफत गरिनेछ । ८. सो जेथा दा.खा. गर्दा लाग्ने राजश्व र अन्य खर्च बोलपत्रवालाले व्यहोर्नु पर्नेछ । ९. विस्तृत जानकारीका लागि वित्तीय संस्थामा सम्पर्क राख्न सकिनेछ ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड

**Head Office:** Reliance Bhawan, Kamaladi, Kathmandu
Tel: +977-1-5361104, 5323117, 5361041, 5361167
Email: info@reliancenepal.com.np
Web: www.reliancenepal.com.np

वित्तीय सेवाको अर्को परिभाषा



## झरना बचत तथा ऋण सहकारी संस्था लि.

सातदोबाटो, ललितपुर । फोन नं. ०१-५५३८९४७

## गैह बैकिङ्ग/सहकारी सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८०।०५।१२

यस सहकारीको नाममा भूमिसुधार तथा मालपोत कार्यालय चाबहिल काठमाडौंमा एकलौटी दर्ता प्रमाणित भएको काठमाडौं जिल्ला मुलपानी वडा नं.२ ( ग) कित्ता नं. ३२६ को क्षेत्रफल ०-३-०-० जग्गा ऋणी पुष्पलाल बराल समेतको लिलामी दा. खा. बाट संस्थाको नाममा कायम हुन आएको जग्गा लिलाम बढाबढबाट बिकि गर्न भनी मिति २०८०।०४।०८ गते प्रथम पटक पत्रिकामा सूचना प्रकाशन गरिएकोमा कोही कसैको निवेदन नपरेकोले यो दोस्रो पटक सूचना प्रकाशन गरिएको छ । अतः उक्त जग्गा हाल जे जस्तो अबस्थामा छ सोही अबस्थामा बढाबढ मूल्यमा बिक्री गरिने हुनाले उक्त जग्गा खरिद गर्न ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संघ/संस्थाहरुले यो सूचना प्रकाशन भएको मितिले २२ औं दिनमा कार्यालय बन्द हुने समयभन्दा १ घण्टा अगाडीसम्म सहकारीको कार्यालयमा आईपुग्ने गरी के-कति दर रेटमा उक्त जग्गा लिन कबुल गरेको हो, सो कुरा खुलाई शर्त बन्देजहरुको अधिनमा रही सो सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन ईच्छुक सबैलाई आव्हान गरिन्छ । उक्त अबधिभित्र पर्न आएका बोलपत्रहरु स्थानीय निकायका प्रतिनिधी, नेपाल सरकारका प्रतिनिधी, बोलपत्रवाला वा बोलपत्रवालाको आधिकारिक प्रतिनिधीहरुको रोहवरमा सहकारीको कार्यालयमा मिति २०८०।०६।०२ कार्यालय बन्द हुने समयभन्दा १ घण्टा अगाडी खोलिने छ । बोलपत्र फारम संस्थाबाट रु १०००/- (अक्षरेपी एक हजार रुपैया) तिरी खरिद गर्न सकिनेछ । अन्य सर्तहरु बोलपत्र फारममा समाबेश गरिएको छ ।



NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११९७७/७८/८८, फ्याक्सः +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सनः २०८/२२२/२२५)
फ्याक्सः +९७७-०१-४२६७०६७५

## धितोमा रहेको सवारी साधन लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋण कर्जा बैंकसँगाको सम्झौताको शर्त बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगर्नु भएको र मिति २०८०/४/०५ को राष्ट्रियस्तरको दैनिक पत्रिका "नागरिक" मा ऋण चुक्ता गर्नको लागि ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋण कर्जाको बाँकी साँवा ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिर्नु नबुझाउनु भएको हुँदा ऋणीले बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण बापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नको लागि यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सवारी साधन गोप्य शिलबन्दी बोलपत्र मार्फत् खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगातै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको कर्जा असुली विभाग, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सवारी साधन लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुल उपर गर्नुपर्ने सम्पुर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पतिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो सुरक्षण तथा जमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लि.मा कालोसूचीको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा अवगत गराईन्छ । साथै उक्त सवारी साधन बैंकको नाममा दर्ता रहेको र सो सवारी साधनको स्वामित्व बैंकमा रहेकोले कसैले अनधिकृत रुपमा प्रयोग गरिरहनु भएको छ भने यथासिघ्र बैंकमा बुझाउनु होला । अन्यथा अनधिकृत रुपमा बैंकको सवारी साधन प्रयोग गर्नु भए उपर प्रचलित कानून बमोजिम कारवाही गर्न बैंक बाध्य हुने व्यहोरा समेत जानकारी गराउँदछौं ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण | धितोको विवरण |
|---|---|---|
| १) | **रमेश यादव**<br>स्थायी ठेगाना : बर्दिया जिल्ला, गुलरीया गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : बर्दिया जिल्ला, गुलरीया न.पा. वडा नं. ५<br>बाबु : भगौती अहिर<br>बाजे : राम प्रसाद अहिर | सवारी मोडल: Ford Ranger 3.2 L Diesel XL<br>ईन्जिन नं. : P5AT2440200<br>च्यासिस नं. : MNBLMFF50HW724088<br>दर्ता नं. : बा १८ च ९५६३ |
| | **जमानीकर्ताहरुको विवरण** | |
| | **१) अमन यादव**<br>स्थायी ठेगाना : बर्दिया जिल्ला, गुलरीया गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : बर्दिया जिल्ला, गुलरीया न.पा. वडा नं. ५<br>बाबु : भगौती अहिर<br>बाजे : राम प्रसाद अहिर | **२) संगीता अहिर**<br>स्थायी ठेगाना : बर्दिया जिल्ला, गुलरीया गा.वि.स. वडा नं. ५<br>हालको ठेगाना : बर्दिया जिल्ला, गुलरीया न.पा. वडा नं. ५<br>बाबु : छेदिराम यादव<br>ससुरा : राम प्रसाद अहिर<br>पति : भगौती अहिर |

नोटः ऋणी तथा जमानतकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिका नामहरु ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु**

१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको कर्जा असुली विभाग, त्रिपुरेश्वर, काठमाडौंबाट रु.१०००।- (अक्षरेपी एक हजार रुपैयाँ मात्र) तिरी प्राप्त गर्न सकिनेछ ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्नेछ । शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैंकले लिन सक्नेछ ।
३) लिलाम बिक्रीको लागि सूचनामा उल्लेखित सवारी साधन बैंकको नाममा दर्ता रहेको तर हाल बैंकको नियन्त्रणमा नभएकोले उक्त सवारी साधन आफै खोजतलास गरी लिन इच्छुक बोलपत्रदाताहरुले मात्र बोलपत्र पेश गर्नु होला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३:०० बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात् लगातै कार्यालय खुलेको दिन) यस बैंकको कर्जा असुली विभाग, त्रिपुरेश्वर काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, जमानीकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागु हुनेछन् ।

**पुनश्चः ऋणी एवं धितो लेखिदिनेलाई सुचनाः**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुनः अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम् उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पतिको मूल्य घटि वा बढि हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लेखित धितो सम्पति लिलाम बिक्री गरी वा बैंक आफै ले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि धितो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कहीं कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणी तथा जमानीकर्ताहरुको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईएको छ ।



## Invitation for Bids

**Devghat Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Devghat, Tanahun**

Invitation for Bids for **The Procurement & Supply of Medicines at Devghat, Tanahun**
Date of publication: August 29, 2023 (12th Bhadra, 2080)
Invitation for Bids No: **NCB/DRM/GOODS/03/2080/81**

1. ***Government of Nepal (GoN)*** has received a internal resources from ***[NA]*** towards the cost of **Procurement & Supply of Medicines at Devghat, Tanahun** and intends to apply part of the funds to cover eligible payments under the Contract for **NCB/DRM/GOODS/03/2080/81**. Bidding is open to all eligible Bidders.
2. **Devghat Rural Municipality** invites ***electronic*** bids from eligible bidders for the procurement of **Medicines** under National competitive bidding – Single Stage Single Envelope procedures.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **Devghat Rural Municipality, Devghat, Tanahun,** devghat.ruralmun@gmail.com or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
4. Bidding document is available in online and can be downloaded from e-GP system. http:// www.bolpatra.gov.np/egp. interested bidders should be registered in the e-GP system and deposit the cost of bidding documents NRs. 3,000.00 in the following specified Bank.
   Name of the Bank: **Siddhartha Bank Limited, Devghat Branch**
   Name of Office- **Devghat Rural Municipality**
   Office Code no. **Ga.1.1 Internal revenue account,**
   Account No- **00815412921**
5. Interested bidders should submit online bid through e-procurement portal http:// www.bolpatra.gov.np/egp. only on or before **2023 Sept-28**. Bids received after this deadline will be rejected. Bidders are required to follow the electronic bid submission procedure as specified in e-GP system operating guideline 2073 and user manual issued by PPMO which are available in e-GP system.
6. Pre-bid meeting shall be held at Devghat Rural Municipality, Devghat, Tanahun at **2023 Sept-18.**
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00** on **2023 Sept- 28** at the office of Devghat Rural Municipality, Devghat, Tanahun. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRS **80,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid.
   Name of the Bank: **Siddhartha Bank Limited, Devghat Branch**
   Name of Office- **Devghat Rural Municipality**
   Office Code no. **Ga.3 Sthania Tatha Dharauti,**
   Office Account no.: **00815169863**.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission
9. All the rights whether to accept or reject the bid partially or fully are reserved to the Devghat Rural Municipality, Devghat Tanahun.

## दिनेशराजको तिजगीत सार्वजनिक

गीतकार दिनेशराज पुरीको शब्दमा 'यो साल नि परदेशमै तिज' सार्वजनिक भएको छ। विदेशमा रहेका नेपाली चेलीको मनोभावना उनिएको गीतमा दीपकराज विश्वकर्माको संगीत छ भने रचना रिमालले आवाज दिएकी छिन्। विक्रम चौहानद्वारा निर्देशित गीतको भिडियोमा रचना रिमाल, आभा थापा, अनिशा ओली, अन्जना बराइली र एलिना रानालाई देख्न सकिन्छ। प्रकाश खरेलको मिक्सिङ तथा मास्टरिङ रहेको उक्त गीतलाई प्रकाश खड्का र टिमले खिचेका हुन्।





## कार्की बने 'फेस अफ द नेसन'

'फेस अफ द नेसन २०२३' को उपाधि बबिराज कार्कीले जितेका छन्। अन्तिम स्पर्धामा १५ प्रतिस्पर्धीलाई उछिन्दै कार्कीले शीर्ष उपाधि जितेका हुन्। त्यसैगरी, आलोक महर्जनले फस्ट रनर अपको उपाधिसँगै बेस्ट ट्यालेन्टको अवार्ड हात पारे। शुभेक्षा बस्नेतले सेकेन्ड रनर अपको उपाधिसहित भ्युअर्स च्वाइस अवार्ड जितिन्। विधागत अवार्डतर्फ पब्लिक च्वाइसमा आशिष थापामगर विजेता र प्रकृति तामाङ रनर अप भए।

# एन्जाइटी कम गर्न साइकोथेरापी

मनोवैज्ञानिक पक्षको विकासमा आन्तरिक वा बाह्य पक्षले प्रभाव पारिरहेको हुन्छ। यस्तो प्रभाव सधैं सकारात्मक मात्रै हुँदैन। चोट लाग्दा, जागिर छुट्दा, परिवारको खराब स्वास्थ्य अवस्था र अन्य कारणले मानिस चिन्तामा पर्ने गर्छन्। नकारात्मक प्रभावलाई हामी मनोवैज्ञानिक समस्या अथवा मनोरोग भनेर पहिचान गर्ने गर्छौं। तर, डर-चिन्ताको विषय आफूमा हाबी हुन पनि दिनुहुँदैन। नत्र यसले गम्भीर समस्या निम्त्याउन सक्छ। मनोरोगमा विभिन्न प्रकारको उपचार विधिको प्रयोग गरिन्छ। यसका लागि साइकोथेरापी एक प्रभावकारी विधि हो। विशेषगरी, एन्जाइटी, डिप्रेसनलगायत समस्या तथा विभिन्न खाले कुलतमा फसेकाहरूका लागि साइकोथेरापी प्रयोग हुन्छ। यो गम्भीर मानसिक रोगमा पनि प्रयोग गर्न सकिन्छ। यसबाहेक अरू मनोसामाजिक समस्या, जस्तै- सम्बन्ध बिग्रेको, नकारात्मक सोच, निरन्तर असफलताले निम्त्याउने परिस्थिति, दाम्पत्य जीवनका समस्या, महिला र पुरुषमा देखिने मनोभावनासँग सम्बन्धित समस्यामा पनि साइकोथेरापी उपयुक्त हुन्छ।





डा. विजय ज्ञवाली
साइकोथेरापिस्ट, अमोहा क्लिनिक

### साइकोथेरापीका फाइदा

साइकोथेरापी एक व्यक्ति र मनोपरामर्शदाताबीचको सम्बन्धमा आधारित एक सहयोगी उपचार हो। संवादमा आधारित चिकित्सा भए तापनि यसमा परामर्शदाताले सधैं तटस्थ रहेर सुन्ने गर्नुपर्छ। यो सल्लाह दिने विधि मात्र होइन। यसमा बिरामीको विचार र व्यवहार ढाँचा पहिचान गर्ने र विभिन्न विधिमार्फत परिवर्तन गर्न सिकाउने गरिन्छ।

साइकोथेरापी सबै उमेरसमूहका लागि उपयुक्त हुन्छ। यो मानसिक रोगमा मात्र नभएर हाम्रो जीवनको गुणस्तर अभिवृद्धि गर्न पनि प्रयोग हुन्छ। साइकोथेरापीले व्यक्तिको जीवनको गुणस्तरमा धेरै सुधार गर्न सक्छ। मानिसहरू आफ्नो दैनिक गतिविधि राम्रोसँग गर्न सक्षम हुन्छन्। यो विधिले विभिन्न मानसिक आघात कम गर्न, विभिन्न मनोसामाजिक समस्याको निराकरण गर्ने सीप बढाउन सहयोग गर्छ।

### यसरी गरिन्छ उपचार

संसारभर विभिन्न किसिमका साइकोथेरापीका विधि प्रचलित छन्। नेपालमा पनि संज्ञानात्मक व्यवहार थेरापी, फेमेली थेरापी, आर्ट थेरापीजस्ता विधिको प्रयोग हुन्छ। रोगअनुसार कुन थेरापी उपयुक्त हुन्छ भन्ने कुरा मनोचिकित्सकसँग सल्लाह लिएर छनोट गर्न पनि सकिन्छ। साइकोथेरापीलाई औषधिसँगै एकीकृत रूपमा प्रयोग गर्दा यसको प्रभावकारिता अझ बढ्ने गर्छ। यसलाई आयुर्वेद, अकुपन्चरजस्ता वैकल्पिक विधिसँग पनि प्रयोग गर्न सकिन्छ।

यसले हाम्रो मनोविज्ञानको निर्माण र विकासमा ठूलो भूमिका खेल्छ। पश्चिमी देशमा हुर्किएको कुनै व्यक्ति र पूर्वीय देशमा हुर्किएको व्यक्तिका सोच, धारणा र ग्रहण क्षमता नितान्त फरक हुन सक्छन्। कहिलेकाहीं पश्चिमी देशका निम्ति उपयुक्त साइकोथेरापी हाम्रा लागि उपयुक्त नहुन सक्छ। तसर्थ, हाम्रो परिवेश सुहाउँदा साइकोथेरापीको उपयुक्त प्रयोगले धेरै मनोरोगीको उपचारमा सहयोग गर्छ। साइकोथेरापीका माध्यमबाट रोग नियन्त्रण गर्न सकिन्छ।

### साइकोथेरापीमा के गरिन्छ ?

साइकोथेरापीमा सुरुमा परामर्शदाताले तपाईंको समस्यालाई गहिराइसम्म बुझ्ने गर्छन्। त्यसका आधारमा तपाईंको विचार, भावना, व्यवहारमा आएका परिवर्तनको उपयुक्त परीक्षण गर्छन्। त्यसपछि तपाईंलाई उपयुक्त हुने विधिको छनोट हुन्छ। आवश्यकताअनुसार मनोपरामर्शदाताले गृहकार्य पनि दिन सक्छन्। साइकोथेरापीको एउटा सेसन सामान्यतः ४० देखि ६० मिनेटको हुने गर्छ।

# सुटमा स्मार्ट देखिन

विवाह पार्टी तथा औपचारिक समारोहमा जाँदा पुरुषहरू 'टु पिस' वा 'थ्री पिस' सुट लगाउन रुचाउँछन्। यसले जेन्टल तथा स्मार्ट देखाउँछ। यसमा कलर कम्बिनेसनअनुसार नै सर्ट, पाइन्ट र कोटको डिजाइन गरिन्छ। जस्तो, नेभी सुट र पाइन्टमा सेतो सर्ट कम्बिनेसन गर्ने गरिन्छ। त्यस्तै, मरुन सुट-पाइन्टमा पनि सेतो सर्ट नै सुहाउँछ। कालो कोट र पाइन्टमा मरुन कलरको सर्ट सुहाउँछ। त्यसैगरी, ग्रिन कलरको सुटमा कालो सर्ट सुहाउँछ।

कोट-पाइन्टमा क्लासिक लुक्स दिने घडी म्याच गर्छ। तर, धेरै स्टाइलिस होइन, इथिनिक घडी छान्नुस्। तपाईंको बेल्ट पनि फर्मल लुक दिने भयो भने राम्रो देखिन्छ।

हेयर स्टाइल सिम्पल सुहाउँछ। पुरुषले कपालमा जथाभावी कलर नगरेको राम्रो हुन्छ। कपाललाई स्टाइलिसभन्दा पनि क्लासिक लुक्स दिनुभयो भने राम्रो देखिन्छ। दाह्री काट्ने वा हल्का राख्न मन छ भने ट्रिम गर्न सक्नुहुन्छ।



नवीन लुँइटेल
फेसन डिजाइनर
सेन्ट्रल फेसन हब

हल्का मेकअप गर्दा राम्रो देखिन्छ। तर, धेरै भद्दा देखिने गरी मेकअप गर्नुहुँदैन। अहिलेको मौसममा न्युड मेकअप गर्नु राम्रो हुन्छ। हल्का पफ्युम प्रयोग गर्नुस्। अत्यधिक पफ्युम प्रयोग गर्दा पार्टीमा आएका अन्य व्यक्तिलाई समस्या पर्न सक्छ। किनकि, कतिपय व्यक्तिलाई पफ्युमसँग एलर्जी पनि हुन्छ। त्यसैले माइल्ड पफ्युम प्रयोग गर्नुस्।

### जुत्ताको चयन

तपाईंको लुक्सलाई डिफाइन गर्न जुत्ताले निकै सहयोग गर्छ। त्यसैले तपाईंले बेल्टसँग म्यान हुने जुत्ता रोज्नु राम्रो हुन्छ। कोट, पाइन्टसँग म्याच गर्ने कलरको जुत्ता छान्दा अझै आकर्षक देखिन्छ। जस्तो, नेभी कोट र सेतो पाइन्टमा खैरो रङको जुत्ता सुहाउँछ। धेरै स्टाइलिस होइन, क्लासिक वा सेमिक्लासिक जुत्ता छान्नुस्।



# ड्राइभिङ गर्दा...



गाडी ड्राइभ गर्दा बसाइको पोजिसन र सिट मिलेन भने ढाड दुख्ने, कुम दुख्ने, गर्दन दुख्ने समस्या देखिन सक्छ। त्यसैले कार चलाउँदा बसाइ मिल्नुपर्छ। व्यायामको कमी, कुर्सीमा बस्दाको पोजिसन नमिल्नेलगायत समस्याले ढाड दुख्ने समस्या निम्त्याउने भएकाले हामीले केही विषय ख्याल गर्न जरुरी छ।

गाडीको सिटको पोजिसन ९० डिग्रीमा मिलाएर हिप र स्पाइन पनि ९० डिग्रीमा रहने गरी ड्राइभ गर्नुपर्छ। कुम, गर्दन पनि सीधा हुनुपर्छ।

बाइकमा पनि यसरी नै सीधा रहेर ड्राइभिङ गर्नुपर्छ। निहुरिएर ड्राइभ गर्नेलाई ढाड दुख्ने समस्या देखिन्छ।

लामो दूरीको ड्राइभ गर्दा पर्याप्त आराम पनि गर्नुपर्छ। किनभने, लामो समय निरन्तर ड्राइभ गर्दा नसामा समस्या देखिन सक्छ। लङ ड्राइभ गर्दा झन्डै तीन घन्टा सवारी कुदाएपछि कम्तीमा १० मिनेट आराम गर्नु अझ राम्रो हुन्छ।

# इन्टरनेटको लतबाट कसरी छुटकारा पाउने ?

इन्टरनेटमा तपाईंले एक क्लिकमै चाहेको कुरा भेटाउन सक्नुहुन्छ। यसले तपाईंलाई ज्ञानवर्द्धक तथा मनोरञ्जक सामग्री प्रदान गरिरहेको हुन्छ। तर, इन्टरनेटको लत लाग्यो भने तपाईंमा धेरै समस्या पनि देखिन सक्छ। त्यसैले आवश्यकताबाहेक इन्टरनेट धेरै चलाउनु राम्रो होइन।

सबैभन्दा पहिले इन्टरनेटले तपाईंको समयतालिकामा असर गर्छ। इन्टरनेट चलाउँदा-चलाउँदै तपाईंले गर्नुपर्ने प्राथमिकताका काम गर्न भुल्नुहुन्छ। कामको रुटिन गडबड भएपछि कार्यालयको काम पनि बिग्रन्छ। निजी जिन्दगीमा पनि यसले असर गर्छ।



इन्टरनेट प्रयोग गरिरहँदा तपाईंको मुड निकै खुसी हुन्छ। तपाईं आफ्ना सबै चिन्ता र जिम्मेवारीबाट मुक्त महसुस गर्नुहुन्छ। त्यसपछि बिस्तारै तपाईं गैरजिम्मेवार बन्न थाल्नुहुन्छ। विभिन्न बहाना बनाएर प्राथमिकताका काम गर्न छाड्नुहुन्छ।

मुड स्विङको सामना गर्नु एक प्रमुख लक्षण हो। अत्यधिक समय इन्टरनेटमा बसेपछि तपाईंको व्यवहार उग्र हुन थाल्छ। तपाईं आक्रोशित हुन थाल्नुहुन्छ। तपाईंको एकाग्रता कम हुन्छ। इन्टरनेटको लत लाग्नेलाई रातको समय राम्रो निद्रा लाग्दैन।

### समस्याबाट कसरी बाहिर निस्कने ?

तपाईंले बिस्तारै इन्टरनेटमा बिताउने समय घटाउँदै लग्नुपर्छ। हप्तामा तपाईंले ३६ घन्टाभन्दा धेरै समय इन्टरनेटमा बिताउनुभयो भने यसलाई लत मानिन्छ। तपाईंले यसलाई घटाएर १४ घन्टाभन्दा कम समयमा झार्नु राम्रो हुन्छ। राम्रो महसुस गर्नका लागि अन्य गतिविधिमा व्यस्त रहनुस्। मानिसहरूसँग भेट्न सुरु गर्नुस्। खेल खेल्नुस्। परिवारसँग धेरैभन्दा धेरै समय बिताउने कोसिस गर्नुस्। घुम्न जानुस्। लामो दूरीको यात्रा गर्नुस्। किताब पढ्नुस्। डायरी लेख्न थाल्नुस्। यदि यी उपायले इन्टरनेटको लतबाट छुटकारा पाउन मद्दत मिलेन भने मनोचिकित्सकको सहायता लिन सकिन्छ।



## डाइटिङ गर्दा ख्याल गरौं



देवराम सुनुवार,
डाइटिसियन
सशस्त्र प्रहरी अस्पताल

मानिसहरूले आफ्नो शरीरको तौल घटाउन विभिन्न मोडालिटी अपनाउँदै डाइटिङ (उपवास) गरिरहेका हुन्छन्। कसैले एक दिन खाने अर्को दिन नखाने, कसैले १६ घन्टा नखाने आठ घन्टा खाने, कसैले हप्तामा पाँच दिन खाने र दुई दिन उपवास गर्छन्।

उपवासको नाममा यस्ता मोडालिटी अपनाउने र बीचमा छोड्ने गरेको पनि पाइन्छ। आफ्नो स्वास्थ्य अवस्थाबारे पर्याप्त जानकारी नलिई आफूखुसी उपवास बस्दा स्वास्थ्यमा नकारात्मक असर पुग्छ।

हरेक मानिसलाई इनर्जीका लागि क्यालोरी आवश्यकता पर्छ। खानाले शरीरमा यसको परिपूर्ति गरिरहेको हुन्छ। व्यक्तिको उमेर समूह, महिला, पुरुष र उनीहरूको स्वास्थ्य अवस्थाअनुसार कति क्यालोरी आवश्यक पर्छ भन्ने निर्धारण हुन्छ। वयस्क मानिसलाई २२ देखि २३ सय क्यालोरी आवश्यक पर्छ। गर्भवती, स्तनपान गराइरहेका महिलालाई अझै बढी चाहिन्छ।

### समस्या

आफ्नो स्वास्थ्य अवस्थालाई नहेरी जथाभावी उपवास बस्दा विभिन्न रोग लाग्ने, थकानको महसुस हुने, निद्रा नलाग्ने, इरिटेसन हुने, कब्जियतको समस्या हुने, टाउको दुख्ने, कामप्रति ध्यान नजाने, बेचैन हुने, वाकवाक लाग्ने, वान्ता हुनेलगायतका समस्या आउँछन्। यसले स्वास्थ्यमा दीर्घकालीन असर पनि गर्छ। जस्तो, कलेजोमा असर पुग्ने, डाइबेटिज हुने सम्भावना बढ्छ, कसैलाई खान मन नलाग्ने, कुनैवेला धेरै खाने हुन सक्छ। मानिसलाई शारीरिक तथा मानसिक रूपमा असर पर्ने हुन्छ।

### कस्तो सावधानी अपनाउने ?

उपवास बस्नुभन्दा पहिले विशेषज्ञसँगको परामर्श लिएर मात्र बस्नुपर्छ। फास्टिङको मोटालिटीअनुसार नियमिततामा ध्यान दिनुपर्छ। ६ महिना गर्ने र पछि छोड्ने गर्नुहुँदैन। उपवास बसेको समयमा केही नखाने र नबसेको समयमा धेरै खाने गर्नुहुँदैन। कति खाने भन्नेमा ध्यान दिने गर्नुपर्छ। उपवास बस्ने व्यक्तिले समय-समयमा सुगर, प्रेसर, मुटु, कलेजोलगायत स्वास्थ्य जाँच गर्नुपर्छ। १८ वर्ष नकटेका व्यक्तिले उपवास बस्नुहुँदैन। गर्भवती महिला, स्तनपान महिला डाइटिङमा बस्नु हुँदैन। गुगल, युटुबमा हेरेको भरमा मनलाग्दी उपवास गर्नुहुँदैन। चिकित्सकसँग सल्लाह लिएर गर्नुपर्छ।


## कर्जा चुक्ता तथा धितो लिलाम बारेको ३५ दिने सूचना

**प्रकाशित मिति : २०८०/०५/१२ गते, मंगलबार**

पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.को तपसीलमा उल्लेखित ऋणीले प्राप्त गरेको कर्जाको संस्थालाई तिर्ने/बुझाउने साँवा, ब्याज लगायत अन्य लेना रकम चुक्ता भुक्तानी गर्न यस संस्थाबाट पटक पटक लिखित एवं मौखिक जानकारी गराई ३५(पैतिस) दिने सार्वजानिक सूचना प्रकाशित गर्दा समेत आलटाल गरि ऋण चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तानी गर्न वा नतिरे नबुझाए धितो बन्धकी रहेको धितो लिलामीको लागी यो ३५(पैतिस) दिने सार्वजनिक सूचना जारी गरिएको छ। उल्लेखित मिती भित्र शेयर सदस्यले उपभोग गरेको कर्जाको सम्पुर्ण साँवा ब्याज तथा हर्जना समेत संस्थामा दाखिला हुन नआएमा कर्जा उपभोग गर्ने कममा यस संस्थालाई लेखि दिएको तपशीलमा उल्लेखित विवरण रहेको सम्पत्ती लिलाम बिकी गरि तथा कर्जा लिदा संस्थालाई गरिदिएको लिखत तमशुक, सर्त, कबुलियतनामा तथा सहकारी ऐन २०७४ मा भएको व्यवस्था बमोजिम वा प्रचलित कानुन बमोजिम अन्य व्यवस्था गरि संस्थाको साँवा ब्याज हर्जना तथा असुलि कारबाहिको सिलसिलामा भएका अन्य खर्चहरु समेत असुल उपर गरिने व्यहोरा सम्बन्धित पक्षलाई यसै सूचना मार्फत जानकारी गराईन्छ।

यो सूचना प्रकाशित भएको मितीले ३५(पैतिस) दिन भित्र ऋण चुक्ता नगर्ने शेयर सदस्यहरुको संस्थामा धितो रहेको सम्पत्ती सकार गरिलिन ईच्छुक महानुभावहरुले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा प्रचलित कानून बमोजिम संस्थाको लेना रकम असूल उपर गर्न लिलाम बिक्रीमा राखेको तपसिलमा उल्लेखित चल सम्पत्ति बोलकबोलद्वारा लिलाम बढाबढ गरी लिन इच्छुक ऋणी, व्यक्तिगत जमानी दिने तथा अन्य महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन तोकिएको समयभित्र यस संस्थाको मूख्य कार्यालय ल.म.न.पा.-१९, कुमारीपाटीमा उपस्थित भई आफुले सकार गरि लिन चाहेको मूल्यमा बोलकबोल गर्नुहुन सबैमा सूचित गरिन्छ।

**तपशिल**

| क्र.सं. | ऋणीको नाम ठेगाना | ऋणी तथा जमानीको फोटो | धितोमा रहेको अचल सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | **ऋणी : रविन कुमार कार्की**<br>बाजे : कटक बहादुर कार्की<br>पिता : चेत बहादुर कार्की<br>ना.प्र.न. : १३१०३७/८, ओखलढुंगा<br>ठेगाना : गोकर्णेश्वर न.पा वडा नं २ जोरपाटी, काठमाण्डौं<br>**व्यक्तिगत जमानी कर्ता**<br>**१. विना धिमिरे**<br>ठेगाना : गोकर्णेश्वर न.पा वडा नं.२ जोरपाटी, काठमाण्डौं<br>**२. सविन ढकाल**<br>ठेगाना : गोकर्णेश्वर न.पा वडा नं ११, काठमाण्डौं | <br><br> | श्री रविन कुमार कार्कीको नाममा मालपोत कार्यालय दमक, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, साविक शिवगञ्ज गा.वि.स./न.पा. वडा नं. ७ सिट नं ७ (य) को कि.न. १६५९० को जम्मा क्षेत्रफल २६५८.२२ व.मि. रहेको जग्गा र सो जग्गामा बनेको घर तथा उक्त घर जग्गाले चर्चेको सम्पुर्ण लिगलिगापात समेत। |
| २. | **ऋणी :- पूर्ण प्रसाद तिमल्सिना**<br>बाजे :- पूर्ण प्रसाद तिमल्सिना<br>पिता :- गितानन्द तिमल्सिना<br>ना.प्र.नं.:-००२९४६/ललितपुर<br>ठेगाना: ललितपुर जिल्ला बाग्मती गा.पा. वडा नं. ५<br>हाल :- गोदावरी न.पा.वडा नं.-१४, ठैव, ललितपुर।<br>**व्यक्तिगत जमानी कर्ता**<br>**१. अनिला शिल्पकार**<br>ठेगाना: ललितपुर जिल्ला गोदावरी न.पा. वडा नं.-१४, ठैव।<br>**२. रुपक धिमाल**<br>ठेगाना: ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. १५, सातदोवाटो।<br>**३. कविता सञ्जेल**<br>ठेगाना: ललितपुर जिल्ला ल.म.न.पा. वडा नं. १५, सातदोवाटो। | <br><br><br> | श्री पूर्ण प्रसाद तिमल्सिनाको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला साविक बुङमती गा.वि.स. वडा नं. ७ सिट नं. ७(ख) को कि.नं. ९००, कि.नं. ८९६ को क्रमशः क्षेत्रफल ०-१४-०-२ र ०-१-०-० रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य लिगलिगापात समेत।<br><br>श्रीमती अनिला शिल्पकार नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला साविक हरिसिद्धि गा.वि.स. वडा नं. ५ सिट नं. ५(ख) को कि.नं. २१३ को क्षेत्रफल ०-८-०-० रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य लिगलिगापात समेत।<br><br>श्री रुपक धिमालको नाममा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला साविक लामाटार गा.वि.स. वडा नं. १ सिट नं. १(ख) को कि.नं. ३३६ को क्षेत्रफल ०-१०-०-० रहेको जग्गा र सो जग्गाले चर्चेको अन्य लिगलिगापात समेत। |

१. लिलाममा अन्तिम पटक सबैभन्दा बढी बोलकबोल गर्ने व्यक्तीले आफुले बोलेको अंकको १० प्रतिशतले हुने रकम नगदै वा यस संस्थाको बैंक खातामा नगद जम्मा गरेको भौचर धरौटी बापत तुरुन्त यस संस्थामा बुझाउनु पर्नेछ।
२. लिलाम सकार गर्ने व्यक्तीले सहकारीबाट लिलाम निश्चितताको सूचना पाएको ७ दिन भित्र बाँकी रकम बुझाई अचल सम्पती बुझि नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत जफत हुनेछ।
३. लिलाम सकार गर्ने व्यक्तीले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोही दिन नबुझाएमा निज पछि सबै भन्दा बढी रकम प्रस्तावक व्यक्तीको नाममा लिलाम सदर गरिनेछ।
४. तोकिएको लिलामको दिन सहकारी बिदा परेमा वा सरकारी बिदा परेमा त्यसको लगत्तै सरकारी वा सहकारी कार्यालय खुल्ने दिन डाँक बढाबढ हुनेछ।
५. डाँक बढाबढ गर्दा सबै भन्दा बढी अंक पेश गर्ने व्यक्तीलाई अचल सम्पत्ती दिने वा नदिने सम्पूर्ण अधिकार सहकारीमा सुरक्षित रहनेछ।
६. लिलाम बिक्री हुने धितो (घरजग्गा) को सम्बन्धित कागजातहरू हेर्न चाहनु हुने महानुभावहरूले यस सहकारीमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नुहुनेछ।
७. यो सूचना प्रकाशित भएको ३६ औं दिन संस्थाको मुख्य कार्यालय ललितपुर म.न.पा. वडा नं. १९ कुमारीपाटीमा अपह्यान्न ४ बजे लिलामको डाँक बढाबढ गरिनेछ।
८. लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयंले नै व्यहोर्नु पर्नेछ।
९. सहकारी ऐन २०७४, नियमावली २०७५ तथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धी विनियमावली अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कसैले नसकारेमा सहकारीले उक्त सम्पत्तीको स्वामित्व आफुमा लिन सक्नेछ।
१०. संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पुर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा जमानीको नाँउमा रहेको नेपाल राज्यभरको अन्य चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ।

**नोट :- लिलाम हुने मिति २०८०/०६/१६ गते, मंगलबार।**

**पञ्चशील बहुउद्देश्यीय सहकारी संस्था लि.**
**मूख्य कार्यालय: ल.पु.म.न.पा वडा नं.-१५, कुमारीपाटी**
**फोन नं.: ०१-५४०८५८५, ०१-५४०८५८६, ५४३२७१८**
**पञ्चशील सदस्य सेवा केन्द्रहरु**
**चापागाउँ, फोन नं. ०१-५२६५४७१**
**सरस्वतीनगर, काठमाडौं, फोन नं.: ०१-४८१३४४७**
**कोटेश्वर, काठमाडौं, फोन नं. ०१-४६१०६१७, ४६१०१०७**
**न्यूरोड, काठमाडौं, फोन नं. ०१-५३५५४०८**
**भक्तपुर, सूर्यविनायक, सेवा केन्द्र, फोन नं.: ०१-६६१५६४७**

# साइबर अपराध र विद्यमान कानुनी व्यवस्था

आधुनिक र सम्पन्न भनिएको सहरिया समाजमा अनेक प्रकारका साइबर अपराध डरलाग्दो र गम्भीर समस्याका रूपमा बढ्दै गएका छन्



● प्रेमराज सिलवाल

अग्रलेख

साइबर क्राइमलाई विश्वमै गम्भीर प्रकृतिको फौजदारी र सामाजिक अपराध मानिन्छ । कम्प्युटरसँग सम्बन्धित र त्यससँग सम्बन्धित उपकरणलाई माध्यम बनाएर कानुनले निषेध गरेका क्रियाकलाप गर्ने कामलाई साइबर क्राइम भनिन्छ । साइबर क्राइम कम्प्युटर, नेटवर्क र सामाजिक सञ्जाल आदिको प्रयोग गरी गरिने आधुनिक फौजदारी र सामाजिक अपराध हो । नेपालमा यसको प्रयोग विभिन्न स्वरूपमा बढ्दो क्रममा रहेको छ । महिला, बालबालिका र विद्यार्थी यसबाट बढी पीडित बन्दै छन् । हालै सरकारले बढ्दो अपराधका घटनालाई नियन्त्रण र कडाइ गर्न कानुनी प्रबन्ध गरी नियन्त्रणको नीति ल्याइसकेको छ । साइबर क्राइम र अन्य अपराध नियन्त्रण गर्न भन्दै सरकारले व्यक्तिगत टेलिफोनसमेत रेकर्ड गर्ने तयारी गरेकाले त्यसको विरोध हुँदै आएको छ । यद्यपि, आधुनिक र सम्पन्न भनिएको सहरिया समाजमा अनेक प्रकारका साइबर क्राइम डरलाग्दो र गम्भीर समस्याका रूपमा बढ्दै गएका छन् ।

ख्यालख्यालमा गरिएका सामान्य गल्तीले पनि मानिसलाई कानुनी कारबाही भोग्नुपर्ने स्थिति हुने भएकाले महिला, बालबालिका र विद्यार्थीलगायत सबै सचेत बन्नुपर्छ भने अभिभावक, स्कुल र समाजले यससम्बन्धी सचेतना अपनाउनुपर्छ । विश्वमा र नेपालमा पनि साइबरसम्बन्धी अपराधका अनेक घटना बढ्दै गएकाले अनेकौँ कानुनी र सामाजिक समस्या बढेर गएको देखिन्छ । यसबाट बढी पीडित महिला, विद्यार्थी तथा बालबालिकालाई सचेत गराउन अत्यावश्यक भएको छ ।

**विश्व इतिहासमा साइबर अपराध :** विश्व इतिहास हेर्दा फ्रान्समा कपडा बनाउने कारखानाका मालिक जोसेफ मेरी जेक्वार्डले कपडा बुन्नका लागि स्वचालित कम्प्युटर जडान गरेपछि त्यसबाट आफ्नो रोजगारी गुम्ने डरले उक्त उद्योगका कम्प्युटर अवैध तरिकाले ध्वस्त गरिदिएपछि साइबर क्राइमले सन् १८२० मा अपराधको रूप धारण गरेको हो । त्यसपछि विभिन्न औद्योगिक मुलुकमा यससम्बन्धी कानुन ल्याउन थालिएको हो । जर्मनीमा सन् १८७० मा प्रोडक्सन कानुन लागू गरिएको थियो । अमेरिकालगायत अनेकौँ देशमा विभिन्न कानुन ल्याइएका थिए । साइबर अपराधका कारण हाल विश्वमा अर्बौं अरब डलरको आर्थिक क्षति र नोक्सानी हुँदै आएको छ ।

सन् २०१४ मा अमेरिकी संघीय अनुसन्धान ब्युरोमा दुई लाख ६९ हजार ४२२ साइबर अपराधसम्बन्धी उजुरी दर्ता भएका थिए । सन् २०१८ मा प्रकाशित म्याफियो नामक संस्थाको प्रतिवेदनअनुसार साइबर क्राइमका कारण विश्वमा सो अवधिमा मात्र ६०० मिलियन अमेरिकी डलरबराबरको आर्थिक नोक्सानी भएको थियो । 'साइबर टेरोरिज्जम'को नामले समेत चिनिने यस अपराधलाई नियन्त्रण गर्न अमेरिकामा एफबिआई, सिआइएजस्ता सरकारी निकायले करोडौँ डलर खर्च गर्ने गरेका छन् ।

भारतमा भारतीय केन्द्रीय जाँच ब्युरो तथा 'र' जस्ता संस्थाले विभिन्न अपराध नियन्त्रण गर्न ठूलो धनराशी खर्च गर्दै आएका छन् । नेपालमा पनि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) लगायतका विभिन्न महाशाखा र शाखाले यससम्बन्धी अनुसन्धान कार्य गर्दै आएका छन् ।

**नेपालको कानुनी व्यवस्था :** नेपालमा सन् १९९० पछिका दिनमा सूचना तथा सञ्चारका क्षेत्रमा आएको व्यापक विकास र विस्तारका कारण यससँग सम्बन्धित विभिन्न अपराध बढ्दै आएका छन् । विगतमा मुलुकी ऐन तथा अन्य ऐनका विभिन्न दफा लगाएर कानुनी कारबाही हुँदै आएकामा ०६३ बाट भने विद्युतीय कारोबार नियन्त्रणसम्बन्धी विशेष ऐन नै ल्याई हाल लागू भइरहेको छ । ऐनको दफा ४४ देखि दफा ५८ सम्म विभिन्न प्रकारका कसुरको उल्लेख गरी सो प्रमाणित भएमा कानुनअनुसार ५० हजारदेखि पाँच लाखसम्म जरिवाना तथा ६ महिनादेखि पाँच वर्षसम्मका जेल सजाय कसुर अपराधको मात्रा हेरी अदालतले तोक्न सक्ने कानुनी प्रावधान राखिएका छन् । यससम्बन्धी अपराधमा काठमाडौं जिल्ला अदालतमा मुद्दा गर्न सकिने प्रबन्ध रहेकामा हालचाहिँ सबै जिल्ला अदालतलाई समेत यससम्बन्धी कानुनी कारबाही गर्न सक्ने अधिकार दिइएको छ । यससम्बन्धी उजुरीचाहिँ प्रहरी प्रशासनमा गर्न सकिन्छ ।



नेपालको मुलुकी अपराध (संहिता) ऐन, २०७४ तथा मुलुकी देवानी (संहिता) ऐन, २०७४ का विभिन्न दफामा समेत अरूलाई हानि-नोक्सानी गरेको पाइएमा विभिन्न प्रकारका सजाय हुने कानुनी व्यवस्था रहेको छ । सामान्य अवस्थामा अनुमति नलिई कसैको तस्बिर खिच्नु, सामाजिक सञ्जालमा फोटो राख्नु, गाली वा बेइज्जती हुने गरी अर्काको प्रतिष्ठामा आँच पुग्ने गरी गरिने कुनै पनि कार्यलाई कानुनले अपराध मानेको अवस्था छ । त्यसैगरी 'देशअनुसार भेष' भनेजस्तै मुलुक र समाजअनुसार साइबर क्राइम र महिला तथा बालबालिकालाई हेर्ने विभिन्न कानुन र प्रथा हुन्छन् भन्नेमा जानकारी र हेक्का नराख्दा नेपाली युवा विदेशका जेलमा पुगेका घटना सुन्न र पढ्न पाइन्छ । जस्तो साउदी अरब र मुस्लिम देशमा महिलालाई सामान्य छेडछाड गरिएको विषय पनि अपराध मानिन्छ । युरोप-अमेरिकामा बालबालिकालाई सामान्य थप्पड हान्नु वा हप्काउनु पनि अपराध हुन सक्छ । त्यस्तै, चीनजस्ता केही मुलुकमा सामाजिक सञ्जालमा केही लेख्नु वा यौनजन्य सामान्य हेर्नु पनि अपराध मानिने भएकाले यस्ता कुरामा समेत सचेत बन्नुपर्ने देखिन्छ ।

> कम्प्युटरका विभिन्न माध्यमको प्रयोग, पासवर्ड ह्याकिङ, क्रेडिट कार्डको अवैध प्रयोग, अवैध मुद्रा र जाली नोटको प्रयोग, कपिराइट, यौनसम्बन्धी अपराध, सफ्टवेयरको अनधिकृत प्रयोग र निगरानीदेखि लिएर ठुल्ठूला अपराधसम्म हुने गरेका छन्

**साइबर क्राइम र महिला तथा बालबालिका :** विश्वमा साइबर क्राइममा महिला, विद्यार्थी तथा बालबालिकाको प्रयोग-दुरुपयोग व्यापक ढंगले बढिरहेको छ । जानी-जानी, अज्ञानतावश, भूलवश, प्रलोभनमा परी, डर-धम्की वा अन्य कारणबाट यससम्बन्धी अपराधमा विभिन्न तरिका र प्रयोजन वा माध्यमबाट महिला, विद्यार्थी तथा बालबालिकाको प्रयोग हुने गरेको पाइन्छ ।

'कानुनको अज्ञानता क्षम्य नहुने' कानुनको विश्वव्यापी मान्यता भएकाले जसरी अपराध हुन गए पनि कानुनअनुसार सजाय भोग्नुपर्ने हुन्छ । विश्वमा बालबालिकाको परिभाषा फरक-फरक छन् । नेपालको हालको संहिता कानुन, २०७४ ले १८ वर्षभन्दा कम उमेरकालाई नाबालक मानेको भए पनि १० वर्षभन्दा माथिकालाई अवस्था र कानुनी व्यवस्थाअनुसार विभिन्न खालका सजायको व्यवस्था गरेको पाइन्छ । १० वर्षभन्दा मुनिकाले भने जस्तोसुकै अपराध गरेकामा पनि कुनै सजाय हुँदैन, तर त्यस्तो कार्य गर्न प्रेरित गर्ने, लगाउने, उक्साउने वा प्रयोग गर्ने अन्य जोसुकैलाई ऊ आफैंले गरेसरहको सजाय हुने कानुनी व्यवस्था छ । बच्चाले गरेको हो भनेर बालिग वा उमेर पुगेको कुनै व्यक्तिले छुट पाउने अवस्था छैन । उमेर पुगेकै भए पनि पालगपन, रक्सी खाएको वा बेहोस भएकोजस्ता विशेष अवस्थामा भने कानुनअनुसार सजायबाट छुट पाउने स्थिति हुन्छ ।

साइबर अपराधको चर्चा गर्दा विश्वमा र नेपालमा पनि महिला, विद्यार्थी र बालबालिका विभिन्न कारणले अपराध गर्न पुग्ने गरेका छन् । विशेषगरी स्कुल-कलेजको संगत, फिल्ममा भएका दृश्यको प्रभाव, साथीको उक्साहट, ठट्यौलीपन, उत्ताउलोपन वा यति सानो कुरा गर्दा के नै हुन्छ र ? वा मैले गरेको अपराध वा गल्ती कसले पो थाहा पाउँछ र ? भन्ने सोचले यस्ता अपराध हुने गरेका छन् । आज हाम्रा सारा क्रियाकलापमा प्रहरी प्रशासनका विभिन्न निकायले कम्प्युटर र सूचनाका विभिन्न माध्यमबाट निरन्तर निगरानी गरिरहेका छन् भन्नेतर्फ नागरिक सचेत बन्नुपर्छ । अर्कातर्फ अभिभावक, परिवार, विद्यालय, कलेज, समाज, क्लबलगायत सामाजिक एकाइले आफ्ना छोराछोरी, महिला तथा बालबालिकालाई निरन्तर सचेत र खबरादारी गरिरहनुपर्ने अवस्था टड्कारो देखिन्छ ।

यसमा प्राकृतिक व्यक्तिदेखि, संगठित संस्था वा समूहसम्म र क्षेत्रीय, राष्ट्रियदेखि अन्तर्राष्ट्रिय सञ्जाल बनाएर मानिस र समूह सक्रिय भएका छन् । कम्प्युटरका विभिन्न माध्यमको प्रयोग, पासवर्ड ह्याकिङ, क्रेडिट कार्डको अवैध प्रयोग, अवैध मुद्रा र जाली नोटको प्रयोग, कपिराइट, यौनसम्बन्धी अपराध, सफ्टवेयरको अनधिकृत प्रयोग र निगरानीदेखि लिएर ठुल्ठूला अपराधसम्म हुने गरेका छन् ।

**अन्त्यमा :** साइबरसम्बन्धी अपराधमा जान-अन्जानमा महिला तथा बालबालिकाको अत्यधिक प्रयोग हुँदै आएको देखिन्छ । विश्वको कुनै एउटा कुनाबाट वा कुनै गोप्य स्थानबाट समेत अन्यत्र वा अरू कसैलाई आर्थिक, सामाजिक, सांस्कृतिकलगायत अन्य हानि, क्षति र नोक्सानी गर्न सकिने भएकाले यस अपराधलाई हाल विश्वमा गम्भीर रूपमा लिइन्छ भने नेपालमा समेत यसको गम्भीरतालाई विचार गरी २०६३ सालमा विद्युतीय कारोबार नियन्त्रणसम्बन्धी विशेष ऐन ल्याई लागू भइरहेको छ ।

कम्प्युटरका विभिन्न माध्यमको दुरुपयोग गरी आर्थिक लाभ लिने र अरूलाई हानि गर्ने गरिएका अनेकौँ घटनासमेत बढ्दै छन् । विदेशबाट विदेशीले र नेपालीले समेत नेपालमा ठगी गर्ने गरेका छन् । यसको नियन्त्रण चुनौतीपूर्ण हुँदै गएको छ । राज्यले यसको नियन्त्रणका लागि आर्थिक लगानी र प्रविधिको उपयोगमा विशेष चनाखो बन्नुपर्ने देखिन्छ ।

*(सिलवाल अधिवक्ता हुन्)*

---

## ३ प्रश्न

नेपाल सरकारका पूर्वसचिव **शारदाप्रसाद त्रितालाई**



**ललितानिवास प्रकरणमा दायर भएको मुद्दालाई कसरी हेर्नुभएको छ ?**

यसमा मुद्दा जसरी जानुपर्थ्यो, त्यसरी गएको देखिएन । एउटै निर्णयमा पनि कसैमाथि मुद्दा चलाउने र कसैमाथि मुद्दा नचलाउने निर्णय भएको छ । माथिल्लो तहमा बसेर निर्णय गर्नेलाई जोगाउन खोजेको देखिन्छ । तर, तलबाट आउँदा फट्याइँ भएकोरहेछ भने त्यसलाई रोक्नुपर्ने त माथिल्लो तहले नै हो । त्यसैले, यस प्रकरणमा मन्त्रिपरिषद्का सदस्य सबै पर्नुपर्ने हो । यसमा भएको निर्णय नीतिगत होइन । खालि नीतिगत निर्णयको आडमा संलग्नलाई बचाउने दुर्नियत राखिएको मात्र हो । मुख्य जिम्मेवार व्यक्तिलाई जोगाउने प्रयत्न डरलाग्दो छ । यसले मुद्दालाई कमजोर बनाउन सक्छ ।

**संगठित अपराधमा मुद्दा दायर गर्न किन नसकिएको होला ?**

सरकारी वकिलको कार्यालयले ऐन पछि आयो र कसुर त्यसअघि नै भएको हुनाले संगठित अपराध निवारण ऐन आकर्षित हुँदैन भन्ने तर्क गरेको छ । तर, यति ठूलो भ्रष्टाचारमा यति धेरै मानिसको संलग्नता संगठित अपराधविना सम्भव नै छैन । त्यसैले, यसरी किर्तेमा मात्र मुद्दा दायर हुनुमा ऐन मात्र जिम्मेवार छ जस्तो लाग्दैन ।

**अब ललितानिवासले न्याय पाउने सम्भावना कति देख्नुहुन्छ ?**

ललितानिवास प्रकरणमा व्यक्तिको जग्गा सरकारले मुआब्जा दिएर लिएको हो भन्ने अकाट्य प्रमाण पेस भइसकेको छ । त्यसैले, अब यो जग्गा जसरी पनि सरकारको अधीनमा आउनेमा शंका छैन । तर, यस प्रकरणमा भएको मुद्दा दर्तापछि यो सरकारी कागजात किर्ते र संगठित अपराधमा सामेल भई भ्रष्टाचार गर्नेले सजाय पाउने हकमा भने शंकै छ ।

---

## प्रेरक प्रसंग

### सही दिशाको यात्रा

एक पहलमानजस्ता हट्टाकट्टा मानिस सहरको एउटा स्टेसनमा उत्रिए । उनले एक ट्यাक्सी चालकसित भने- म पशुपतिनाथ मन्दिर जान चाहन्छु । त्यहाँसम्मको भाडा कति लाग्छ ? चालकले विनम्रतापूर्वक जवाफ दिए- दुई सय रुपैयाँ लाग्छ सर ! पहलमानले भने- गाउँबाट आएको सोझो मान्छे देखेर लुट्न खोज्दै छौ कि के हो ? भैगो, त्यहाँसम्म म आफ्नो झोला आफैं बोकेर हिँडेरै जान्छु ।



ती पहलमान झोला बोकेर आफ्नो बाटो लागे । निकै लामो समय हिँड्दा पनि उनी गन्तव्यमा पुग्न सकेनन् । साथै, गन्तव्य कति टाढा छ, त्यसको पनि उनलाई कुनै अनुमान भएन । केहीबेर थप हिँडिसकेपछि उनले पुनः पहिलेकै ट्याक्सी चालकलाई भेटे । उनले चालकसित भने- गुरुजी, अब त मैले आधाभन्दा बढी सडक त हिँडेरै पार गरिसकें । अबचाहिँ पशुपतिनाथ मन्दिरसम्म गएको कति लिनुहुन्छ त ? ट्याक्सीचालकले मुसुक्क हाँस्दै पहिलेजस्तै विनम्रतापूर्वक जवाफ दिए- अब मन्दिरसम्म पुग्न चार सय रुपैयाँ लाग्छ सर ! चालकको जवाफ सुनेर ती पहलमानले अचम्म मान्दै प्रश्न गरे- पहिले दुई सय, अब आधा बाटो पार गरिसकेपछि चार सय ? यस्तो लुट किन ? ट्याक्सी चालकले पुनः पूर्ववत् मुस्कुराउँदै जवाफ दिए- महोदय, तपाईं अहिलेसम्म पशुपतिनाथ मन्दिरको दिशामा होइन, त्यसको ठिक विपरीत दिशातिर हिँडिरहनुभएको छ । मन्दिर एकातिर छ भने तपाईं अर्कैतिर दौड लगाइरहनुभएको छ । अनि, लाग्दैन त चार सय ?

चालकको जवाफ सुनेपछि ती पहलमान केही नबोली चुपचाप ट्क्यासीमा बसे ।

---

## टिप्पणी

nayapatrikaofficial
@naya_patrika

### मिलापत्र होइन, सजाय देऊ

महोत्तरीको मनरा-सिसवा नगरपालिका-१०, मरुवाहीकी सतीदेवी चौधरीमाथि स्थानीय रामसिंहासन चौधरी र उनको परिवारका सदस्यहरूबाट जुन अपराध भएको छ, त्यसले सभ्य समाजकै गम्भीर उपहास गरेको छ । कुनै एउटी महिलामाथि यसरी बोक्सी आरोपमा अर्धनग्न बनाएर कुटपिट गर्नुभन्दा जघन्य अपराध अर्को के नै होला र ? यस्तो जघन्य अपराधमा समेत वडाध्यक्ष र गाउँका कथित अगुवाले मिलापत्र गर्न दबाब दिएको समाचार पढ्दा थप आक्रोशित बनाएको छ । यस्ता जघन्य अपराधमा संलग्न जोकोही भए पनि तिनलाई एकातिर समाजले सामाजिक बहिष्कार गर्ने र अर्कातिर कानुनले कानुनअनुसार कडाभन्दा कडा सजाय दिने हो भने हाम्रो समाजबाट यस्ता अपराधको न्यूनीकरणमा सघाउ पुग्न सक्छ । घटनामा मिलापत्र होइन, संलग्न पीडकलाई सजाय देऊ ।

● **अमृता पासवान**, लहान, सिराहा

### अभियुक्तलाई किर्ते मुद्दा मात्र किन ?

ललितानिवास जग्गा प्रकरणमा सिआइबीले यति लामो समय लिएर संगठित अपराध र सरकारी कागजात किर्तेमा अनुसन्धान गरी अभियोजन गर्न सिफारिस गरे पनि सरकारी वकिलको कार्यालयले यस प्रकरणमा संलग्न सम्पूर्ण अभियुक्तलाई सरकारी कागजात किर्तेमा मात्र मुद्दा दर्ता गर्नुले यस प्रकरणलाई हात्ती आयो, हात्ती आयो, फुस्सा बनाउन खोजिएको देखिन्छ । सरकारी वकिल यति गम्भीर मुद्दामा गम्भीर हुन नचाहनुको कारण के हो ?

● **सुबोध तामाङ**
अनामनगर, काठमाडौं

### काठमाडौंमा आवास किन ?

भैंसेपाटीमा मुख्यमन्त्री र प्रदेश प्रमुखका आवासीय भवनसम्बन्धी समाचार पढेपछि सरकारलाई केही प्रश्न सोध्न मन लाग्यो । देश संघीयतामा गएपछि प्रदेश राजधानीमा रहनुपर्ने मुख्यमन्त्री र प्रदेश प्रमुखका लागि संघीय राजधानीमा किन यति ठूलो रकम खर्चेर आवास बनाइएको हो ? के यही रकम खर्चेर प्रदेश राजधानीमा त्यस्ता संरचना बनाइएको भए हुँदैनथ्यो ? सुविधा देऊ, तर जहाँ आवश्यक छ, त्यहीं देऊ ।

● **अस्मिता शाक्य**
सैँबु, ललितपुर

### दोषी उम्किन नपाऊन्

'बोक्सी आरोपमा समाजसामु महिलालाई अर्धनग्न बनाएर कुटपिट' शीर्षकको समचार पढ्दा एकदमै दुःख लाग्यो । अहिलेका २१औं शताब्दीमा संसार कहाँदेखि कहाँ पुगिसक्यो । तर, हामी भने यस्तो अन्धविश्वासमा अल्झेर बस्नु आफैंमा एक लज्जाजनक विषय हो । कसैलाई बोक्सी आरोप लगाएर कुटपिट गरी अर्धनग्न बनाउने वेलासम्म रमिते बन्ने समाज पनि यस घटनामा दोषी छ ।

पीडितलाई मिलापत्रका लागि दबाब दिनु पनि ठूलो अपराध हो । संविधानले कसैमाथि यस्तो आरोप लगाउन मिल्दैन भन्दाभन्दै पनि यस्ता घटना बारम्बार दोहोरिइरहनु र प्रहरी प्रशासनले दोषीलाई कारबाही गर्नुको साटो मिलाउन खोज्नु एक चिन्ताजनक विषय हो । अझ कथित जनप्रतिनिधि र समाजका अगुवाले नै यस्तो जघन्य अपराधमा दोषीमाथि कारबाहीको माग गर्नुको साटो मिलापत्रका लागि दबाब दिनु अपराधमा मलजल गर्नु हो ।

यदि कोही बोक्सी हुन्छ र उसले अरूलाई हानि पुऱ्याउन सक्छ भने उसले आफू स्वयंलाई चाहिँ किन सम्पन्न र स्वस्थ बनाउन सक्दैन ? किन ऊ स्वयं बिरामी पर्छ ? किन उसले पनि खेतबारीमै काम गर्नुपर्छ, पसिना बगाउनुपर्छ ? फेरि, किन पिछडिएका जातजाति र वर्गका छोरीचेलीलाई मात्र बोक्सीको आरोप लगाइन्छ ? किन दलित र जनजातिका मात्र हुन्छन्, यस्ता घटनाका पीडित ? बोक्सी महिला हुन्छन् भने कुनै केटा किन बोक्सो हुँदैन ? त्यसैले, यस्ता घटना शासकले शासितलाई थप दबाउने खेल मात्र हो । यो गम्भीर दण्डनीय अपराध हो । अपराधीहरू उम्किन नपाऊन् ।

● **दीपेन्द्र तामाङ**, वैतेश्वर-२ , दोलखा
dipendratamanghappyfine@gmail.com

---

# के हो ब्रिक्स विस्तारको औचित्य ?

**जी-७ मा अमेरिका र ब्रिक्समा चिनियाँ वर्चस्व रहेका वेला यी दुवै समूह आजको विश्वव्यापी समस्यालाई उचित ढंगले सम्बोधन गर्न सक्षम छैनन्**



देश/विदेश

● जिम ओनिल

जब मैले पहिलोपटक सन् २००१ मा संक्षिप्त शब्द ब्रिकको प्रयोग गरेको थिएँ । वैश्विक शासनको संरचनामा ब्राजिल, रुस, इन्डिया (भारत) र चीनसहितका पाँच उदीयमान अर्थतन्त्र समावेश हुनुपर्छ भनेर मैले यो संक्षिप्त शब्दको प्रयोग गरेको थिएँ । यो समूहले विश्वको कुल जनसंख्याको लगभग ५० प्रतिशतभन्दा बढी हिस्सा ओगट्छ । तसर्थ यी मुलुकलाई वैश्विक मञ्चमा समावेश गर्नु आवश्यक थियो । तसर्थ, मैले संक्षिप्त शब्द ब्रिकको प्रयोग गरेको थिएँ ।

विगत दुई दशकमा केहीले मेरो मूल शोधलाई एक प्रकारको लगानी दस्ताबेजका रूपमा गलत ढंगले बुझेका छन् भने केहीले साउथ अफ्रिका थपिएपछि ब्रिक्सको राजनीतिक गठबन्धनको समर्थन पत्रका रूपमा व्याख्या गरेका छन् । तर, मैले कहिल्यै यी कोणबाट सोचेको थिइनँ । बरु जब सन् २००९ मा ब्राजिल र रुसी विदेशमन्त्रीले औपचारिक रूपमा ब्रिक नामक राजनीतिक समूह स्थापनाको प्रस्ताव गरे तबदेखि मैले यो समूहले एक प्रतीकात्मक ध्वाँस व्यक्त गर्नेबाहेक के उद्देश्य पूरा गर्छ भनेर प्रश्न गर्दै आएको छु ।

अहिले त ब्रिक्सले अर्जेन्टिना, इजिप्ट, इथियोपिया, इरान, साउदी अरब र युएई गरी थप ६ मुलुकलाई थप्ने घोषणा गरेको छ । म फेरि प्रश्न गर्छु उद्देश्य के ? कुनै विशेष ठोस कसीमा यो निर्णय भएको देखिँदैन ? थपिएका मुलुकको छनोट आर्थिक कारणबाट निःसृत छैन । उदाहरणका लागि इन्डोनेसियालाई किन छानिएन अथवा अर्जेन्टिना छानिँदा मेक्सिको किन छानिएन वा इथियोपियालाई लिँदा नाइजेरिया किन छुट्यो ?

ब्रिक्सको प्रतीकात्मक शक्ति बढ्नेमा कुनै सन्देह रहेन । ब्रिक्सले दोस्रो विश्वयुद्धपछिको विश्वका शासकीय निकायमाथिको पश्चिमा प्रभुत्व रहेको छ भन्ने दक्षिणी गोलार्धको शंकालाई उपयोग गरेको छ । यो समूहले कहिलेकाहीं अमेरिकाजस्ता विकसित अर्थतन्त्रबाहेकका उदीयमान र विकासशील राष्ट्रको प्रतिनिधिका रूपमा आफूलाई चित्रण गर्छ । हालसम्म पश्चिमा अन्तर्राष्ट्रिय संस्थाको संरचनाले विगत ३० वर्षको विश्वव्यापी आर्थिक परिवर्तनलाई प्रतिबिम्बित गर्दैन भनेर सबैलाई स्मरण गराउन पनि यो समूह सफल भएको छ ।

ब्रिक्स अर्थतन्त्र क्रयशक्ति समानताका आधारमा जी-७ भन्दा ठूलो छ । यी अर्थतन्त्र आफ्ना मुद्राको निहित मूल्यभन्दा कम मूल्यमा व्यापार गर्छन्, जसले यी मुलुकलाई उन्नत अर्थतन्त्रमा मौजुदा अमेरिकी डलरको तुलनामा सानो बनाउँछ । चीन दोस्रो ठूलो विश्व अर्थतन्त्र हो, जसको कुल गार्हस्थ्य उत्पादन (जिडिपी) जापान र जर्मनीभन्दा तीन गुणा बढी र अमेरिकाको जिडिपीको करिब ७५ प्रतिशतबराबर छ । भारत छिट्टै तेस्रो ठूलो अर्थतन्त्र बन्ने लक्ष्य राख्दै तीव्र गतिमा अगाडि बढिरहेको छ । इटली, बेलायत र जापानजस्ता जी-७ राष्ट्रले पनि सुस्त वृद्धिको सामना गरेका छन् । चीन ब्रिक्समा हाबी छ अर्थात् बाँकी सदस्यको जिडिपी एक ठाउँमा ल्याएर दुईगुणा गर्दा पनि चीनलाई भेट्दैन । त्यसैगरी, अमेरिकाले पनि जी-७ का मुलुकको संयुक्त जिडिपीलाई उछिनेको छ । अमेरिका र चीन दुवैले आ-आफ्ना समूहभित्र आफ्नो वर्चस्व बढाएका छन् । यो परिदृश्यमा न त जी-७, न ब्रिक्स आजको विश्वव्यापी समस्यालाई उचित ढंगले सम्बोधन गर्न सक्षम छन् ।

यहाँनेर आदर्श समाधान भनेको पुनर्जीवित भएको




*तस्बिर : पेर-एन्डर्स प्याटरसन्स/गेटी इमेजेस*

जी-२० हो, जसले जी-७ एवं ब्रिक्सका र अन्य सरोकारवालालाई पनि समेट्छ । जी-२० ले आर्थिक वृद्धि, व्यापार, जलवायु परिवर्तन र महामारीजस्ता विश्वव्यापी चिन्तालाई सम्बोधन गर्न उत्तम मञ्च दिएको छ । वर्तमान चुनौतीका बाबजुद जी-२० ले वित्तीय संकटको प्रतिक्रियालाई समन्वय गर्दा सन् २००८-१० मा गुमेको आफ्नो प्रभावकारितालाई पुनः हासिल गर्न सक्छ ।

ब्रिक्सको सन्दर्भमा यदि प्रमुख सदस्य साझा उद्देश्यमा साँच्चै प्रतिबद्ध हुन्छन् भने समूहको प्रभावकारितामा थोरै सुधार हुन सक्छ । यद्यपि चीन र भारतको विद्यमान द्विपक्षीय सम्बन्धलाई विचार गर्दा यी दुवैले बिरलै साझा आधार फेला पार्छन् । त्यसैगरी सन्तुलन कायम नभएसम्म यी दुई मुलुक प्रमुख विश्वव्यापी संगठनमा एक-अर्काको प्रभाव बढोस् भन्ने चाहँदैनन् । तथापि, यदि चीन र भारतले आफ्नो क्षेत्रीय द्वन्द्वलाई सफलतापूर्वक समाधान गर्न र थप सामञ्जस्यपूर्ण रचनात्मक सम्बन्धलाई बढावा दिन सक्छन् भने दुवैलाई पारस्परिक लाभ हुनेछ । यसले विश्वव्यापी व्यापार, आर्थिक वृद्धि र ब्रिक्स समूहको प्रभावकारितामा सकारात्मक योगदान पुग्नेछ । चीन र भारतबीचको सहकार्य विभिन्न क्षेत्रमा विस्तार हुन सक्छ, जसले ब्रिक्सका अन्य सदस्यलाई मात्र नभई बृहत् दक्षिणी गोलार्धका अन्य धेरै देशलाई पनि प्रभाव पार्न सक्छ । अहिलेको प्रमुख चिन्तामध्ये एक अमेरिकी डलरको प्रभाव हो । डलरमा विश्वको भारी निर्भरता र अमेरिकी फेडरल रिजर्भको नीति पूर्णतया अनुकूल छैनन् । यदि युरोजोनका सदस्य राष्ट्रले आफ्नो वित्तीय संयन्त्रलाई तरल बनाउन र विश्वका बाँकी भागमा अपिल गर्न एक भएका भए युरोले डलरको प्रभुत्व घटाउन सक्थ्यो । त्यसैगरी, यदि कुनै पनि ब्रिक्स राष्ट्र, विशेषतः चीन र भारतले पर्याप्त वित्तीय सुधार गरे भने यी मुलुकका मुद्राले थप अन्तर्राष्ट्रिय स्वीकृति हासिल गर्ने सम्भावना छ । तर, यदि यी दुई मुलुकले आफूलाई डलरको आलोचना मात्रै गर्ने र साझा ब्रिक्स मुद्रामा मात्रै सीमित राख्छन् भने यिनले धेरै हासिल गर्ने सम्भावना छैन ।

*(ओनिल बेलायतका पूर्वअर्थमन्त्री हुन्)*
*प्रोजेक्ट सिन्डिकेटबाट*

---

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# को हुन् रिपब्लिकन पार्टीभित्र ट्रम्पका प्रमुख प्रतिस्पर्धीका रूपमा उदाइरहेका रामास्वामी ?

## राष्ट्रपति चुनावलक्षित पहिलो रिपब्लिकन बहसमा विवेक रामास्वामीको प्रस्तुति ट्रम्पकै झल्को दिने खालको छ

विवेक रामास्वामी अर्को डोनाल्ड ट्रम्प हुन चाहन्छन् । बाहिरबाट आएर राजनीतिक संस्थापनलाई हल्लाइदिने र राष्ट्रपति चुनाव जितेर सो पदबाट उग्र दक्षिणपन्थी एजेन्डालाई प्रचारप्रचार गर्ने नेता हुन् उनी । 'म आजका ट्रम्पभन्दा धेरै सन् २०१५ का ट्रम्पजस्तो देखिन्छु,' रामास्वामीले यही महिना ब्रिटिस अभिनेता तथा पोडकास्ट सञ्चालक रसेल ब्रान्डसँगको अन्तर्वार्तामा भने । जवाफमा ब्रान्डले ठट्टा गर्दै उनलाई 'ट्रम्पभन्दा बढी ट्रम्पपन भएको, ट्रम्पपनमा ट्रम्पलाई उछिन्ने' नेता बताए । सो अन्तर्वार्ताको दुई सातापछि सन् २०२४ को राष्ट्रपति चुनावलक्षित पहिलो रिपब्लिकन बहसमा रामास्वामीको प्रस्तुति ट्रम्पकै झल्को दिने खालको थियो । उनले मञ्चमा उभिएका आफ्ना प्रतिद्वन्द्वीको आलोचना मात्र गरेनन्, आक्रमणमा आनन्द लिइरहेका थिए र नौलो नीतिगत प्रस्ताव प्रस्तुत गरिरहेका थिए ।

रामास्वामीको प्रस्तुतिले उनी एकाएक अमेरिकाभरका राजनीतिक विश्लेषक तथा मिडिया टिप्पणीकारका नजरमा परे । धेरै अमेरिकी मिडियाले रामास्वामीलाई पहिलो रिपब्लिकन उम्मेदवारबीचको बहसको विजेता बताएका छन् । 'रामास्वामीका लागि बहस निकै राम्रो भयो । उनी धेरै विषयमा हाबी भए भने आफ्ना असन्तुष्टि प्रभावकारी रूपमा राख्न सफल भए,' बहसपछि रिपब्लिकन विश्लेषक जोन फिहेरीले भने । रामास्वामीले पाइरहेको प्रशंसामाझ उनले अघि सारेका नौला विचारको पनि चर्चा सुरु भयो । उदारवादीहरूले तिनलाई खतरनाक बताएका छन्, अरूले अव्यावहारिक । उनले अघि सारेका नीतिमा खनिज इन्धनको प्रयोगलाई बढावा दिनेदेखि मेक्सिकोबाट अमेरिका ड्रग्स भित्र्याउने डिलरविरुद्ध सैन्य अभियान चलाउनेसम्मका विषय छन् ।

पहिलो बहसमा राम्रो प्रस्तुति दिए पनि मतसर्वेक्षणमा रामास्वामी ट्रम्पभन्दा धेरै पछाडि छन् । तथापि उनको तीव्र उदयले रिपब्लिकन पार्टी राजनीतिक अनुभव नभएको तर नयाँ र कट्टर विचार प्रस्तुत गर्ने उम्मेदवारलाई समर्थन गर्न तयार रहेको इंगित गर्छ । कुनै वेला रिपब्लिकन पार्टीका कंग्रेसम्यान (सांसद) रहेर हाल सो पार्टीका आलोचकमा बदलिएका जो वाल्सले शुक्रबार सामाजिक सञ्जालमा गरेको पोस्टमा रिपब्लिकनहरूले अहिले एक 'धाकधम्की दिन सक्ने' वा 'अधिनायकवादी' नेतालाई राष्ट्रपति उम्मेदवारको खोजिरहेको आरोप लगाए । उनले भने, 'त्यो भनेको ट्रम्पले विगतमा गरेकोजस्तै काम हो, भलै त्यसका लागि ट्रम्प स्वयं आवश्यक नपर्ने देखिएको छ । अब ट्रम्पको काम बाँकी दुई उम्मेदवार फ्लोरिडाका गभर्नर रोन डिसेन्टिस र रामास्वामीले पनि गर्न सक्ने देखिएका छन् । अरू त छेउमा पनि आउँदैनन् ।'

### सफल व्यवसायी

भारतबाट अमेरिका आप्रवासीका रूपमा आएका अभिभावकबाट ३८ वर्षअघि ओहायोमा जन्मिएका रामास्वामी सफल व्यवसायी हुन् । उनले औषधि उद्योग र बायोटेक (जैविक प्रविधि)बाट करोडौं डलर आर्जन गर्न सफल भए । सन् २०२१ मा



> पहिलो मिडिया बहसमा राम्रो प्रस्तुति दिए पनि मतसर्वेक्षणमा रामास्वामी ट्रम्पभन्दा धेरै पछाडि छन् । तथापि उनको तीव्र उदयले रिपब्लिकन पार्टी राजनीतिक अनुभव नभएको, तर नयाँ र कट्टर विचार प्रस्तुत गर्ने उम्मेदवारलाई समर्थन गर्न तयार रहेको इंगित गर्छ ।

उनले लेखेको 'ओक, इन्क' पुस्तकले उनलाई दक्षिणपन्थी वृत्तमा परिचित बनायो । पुस्तकमा उनले दिगो तथा समतामुखी व्यावसायिक नीतिको विरोधमा शब्द खर्चेका छन् । पुस्तकले चर्चा पाउन थालेपछि उनी दक्षिणपन्थी मिडिया 'फक्स न्युज'मा देखिन थाले, जहाँ उनले मुख्यतः उदारवादीहरूको पहिचानको राजनीतिमाथि आक्रोश पोखेको देखिन्थे । रामास्वामीले रिपब्लिकनभित्र बढ्दै गएको सकारात्मक विभेदको नीतिप्रतिको आक्रोशलाई पक्रन खोजेका छन् । रामास्वामी 'मेरिटोक्रेसी (उत्कृष्टतामा आधारित प्रणाली)'लाई विविधता बढाउने नाममा नश्लमा आधारित गर्न नहुने तर्क गर्छन् । 'सकारात्मक विभेद पनि विभेद नै हो,' उनी बारम्बार भन्ने गर्छन् ।

रामास्वामी पछिल्लो समय नियमित रूपमा मिडिया बहसमा देखिने भए पनि उनले राष्ट्रपतिको उम्मेदवारी दिँदा थोरै अमेरिकीले मात्र उनलाई नामले नै चिन्न सक्थे । तर, केही मिहिनाभित्रै उनले आफूलाई अपरिचित रिपब्लिकन राष्ट्रपतीय उम्मेदवारबाट ट्रम्पपछि दोस्रो स्थानका लागि डिसेन्टिससँग प्रतिस्पर्धा गर्ने उम्मेदवार बनाइसकेका छन् । 'धेरै अमेरिकीलाई वासिंटनका राजनीतिक समस्यालाई कुनै बाहिरियाले पसेर ठिक गर्ने भाष्यले आकर्षित गर्छ । रिपब्लिकन पार्टी त्यो बाहिरिया सफल व्यवसायी छ भने त भनै आकर्षक हुन्छ,' जर्ज वासिंटन विश्वविद्यालयका राजनीतिक व्यवस्थापन कार्यक्रमका निर्देशक प्राध्यापक टोड बेल्टले भने ।

### के छन् उनका नीति ?

रामास्वामीले आफ्नो चुनावी अभियानमा १.५ करोड डलर व्यक्तिगत रकम हालेको संघीय चुनाव रेकर्डले देखाउँछ । धाराप्रवाह भाषण गर्ने क्षमता भएका रामास्वामी सधैं हाँसिरहेका देखिन्छन् । दुई सन्तानका पिता रामास्वामी धर्म, परिवार र राष्ट्रियतालाई समाजका अधिकांश विकारको उपचार बताउने गर्छन् । उनी धार्मिक रूपले हिन्दू भए पनि राजनीतिक बहसमा भने 'जुडियो-क्रिस्चियन मूल्य'लाई जोड दिन्छन् । अध्ययनको कुरा गर्दा रामास्वामीले हार्वर्ड विश्वविद्यालयबाट जीवविज्ञान र यल ल स्कुलबाट कानुनको डिग्री हासिल गरेका छन् । रामास्वामीले आफूलाई समस्या समाधान गर्न सक्ने उम्मेदवार मात्र होइन, रिपब्लिकन पार्टीको एकता उम्मेदवारका रूपमा प्रस्तुत गरिरहेका छन् । तीक्ष्ण अभिव्यक्ति क्षमता भए पनि उनका कतिपय चुनावी एजेन्डा अव्यावहारिक वा राष्ट्रपतिको क्षेत्राधिकारभन्दा माथिका भएको आलोचकहरूले बताएका छन् ।

उदाहरणका लागि उनले नागरिक परीक्षा पास नगरेका वा सेनामा सेवा नगरेका युवाहरूको मतदान उमेर १८ बाट बढाएर २५ बनाउने बताएका छन् । तर, यसलाई कार्यान्वयन गर्न अमेरिकाको संविधान संशोधन गर्नुपर्ने हुन्छ र यति ध्रुवीकृत मुद्दामा संशोधन गर्न आवश्यक बहुमत पुग्ने सम्भावना छैन । उनले आफू राष्ट्रपति भए शिक्षा मन्त्रालय र अमेरिकी कर विभाग 'इन्टरनल रिभेन्यु सर्भिस'लाई खारेज गर्ने र अमेरिकाको प्रमुख सुरक्षा निकाय एफबिआई अरू निकायमा गाभेर भंग गर्ने बताएका छन् । यी पनि कार्यान्वयन गर्न कठिन मुद्दा हुन् ।

जलवायु परिवर्तनको कारण अमेरिकाले डढेलोको सामना गरिरहेको र विश्वभर विपत् बढेको समयमा उनी खनिज इन्धनको पक्षमा उभिएका छन् । पहिलो रिपब्लिकन उम्मेदवारको बहसमा पनि उनले जलवायु परिवर्तनलाई उदारवादीले चलाएको झुटो हल्ला मात्र भएको दाबी गरे । बहसमा रामास्वामीको तर्कको सबैभन्दा चर्को प्रतिक्रिया युक्रेनबारे उनको भनाइले निम्त्याएको थियो । उनले आफू राष्ट्रपति भए युक्रेनलाई दिइरहेको आर्थिक सहयोग रोक्ने बताएपछि अधिकांश प्रतिस्पर्धीले उनको विरोध गरेका थिए । गत वर्ष रुसले युक्रेनमाथि आक्रमण सुरु गरेदेखि अमेरिकाले युक्रेनमा अर्बौं डलरको सैन्य तथा मानवीय सहयोग दिइसकेको छ । तर, रामास्वामीले यो नीति 'ध्वंसात्मक' भएको र अमेरिकाले विदेशी भूमिमा भन्दा आफ्नो दक्षिण सिमाना सुरक्षामा जोड दिनुपर्ने बताए ।

रामास्वामीले यस विषयमा बोल्ने क्रममा युद्ध सुरु भएपछि युक्रेन पुगेर त्यहाँका राष्ट्रपति भेटेका रिपब्लिकन राष्ट्रपतिका प्रतिस्पर्धी तथा पूर्वराष्ट्रपति माइक पेन्स र क्रिस क्रिस्टीको आलोचना गरे । 'हाम्रा केही व्यावसायिक राजनीतिज्ञले किभको तीर्थाटन गरेर तिनको पोप जेलेन्स्कीलाई भेटेको सुन्दा मलाई घिन लागेको थियो । जबकि ती यही देशको मोउई जल्दा र सिकागोको दक्षिण भेगको समस्यामा सहानुभूति जनाउन गएनन्,' उनले भने । जवाफमा संयुक्त राष्ट्र संघका लागि पूर्वराजदूत रहिसकेकी अर्की उम्मेदवारकी प्रतिस्पर्धी निक्की हेलीले रामास्वामीलाई अमेरिकाको मित्रशक्तिको साटो रुसी राष्ट्रपति पुटिनको पक्षमा उभिएको आरोप लगाइन् । अधिकांश रिपब्लिकन सांसद युक्रेनलाई सघाउने पक्षमा भए पनि पार्टीका समर्थक भने यस मुद्दामा विभाजित छन् । यस मुद्दामा बहसमा उपस्थित प्रतिस्पर्धीमाझ रामास्वामी अल्पमतमा देखिए पनि युक्रेन युद्धबारे उनको अडानले केही मतदातालाई आकर्षित गर्नेछ ।

'बहसमा रामास्वामी स्पष्ट, सहज, हँसमुख, सटिक र मुद्दामा केन्द्रित थिए । जसले उनलाई बहस अवधिभर बौद्धिक देखाउन सघायो । यही कारणले पनि उनी पहिलो रिपब्लिकन बहसमा विजयी भए,' कन्जर्भेटिभ पत्रकार डेभिड ब्रोडीले बहसपछि सामाजिक सञ्जालमा लेखेका थिए । रामास्वामीको चुनावी अभियान व्यवस्थापन समितिले एपी समाचार एजेन्सीलाई बहसपछिको केही घन्टामै ससानो चन्दाका रूपमा चार लाख ५० हजार डलर जम्मा भएको जानकारी दियो । तथापि हालसम्म उनको चन्दा संकलन ट्रम्प र डिसेन्टिसभन्दा निकै पछाडि छ । फ्लोरिडाका गभर्नर डिसेन्टिसले बहसको २४ घन्टाभित्र १० लाख डलर चन्दाका रूपमा उठाएको एबिसीले शुक्रबार बतायो । त्यस्तै अहिलेकै हिसाबमा रामास्वामीले ट्रम्पको पार्टीमाथिको प्रभाव कमजोर पार्ने सम्भावना न्यून देखिन्छ ।

*अल जजिराबाट*

## इतिहासमा आज अगस्ट २९



**सन् १८४२** : चीनले नान्जिङ सन्धिमा हस्ताक्षर गऱ्यो । चीनमा आपराधिक कार्यमा अभियोग लगाइएका बेलायती नागरिकलाई बेलायती अदालतमा मुद्दा चलाउने अधिकार दिनुका साथै आयातमा लाग्ने शुल्कमा सीमा तोकिएको थियो ।

**सन् १९४९** : सोभियत युनियनद्वारा प्रथम आणविक बम परीक्षण । ५०१ वा फस्ट लाइटेनिङ कोड नाम दिइएको २२ किलोटन एटोमिक बम कजाकस्थानका सेमिपलानटिस्क परीक्षण स्थलमा परीक्षण गरिएको थियो । अमेरिकाले सोभियत बमलाई जोई-१ भनेको थियो ।

**सन् १९८८** : अब्दुल मोहमद अफगानिस्तानबाट अन्तरिक्षको भ्रमण गर्ने पहिलो व्यक्ति बने । अफगान वायुसेनाका पाइलट मोहमद सोभियत अन्तरिक्षयान सोयुज टिएम-६ का चालकदलका सदस्य थिए । उनी नौ दिनसम्म अन्तरिक्षमा रहे ।

**सन् १९९१** : असफल कुको पृष्ठभूमिमा तत्कालीन सोभियत युनियनको संसद् द्वारा कम्युनिस्ट पार्टीका गतिविधि निलम्बन ।

**सन् २००३** : इराकमा एक मस्जिदमा भएको हमलामा सिया मुस्लिम नेता आयतोल्लाह सइद मोहमद बकिर अल हाकिमसहित सयजनाको मृत्यु ।

## विश्व संक्षेप

### चन्द्रयान-३ को अनुसन्धान यात्रा जारी

**नयाँदिल्ली** / चन्द्रयान-३ को रोभर मोड्युल प्रज्ञानको चन्द्रमाको दक्षिणी ध्रुवमा अनुसन्धान जारी छ । पहिलो र दोस्रो उद्देश्य सफलतापूर्वक पूरा भएपछि यान यसको तेस्रो उद्देश्यका लागि अघि बढिरहेको भारतीय वैज्ञानिकले बताएका छन् । अन्तरिक्षसम्बन्धी अध्ययन गर्ने भारतीय स्पेस अप्लिकेसन सेन्टर (एसएसी) का निर्देशक निलेश एम देसाईंले चन्द्रयान-३ को रोभर मोड्युल प्रज्ञान समयको दौडमा रहेको र छपाग्रे रोभरमार्फत अज्ञात दक्षिणी ध्रुवको अधिकतम दूरी तय गर्ने काम गरिरहेको बताए । वैज्ञानिकका अनुसार चन्द्रमाको सतहमा सफ्ट ल्यान्डिङपछि मात्र 'वास्तविक काम' सुरु हुन्छ । गत अगस्ट २३ मा चन्द्रयान-३ को ल्यान्डर मोड्युल चन्द्रमाको दक्षिणी ध्रुवमा सफलतापूर्वक अवतरण गरेपछि भारतले ठूलो फड्को मारेको थियो ।

### इजरायली समकक्षीलाई भेटेपछि लिबियाका विदेशमन्त्री निलम्बित

**जेरुसेलम** / लिबियाका प्रधानमन्त्रीले आफ्ना विदेशमन्त्रीलाई इजरायली समकक्षीसँग भेट गरेपछि निलम्बन गरेका छन् । प्रधानमन्त्री अब्दुल हमिद दबेबाले विदेशमन्त्री नजला मङ्गौसलाई निलम्बन गरेका हुन् । संसद्मा सभामुखको कार्यालयले निलम्बित विदेशमन्त्रीलाई देशद्रोहको आरोप लगाएको छ । उनीमाथि अनुसन्धान सुरु भएको छ । इजरायलसँगको सम्पर्कलाई लिएर लिबियामा विरोध प्रदर्शन सुरु भएको छ । प्यालेस्टिनीको समर्थक लिबियाले इजरायललाई मान्यता दिएको छैन । इजरायलसँगको सम्पर्कलाई लिएर लिबियामा विरोध प्रदर्शन सुरु भएको छ । इटलीको रोममा दुवै देशका विदेशमन्त्रीबीच हालै भएको भेटवार्तालाई लिएर विरोध प्रदर्शन भएको हो । इजरायली विदेशमन्त्री एली कोहेनले निलम्बनमा परेका लिबियाका विदेशमन्त्रीसँगको बैठकलाई ऐतिहासिक भन्दै त्यसलाई त्रिपोलीसँग सम्बन्ध स्थापना गर्ने पहिलो कदम भएको बताएका छन् । पछिल्लो समय इजरायलले आफूलाई आधिकारिक रूपमा मान्यता नदिने अरब र मुस्लिम बहुल देशसँग घनिष्ठ सम्बन्ध कायम गर्ने प्रयासलाई जारी राखेको छ ।

दर्ता नं.६४७/०७७

## अरूण बहुद्देश्यीय सहकारी संस्था लिमिटेड

(सहकारी ऐन २०४८ अन्तर्गत स्थापित)

शान्तिनगर, काठमाडौं ३१, फोन नं. ०१-४१०७७५०

### कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना

यस संस्थाबाट तपशिलमा उल्लेखित ऋणी सदस्यले विभिन्न शिर्षकमा लिएको कर्जाको यस संस्थासंग गरेको शर्त सम्झौता बमोजिम समय समयमा बुझाउनु पर्ने साँवा, ब्याज लगायत अन्य दस्तुर आदि नतिरी, नबुझाई संस्थासंग गरेको कर्जा सम्बन्धि शर्त, सम्झौता, बन्देजहरु उल्लङ्घन गरेकोले संस्थाको सम्पूर्ण लेना रकम चुक्ता गर्न पटक/पटक लिखित तथा मौखिक रुपमा ताकेता गर्दा समेत संस्थाको कर्जा चुक्ता गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेको हुंदा यो सार्वजनिक सुचना जारी गरीएको छ । यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र संस्थामा सम्पर्क राखी आफुले लिएको कर्जा राफसाफ गर्नुहुन अनुरोध छ । उक्त म्याद भित्र कर्जा चुक्ता नगरेमा ऋण लिँदाका बखत धितो सुरक्षण रहेको धितो सम्पति लिलाम बिक्रि गरी संस्थाको लेना रकम असुल उपर गरीने व्यहोरा अवगत गराइएको छ ।साथै संस्थामा कायम रहेको धितोबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा ऋणिको अन्य चलअचल जायजेथा हकभोग श्रीसम्पत्तिबाट बाँकि रकम ऐन कानून बमोजिम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

| | | |
|---|---|---|
| ऋणिको नाम: **प्रविन पन्त**<br>स्थाई ठेगाना: जि.कञ्चनपुर, झलारी-२<br>ना.प्र.प.नं.: १६८४१४ कञ्चनपुर<br>२०६२/४/१०<br>वावुको नाम: गणेश प्रसाद पन्त<br>बाजेको नाम: प्रभाकर पन्त<br>कर्जा शिर्षक: हायर पर्चेज | ऋणिको नाम: **तेजिन्द्र बहादुर शाही**<br>स्थाई ठेगाना: जि.डोल्पा, दुनै-५<br>ना.प्र.प.नं.: १५९९/डोल्पा<br>२०५०/१/१४<br>वावुको नाम: नर बहादुर शाही<br>बाजेको नाम: धर्म बहादुर शाही<br>कर्जा शिर्षक: हायर पर्चेज | ऋणिको नाम: **तोयानाथ पोखरेल**<br>स्थाई ठेगाना: जि.दोलखा, कावे-३<br>ना.प्र.प.नं.: १८०१/७१३ दोलखा<br>२०४४/११/१<br>वावुको नाम: विष्णु प्रसाद पोखेल<br>बाजेको नाम: चन्द्राखर पोखेल<br>कर्जा शिर्षक: हायर पर्चेज |
| ऋणिको नाम: **सोमे तितुङ्ग**<br>स्थाईठेगाना: जि.मकवानपुर, वसामाडी-६<br>ना.प्र.प.नं.: २७/६६७ मकवानपुर<br>२०५५/३/८<br>वावुको नाम: सिंह विर तितुङ्ग<br>बाजेको नाम: हर्क बहादुर तितुङ्ग<br>कर्जा शिर्षक: हायर पर्चेज | ऋणिको नाम: **दामोदर जाजु**<br>स्थाई ठेगाना: जि.मोरङ्ग, विराटनगर-१२<br>ना.प्र.प.नं.: ६२५/५२७७ मोरङ्ग<br>२०४४/१२/१७<br>वावुको नाम: मदनलाल जाजु<br>बाजेको नाम: मिश्रीलाल जाजु<br>कर्जा शिर्षक: बिषेश व्यापार | ऋणिको नाम: **पवन कुमार पन्त**<br>स्थाई ठेगाना: जि.कञ्चनपुर, झलारी-२<br>ना.प्र.प.नं.: १६८४१५ कञ्चनपुर<br>२०६२/४/१०<br>वावुको नाम: गणेश प्रसाद पन्त<br>बाजेको नाम: प्रभाकर पन्त<br>कर्जा शिर्षक: हायर पर्चेज |
| ऋणिको नाम: **कुमार सेढाईं**<br>स्थाईठेगाना: जि.धादिङ्ग, महादेवस्थान-४<br>ना.प्र.प.नं.: २१७०५ धादिङ्ग<br>२०५४/८/२<br>वावुको नाम: बाबुराम सेढाईं<br>बाजेको नाम: हुतराज सेढाईं<br>कर्जा शिर्षक: हायर पर्चेज | ऋणिको नाम: **निर्मल श्रेष्ठ**<br>स्थाईठेगाना: जि. काभ्रे, खनालचोक-८<br>ना.प्र.प.नं.: १०९१५४ काभ्रे<br>२०५९/२/२०<br>वावुको नाम: बद्रि बहादुर श्रेष्ठ<br>बाजेको नाम: विल बहादुर श्रेष्ठ<br>कर्जा शिर्षक: हायर पर्चेज | ऋणिको नाम: **देवदत्त रोश्यारा**<br>स्थाई ठेगाना: जि.कैलाली, श्रीपुर-१<br>ना.प्र.प.नं.: ३१७३८ कैलाली<br>२०५६/४/१७<br>वावुको नाम: हरि प्रसाद रोस्यारा<br>बाजेको नाम: देउमुनी रोस्यारा<br>कर्जा शिर्षक: हायर पर्चेज |
| ऋणिको नाम: **यज्ञ सिंह बुढाथोकी**<br>स्थाईठेगाना: जि.सल्यान, मार्के-१<br>ना.प्र.प.नं. १९५ /६५ सल्यान<br>२०३६/१०/२०<br>वावुको नाम: प्रचण्डप्रताप सिंह बुढाथोकी<br>बाजेको नाम: जहर सिंह बुढाथोकी<br>कर्जा शिर्षक: हायर पर्चेज | ऋणिको नाम: **अमित ताम्राकार**<br>स्थाईठेगाना: जि.मोरङ्ग, विराटनगर१४<br>ना.प्र.प.नं.: ८७६० मोरङ्ग<br>२०५०/८/२३<br>वावुकोनाम:अर्जुन कुमार ताम्राकार<br>बाजेकोनाम: उजित बहादुर ताम्राकार<br>कर्जा शिर्षक: हायर पर्चेज | ऋणिको नाम: **रामचन्द्र संजेल**<br>स्थाई ठेगाना: जि.ललितपुर, शंखु-६<br>ना.प्र.प.नं.: ५२७३७ ललितपुर<br>२०४८/०२/१६<br>वावुको नाम: चेतनाथ संजेल<br>बाजेको नाम: भवनाथ संजेल<br>कर्जा शिर्षक: हायर पर्चेज |
| ऋणिको नाम: **शशिराज गिरी**<br>स्थाईठेगाना: जि.सिन्धुपाल्चोक, ईर्खु-६<br>ना.प्र.प.नं.: ५५७७८ सिन्धुपाल्चोक<br>२०४७/६/२<br>वावुको नाम: पहल गिरी<br>बाजेको नाम: सनमान गिरी<br>कर्जा शिर्षक: हायर पर्चेज | ऋणिको नाम: **रामचन्द्र खत्री**<br>स्थाई ठेगाना: जि.दोलखा, माटी-७<br>ना.प्र.प.नं.: ३१४९/१८०६ दोलखा<br>२०४६/१२/२४<br>वावुको नाम: मान बहादुर खत्री<br>बाजेको नाम: बृष बहादुर खत्री<br>कर्जा शिर्षक: हायर पर्चेज/व्यापार | |

Nagarjun Municipality

## Office of Municipal Executive

Harisiddhi, Sitapaila

### Notice of Intention to Award Contract

(Date of Publication: 2080/05/12)

In reference to the notice published on the National daily "Naya Patrika " dated 16th June 2023; pursuant to public procurement act clause 27 (2&3), it is hereby notified to all the concerned bidders that it is our intention to award the contract as mentioned below.

| SN | Contract ID / Name of Works | Lowest Evaluated Substantially Responsive Bidder | Amount (Inclusive VAT and PS) |
|---|---|---|---|
| 1 | Nagarjun/NCB/W/38/2079-80(Thapachowk Basnetgaun Aadeshwor Bhitri Bato Staronnati) | Swostik Nepal Construction Pvt. Ltd Pepsicola, Kathmandu | NRs.57,73,787.17 (Fifty Seven Lakh Seventy Three Thousand Seven Hundred Eighty Seven Rupees and Seventeen Paisa Only.) |
| 2 | Nagarjun/NCB/W/39/2079-80 (Kotadevi Road Upgrading Works) | Shubha Bihani Construction Pvt. Ltd. Nagarjun-4, Sitapaila, Kathmandu | NRs.46,26,984.77 (Forty Six Lakh Twenty Six Thousand Nine Hundred Eighty Four Rupees and Seventy Seven Paisa Only.) |
| 3 | Nagarjun/NCB/W/40/2079-80(Pankhaghar Ghattetar Road Upgrading Works) | Quick S. and A. Construction Pvt. Ltd Minbhawan, Kathmandu | NRs.34,27,677.67(Thirty Four Lakh Twenty Seven Thousand Six Hundred Seventy Seven Rupees and Sixty Seven Paisa Only.) |
| 4 | Nagarjun/NCB/W/41/2079-80 Ward No.3 Bhitri Bato Staronnati | Mansa Construction and Suppliers Banepa, Kavre | NRs.58,48,395.96(Fifty Eight Lakh Forty Eight Thousand Three Hundred Ninety five Rupees and Ninety Six Paisa Only.) |
| 5 | Nagarjun/NCB/W/42/2079-80 (Ward no.8 Bhitri Bato Staronnati) | Rising Bartaula Construction Namtar-2, Makwanpur | NRs.59,77,877.63(Fifty Nine Lakh Seventy Seven Thousand Eight Hundred Seventy Seven Rupees and Sixty Three Paisa Only.) |
| 6 | Nagarjun/NCB/W/46/2079-80 (Ward no.7 Ghumti Sadak ,Green Village and Naya Basti Sadak Staronnati) | Karuna Builders and Suppliers Pvt. Ltd Kathmandu | NRs.43,62,614.72 (Forty Three Lakh Sixty Two Thousand Six Hundred Fourteen Rupees and Seventy Two Paisa Only.) |
| 7 | Nagarjun/NCB/W/51/2079-80 (Sangam Basti Road Upgrading Works) | Rising Bartaula Construction Namtar-2, Makwanpur | NRs.32,95,281.52(Thirty Two Lakh Ninety Five Thousand Two hundred Eighty One Rupees and Fifty Two Paisa only.) |

**Chief Administrative Officer**

# ऊर्जा विकास मार्गचित्रमा निजी क्षेत्रका अपेक्षा

मार्गचित्र ल्याउँदा विद्युत् उत्पादनको लक्ष्यअनुसार अधिकतम बजेट र प्रसारण लाइन तथा सबस्टेसनलाई समेत बजेट व्यवस्था गरी समयमै सम्पन्न गर्ने प्रतिबद्धता जनाउनुपर्छ



अर्थ संवाद

• मोहनकुमार डाँगी

यति वेला ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ऊर्जा विकाससम्बन्धी नयाँ मार्गचित्र (रणनीति) ल्याउने तयारीमा छ। यसअघि पनि पटक-पटक ऊर्जा विकाससम्बन्धी विभिन्न नीति आएका थिए। तर, त्यसको कार्यान्वयन भने राम्रो भएन। अहिले सरकारले सन् २०३५ लाई लक्षित वर्ष मानेर ऊर्जा क्षेत्रको विकासका लागि नयाँ मार्गचित्र बनाउँदै छ। यो क्षेत्रको विकासका लागि सरकारले केही प्रभावकारी नीति ल्याउनुपर्छ भन्ने माग निजी क्षेत्रको पनि थियो। त्यो मार्गचित्र ल्याउने प्रक्रियामा सरकार गएको छ। यो स्वागतयोग्य विषय हो। साथै, यसको सफल कार्यान्वयन हुनेमा आशावादी पनि छौं।

निजी क्षेत्रले उठाउँदै आएका केही मुद्दा उक्त मार्गचित्रले सम्बोधन गर्नुपर्छ भन्ने हाम्रो माग छ। नेपालको जलविद्युत् विकासमा निजी क्षेत्रको महत्वपूर्ण योगदान रहँदै आएको छ। जलविद्युत् उत्पादनमा त निजी क्षेत्रको हिस्सा आधाभन्दा बढी छ। समग्रमा निजी क्षेत्रको उपस्थिति विनाऊर्जा क्षेत्रको विकास सोचेअनुरूप गर्न सम्भव छैन। तर, ऊर्जा विकासमा ठूलो योगदान गर्दै आएको निजी क्षेत्रले भने विभिन्न समस्या झेल्दै आएको छ। मन्त्रालयले बनाउन लागेको उक्त मार्गचित्रले त्यस्ता समस्यालाई समाधान गर्ने गरी विभिन्न नीतिगत व्यवस्था गर्छ भन्नेमा निजी क्षेत्र आशावादी छ।

**ऊर्जा क्षेत्रका समस्या :** अहिले लगानी अभाव, स्थानीयको अवरोधलगायतका कारण जलविद्युत् आयोजना, प्रसारण लाइन तथा सबस्टेसन निर्माणमै समस्या छ। आयोजनासम्म पहुँच मार्ग बनाउन पनि समस्या छ। त्यसमाथि जग्गा खरिदमा हुने हदबन्दीका कारणले पनि हामीलाई काम गर्न गाह्रो भएको छ। प्रोबाबिलिटी अफ एक्सिडेन्स अर्थात् पिओई आधारमा विद्युत् खरिद बिक्रीको दररेट निर्धारणमा नीतिगत व्यवस्था पनि छैन।

यस्तै, १०० मेगावाटभन्दा माथिका आयोजनाहरूमा १७ प्रतिशतको रिर्टन अन इक्युटीको प्रावधानले बैंक ऋण तथा स्वलगानीमा समस्या भइरहेको छ। साथै, अहिले विद्युत् खपत नहुने समस्या पनि देखिएको छ । उत्पादन भएको विद्युत् खेर गइरहेका छन्। बजार खोजी गर्ने विषयमा उचित कदम उठाउन सकिएको छैन। विद्युत्को बजार विस्तार भएको छैन। निजी क्षेत्रले विद्युत् व्यापार गर्छु भन्दा पनि नदिएको अवस्था छ। समय सापेक्ष विद्युत् ऐन जारी गर्न सकिएको छैन।

अहिले एउटा आयोजना बनाउनुपरे सरकारी प्रक्रिया पूरा गर्न सात मन्त्रालय, २३ विभाग र सयौँ टेबल धाउनुपर्ने बाध्यता छ। ऊर्जा, वन, भूमिसुधार, अर्थ, गृह, उद्योग र रक्षाजस्ता सरोकारवाला मन्त्रालयबीच समन्वय हुन सकेको छैन। वन तथा वातावरणसम्बन्धी नीतिनियम तथा ऐन कानुन विद्युत् विकासमैत्री छैनन्। यस्तै, सरकारी जग्गा प्राप्ति तथा रुख कटानका लागि मन्त्रिपरिषद्बाट पारित भएपछि पनि कार्यान्वयनमा समस्या आइरहेको छ। एकातिर ०७६ सालदेखि आरओआर आयोजनाको पिपिए रोकिएको छ। बीचमा कोटा थप गरेर १५ सय मेगावाटको पिपिए खुलाइएको छ। तर, अझै १२ हजार मेगावाट क्षमताका आयोजनाको पिपिए हुन सकेको छैन। भएकै पिपिए र ग्रिड कनेक्सन सम्झौता पनि राम्रोसँग कार्यान्वयन भएको छैन।

त्यसमाथि लामो समयदेखि पिपिएदर परिवर्तन भएको छैन। पिपिएदर स्थिर हुँदा स्वाभाविक रूपमा आयाजनाहरूको आम्दानी पनि फिक्स्ड नै हुन्छ। तर, बैंकको ब्याजदर भने परिवर्तनशील छ। यस्तै, स्थानीयस्तरबाट आयोजनामा हुने आक्रमणका घटनाले पनि निजी क्षेत्र निरुत्साहित भएको छ। यस्ता समस्याले जलविद्युत्को विकास गर्न बाधा भइरहेको छ। यस्ता समस्यालाई समाधान गर्ने गरी ऊर्जा विकासको मार्गचित्र ल्याउनुपर्छ।

**के हो त समाधान ? :** ऊर्जा विकासमा देखिएका यस्ता समस्यालाई समाधान गर्न सरकारले ऊर्जा संकटकाल नै घोषणा गर्नुपर्छ। जलविद्युत्को विकासमा वन, वातावरण, भूमिसम्बन्धी कानुनले बाधा पुऱ्याउँदै आएको छ। अब ऊर्जा संकटकाल लगाएर उक्त कानुनमा भएका बुँदा खारेज गरी निजी क्षेत्रका प्रवर्द्धकहरूलाई केही समय निर्बाध रूपमा काम गर्न दिनुपर्छ। यो विषय संसद्बाट नै अनुमोदन गर्नुपर्छ। साथै, तत्काल विद्युत् ऐन जारी गरेर समय सान्दर्भिक बनाउनुपर्छ। त्यसमार्फत निजी क्षेत्रलाई आन्तरिक तथा बाह्य विद्युत् व्यापार गर्न अनुमति दिने व्यवस्था गर्नुपर्छ।

वन ऐन २०७६ र वातावरण संरक्षण ऐन २०७६ लाई संशोधन गर्न बनेका केही नेपाल ऐन संशोधन प्रस्तावलाई संशोधन गर्नुपर्छ। त्यसले ल्याएका नीतिका कारण हामीले ऊर्जा क्षेत्रबाट हात झिक्नुपर्ने अवस्था आउन सक्छ। यसमा सरकारको ध्यान जान आवश्यक छ। यसैगरी, सात मन्त्रालय, २३ विभाग र सयौँ टेबुल धाउनुपर्ने बाध्यताको अन्त्य गर्न एकद्वार प्रणालीको व्यवस्था गर्नुपर्छ। यस्तै, वन क्षेत्रको जग्गा उपयोग र रुख कटानको स्वीकृत आइइई र इआइएअनुसार जिल्ला वन कार्यालयले स्वीकृति दिने व्यवस्था गर्नुपर्छ। आइइई र इआइएमा उल्लेख भएअनुसार रुख कटानी गर्न पुनः स्वीकृति लिने व्यवस्था र यसमा भएका झन्झटिला प्रक्रिया पनि हटाउनुपर्छ। अहिले परियोजना निर्माणमा आउने ठूलो बाधा वन र वातावरणसम्बन्धी पनि हो। तसर्थ, यसबारे सरकारले गम्भीर रूपमा सोच्न आवश्यक छ।

निजी क्षेत्रलाई जलविद्युतमा प्रोत्साहन गर्न आयोजना निर्माण सम्पन्न भएको १० वर्षसम्म शतप्रतिशत र बाँकी १० वर्ष ५० प्रतिशत कर छुट दिने नीति ल्याउनुपर्छ। साथै, आयोजनाका अनुमति-पत्रको समयावधि ५० वर्ष बनाउनुपर्छ। अहिले ३० वर्षको लाइसेन्स अवधि हुँदा प्रवर्द्धकहरूले उचित प्रतिफल लिन सकेका छैनन्। तसर्थ, लाइसेन्सको समयावधि बढाउनुपर्छ। सम्पूर्ण विद्युत् आयोजनाको विद्युत् खरिद बिक्री सम्झौता पनि तत्काल खुलाउनुपर्छ। यति मात्र होइन, विद्युत् खपत वृद्धिका लागि गुणस्तरीय तथा सर्वसुलभ विद्युत् वितरण प्रणाली बनाउने, विद्युत् आयोजनाहरूमा विशेष सुरक्षा व्यवस्था गरिदिने, सेयरको लकिङ पिरियड हटाउने र आयोजनाको अवधिपछि सर्वसाधारणको लगानी स्पष्ट पार्ने विषय पनि ऊर्जा विकास मार्गचित्रमा आउनुपर्छ।

**कस्तो आउनुपर्छ मार्गचित्र ? :** सरकारले ऊर्जा विकासको मार्गचित्र ल्याउँदा विद्युत् उत्पादनको लक्ष्यअनुसार अधिकतम बजेट र प्रसारण लाइन तथा सबस्टेसनलाई समेत बजेट व्यवस्था गरी समयमै सम्पन्न गर्ने प्रतिबद्धता जाहेर गर्नुपर्छ।

यसैगरी, आगामी दिनमा निजी क्षेत्रलाई विद्युत् आयोजना र नेपाल विद्युत् प्राधिकरणलाई प्रसारण लाइन र सबस्टेसनजस्ता पूर्वाधार निर्माणमा प्रोत्साहन गर्नुपर्छ। जलविद्युत् विकासको जिम्मेवारी निजी कम्पनीलाई नै दिँदा राम्रो हुन्छ। निजी क्षेत्रले काम गर्दा कम लागतमा छिटो आयोजना बनाउन सक्छन्। त्यसले लागत कम पर्न जान्छ। प्रसारण लाइन निर्माणमा प्राधिकरणसँग अनुभव पनि छ। तसर्थ, यसमा प्राधिकरण नै बढी अग्रसर हुनुपर्छ।

अहिले प्रसारण लाइनलगायतका पूर्वाधार पर्याप्त नहुँदा धेरै टिपिड, विद्युत् जाने समस्या छन्। तसर्थ, यसलाई बेवास्ता गर्नुहुँदैन। उत्पादन र पूर्वाधार निर्माणको काम सँगसँगै अघि बढाउनुपर्छ। साथै, जलविद्युत् र प्रसारण लाइनको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन सहज रूपमा स्वीकृति गर्ने नीति ल्याउनुपर्छ।

आयोजनाको स्थायी तथा अस्थायी संरचना निर्माणका लागि आवश्यक जग्गा कम्पनीले यकिन गरेपछि सरकारले उचित मुआब्जा तोकेर जग्गा अधिग्रहणमा पहल गरिदिनुपर्ने हुन्छ। स्थानीय जनतालाई प्रत्यक्ष रूपमा सेवा पुग्ने गरी पहुँच सडक मार्गको छनोट गर्नुपर्ने र सो निर्माणको क्रममा स्थानीय, प्रदेश तथा संघीय सरकारकोसमेत सहलगानीमा निर्माण गर्नुपर्ने नीति मार्गचित्रमा आउनुपर्छ।

यस्तै, सरकारले विद्युत् खपतका लागि ठूला उद्योगहरू (जस्तै सिमेन्ट, फर्टिलाइजर, मल, फलाम र डन्डी आदि) स्थापनामा विशेष जोड दिनुपर्छ। साथै, त्यहाँ विद्युतीय पूर्वाधार पनि बनाइदिनुपर्छ। विद्युत् खपतको वृद्धिसँगै ग्रार्हस्थ तथा ठूला उद्योगहरूले तिर्नुपर्ने विद्युत् महसुलदर पनि घटाउनुपर्ने आवश्यकता पनि देखिएको छ। यसैगरी, सरकारले नेपाल राष्ट्र बैंकसँग समन्वय गरी बैंक तथा वित्तीय संस्थाहरूले ऊर्जा क्षेत्रमा गर्नुपर्ने न्यूनतम लगानीको प्रतिशतमा वृद्धि गर्नुपर्ने व्यवस्था पनि यसैमार्फत ल्याउनुपर्छ। राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेडले निर्माण गरेका सबस्टेसनलाई नेपाल विद्युत् प्राधिकरणले समन्वय गरी आयोजनाबाट उत्पादित विद्युत् कनेक्सन विन्दुमा नै मिटरिङको व्यवस्था गर्नुपर्ने नीति ल्याउनुपर्छ।

*(डाँगी स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था इप्पानका वरिष्ठ उपाध्यक्ष हुन्)*



> एउटा आयोजना बनाउनुपरे सरकारी प्रक्रिया पूरा गर्न सात मन्त्रालय, २३ विभाग र सयौँ टेबल धाउनुपर्ने बाध्यता छ। ऊर्जा, वन, भूमिसुधार, अर्थ, गृह, उद्योग र रक्षा मन्त्रालयबीच समन्वयन पनि छैन।

मार्गचित्र ल्याउने भएमा त्यसलाई सफल रूपमा कार्यान्वयन गर्न उचित बजेटको पनि व्यवस्था गर्नुपर्छ। सरकारले अब जति विद्युत् उत्पादन गर्ने लक्ष्य लिन्छ, सोहीअनुसार अधिकतम बजेटको व्यवस्था गर्नुपर्छ। साथै,

## अंक र अर्थ

### दुई आर्थिक वर्षको साउनमा नेपालले बढी निर्यात गरेका १० देश

| देश | आव ०७९/८० | आव ८०/८१ |
|---|---|---|
| भारत | १० अर्ब ७१ करोड | ८ अर्ब ४८ करोड |
| अमेरिका | १ अर्ब ७४ करोड | १ अर्ब ७८ करोड |
| जर्मनी | ४२ करोड | ४१ करोड |
| चीन | ६ करोड | ३९ करोड |
| बेलायत | २९ करोड | ३६ करोड |
| फ्रान्स | १८ करोड | २७ करोड |
| जापान | २१ करोड | १९ करोड |
| युएई | ३ करोड | १७ करोड |
| अस्ट्रेलिया | १५ करोड | १६ करोड |
| नेदरल्यान्ड | ७ करोड | १५ करोड |

## बिजनेस @



डा. चन्द्रमणि अधिकारी, अर्थविद्

नयाँ खालको शिक्षा, सूचना, प्रविधिजन्य, पूर्वाधारले हामीलाई धेरै कुरा सिक्ने मौका दियो। तर, ५० प्रतिशत मात्र सिक्यौँ, खान, लाउन, मनोरञ्जन, यात्रा, भुक्याउन र बोल्न संसारकै सिक्यौँ। त खान, लाउन र हिँड्न चाहिने कुरा उत्पादन गर्न सिकेनौँ, सिकाएनौँ। जसले समाज र अर्थ राजनीतिमा चुनौती थपेको छ।

दुबईको पाम जुमेराह हाल पामको आकारमा सबैभन्दा ठूलो मानव निर्मित टापु भएकाले विश्वको आठौँ आश्चर्य मानिन्छ। विलासी जीवनशैली र प्रत्यक्ष समुद्र तट पहुँच यस परियोजनाको मुख्य आकर्षण हो। पामको अग्र भागमा बनाइएका सामान्य निवासहरू भिला प्रकारका हुन्छन्, मुख्यतयाः गार्डेन होम र सिग्नेचर भिलाहरू भएको अग्र भागमा यी भिलाहरूको स्थान प्रायः कम, त्यसपछि मध्य र उच्च छ। त्यहीअनुसार यसको मूल्य निर्धारण गर्दछ।

पाम जुमेराह भिला विशिष्ट र विलासितामा अब्बल मानिन्छ। यो असाधारण आवासीय विलासी आवासका रूपमा प्रख्यात छ जसले विशिष्ट शैली, विशेष र आधुनिक जीवन प्रदान गर्दछ। विशिष्ट खाले सामान र फिटिङ पनि अब्बल छ। अन्तर्राष्ट्रिय वास्तुकलाबाट पूर्ण रूपमा प्रेरित छ। यसको उत्कृष्टता के भने धनाढ्यहरूलाई विलासी जीवन प्रदान गर्दछ। यो विशिष्ट निवास बनाउनेमा धेरै हात नेपाली र बाँकी भारतीय, बंगाली, पाकिस्तानी, फिलिपिनी र अफ्रिकी मजदुरको हो। मरुभूमिमा यस्ता अब्बल शैलीका निवास बनाएर अरबौँ कमाउने, विश्वका धनाढ्यहरूलाई आकर्षित गर्न सक्ने, तर हामी नेपालीले कुनै न कुनै अब्बल काम, योजना ल्याउन सक्ने कहिले होला ?




दर्दि सापकोटा
जीवजन्तुविज्ञ

## सेयर बजार

११ भदौ ०८०

नेप्से १,९९८.४८ ^ ५.०९ ०.२५%

| कारोबार रकम | जम्मा सेयर |
|---|---|
| ९८,८६,२८,५६२.२४ | ३६,७०,७३१ |




अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ। प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं।
email: arthapatrika@gmail.com

# आर्थिक रूपमा 'बिरामी' जर्मनी

सन् २००८ को मन्दीपछि युरोपेली संघभित्रकै देशलाई दिल खोलेर सहयोग गर्नेमा जर्मनी पहिलो थियो, अहिले आफैँ संकटमा छ

> झन्डै डेढ वर्षदेखि जारी रुस-युक्रेन युद्ध थामिने छाँटकाँट छैन। शक्ति र सत्ताको तुजुक देखाउन दुवै पक्ष कोभन्दा को कमको शैलीमा भिडिरहेका छन्। यही युद्धका कारण जर्मनीले आफ्नो सैन्य तयारी गर्दा र युक्रेनलाई सहयोग गर्दा धेरै खर्च गर्नु परिरहेको छ।

सन् २००८ मा विश्वव्यापी आर्थिक मन्दी आयो। बैंकिङ फर्म लेहमन ब्रदर्सका कारण २००८ मा अमेरिकासहित के युरोप, के एसिया, विश्वमै मन्दी छायो। मन्दीले एकातिर कम्पनी टाट पल्टिन थाले भने अर्कातिर बैंकको समस्या दिन-प्रतिदिन बढ्न थाल्यो। पछि सोही वर्ष लेहमनले आफू टाट पल्टिएको घोषणा गऱ्यो, जसले गर्दा विश्वमै मन्दी सुरु भएको थियो।

मन्दीको केही वर्षपछि आयरल्यान्ड, पोर्चुगल, इटाली, ग्रिस र स्पेनको अवस्था बिग्रन थाल्यो। त्यति वेला युरोपेली संघ (इयू) ले आर्थिक मन्दीबाट ग्रस्त भएका सदस्य राष्ट्रलाई दिल खोलेर सहयोग गऱ्यो। युरोपको सबैभन्दा ठूलो अर्थतन्त्र मानिने जर्मनीले त्यति वेला अरूले भन्दा बढी भार उठायो। अहिले आयरल्यान्डलगायतका देश लयमा छन्। तर, विडम्बना ! दुःख (आर्थिक संकट) का वेला सबैभन्दा बढी भार उठाएर अरूलाई सहयोग गर्ने जर्मनी यति वेला स्वयं आर्थिक रूपले बिरामी छ। रुस-युक्रेन युद्ध र त्यसले सिर्जना गरेका नयाँ भूराजनीतिक समीकरणले जर्मनीको अर्थतन्त्रमा आपत्कालीन 'ब्रेक' लगाएका छन्।

**धर्मराएको योजना :** त्यसो त जर्मनी दीर्घकालीन योजना (लङ टर्म प्लानिङ) र त्यसमा अडिग रहने देशका रूपमा चिनिन्छ। सब ठीकठाक चलिरहेका वेला यो योजना जर्मनीको सर्वाधिक बलियो र प्रभावकारी हतियार बन्छ। तर, अचानक परिस्थिति परिवर्तन भयो भने जर्मन सिस्टम सम्हालिने प्रतीक्षा गर्छ। युक्रेन युद्धपछि जर्मनी केही यस्तै अवस्थाबाट गुज्रिएको छ।

झन्डै डेढ वर्षदेखि जारी रुस-युक्रेन युद्ध थामिने छाँटकाँट छैन। शक्ति र सत्ताको तुजुक देखाउन दुवै पक्ष कोभन्दा को कमको शैलीमा भिडिरहेका छन्। यही युद्धका कारण जर्मनीले आफ्नो सैन्य तयारी गर्दा र युक्रेनलाई सहयोग गर्दा धेरै खर्च गर्नुपरिरहेको छ। साथै, अन्तर्राष्ट्रिय मागमा गिरावट आउँदा जर्मनीको निर्यात पनि संकुचित भएको छ। ठूलो कारोबार साझेदार चीन र पश्चिमको बिग्रँदो सम्बन्ध पनि जर्मनको भविष्यको योजनामा बाधक बनिरहेको छ।



> अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) का अनुसार सन् २०२३ मा विश्वको ठूलो अर्थतन्त्रमा संकुचन आउनेछ। र, त्यो देश अरू नभएर जर्मनी नै हुनेछ।

यसैगरी, पश्चिमाले रुसमाथि लगाएको कडा प्रतिबन्धको प्रत्यक्ष असर जर्मनीमा देखिन्छ। त्यहाँका कारखानालाई आवश्यक पर्ने सस्तो ग्यास अहिले बन्द भएको छ। महँगो तेलका कारण महँगी दर उच्च बनेको छ। यस्तै, युरो-जोनमा पनि ब्याजदर उच्च छ। ऊर्जा स्रोत किफायती राख्ने ध्याउन्नमा सरकारको बजेट घाटा बढ्दै गएको देखिन्छ।

जर्मनको खराब अवस्था यतिमै रोकिँदैन। अर्थतन्त्रको खम्बा मानिने मझौला उद्योगले कर्मचारी अभाव झेलेका छन्।

**नियतिमा निर्भर नियति :** जर्मनीको आर्थिक मामिलामन्त्री रोबर्ट हबेकले डी त्साइट नामक पत्रिकासँग कुराकानी गर्दै भनेका छन्, 'निर्यातले हामीलाई सम्पत्ति आर्जन गर्ने काम गऱ्यो। तर, वैश्विक अर्थतन्त्रको कमजोरी अन्य देशको तुलनामा जर्मनीमा धेरै पर्छ।'

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) का अनुसार सन् २०२३ मा विश्वको ठूलो अर्थतन्त्रमा संकुचन आउनेछ। र, त्यो देश अरू नभएर जर्मनी नै हुनेछ। यही हप्ता अप्रिल-जुनको त्रैमासिक तथ्यांक सार्वजनिक भएको छ। उक्त तथ्यांकले जर्मनीको विकास दर शून्य प्रतिशत रहेको देखाएको छ। यी सबै गतिविधिसँग जर्मनी सरकार जानकार छ। तर, सरकार आफैँ संकटमा छ। कारण, त्यहाँको सरकार तीन परस्पर विरोधी पार्टीले बनेको छ। विशेष मुद्दामा एक पाइला अगाडि र एक पाइला पछाडि गएझैँ अवस्था भएको छ। पर्यावरण पैरवीकर्ता ग्रिन पार्टीका नेता हाबेक आर्थिक मामिलामन्त्री छन् भने उदारवादी ढंगले व्यावसायिक हितलाई अनुमति दिने एफडिपी पार्टीका नेता क्रिस्टियान लिन्डनर अर्थमन्त्री छन्। हाबेक चाहन्छन्- अत्याधिक ऊर्जा खर्च गर्ने जर्मनी उद्योगका लागि सन् २०३० सम्म विद्युत् शुल्क निश्चित सीमाभित्र राखियोस्। जसले गर्दा जर्मनीका केमिकल उद्योगले विश्वव्यापी प्रतिस्पर्धा गर्न सक्छ। तर, लिन्डनर भने सोझै अनुदान दिने विषयको विरुद्धमा छन्। लिन्डनरको धारणामा चान्सलर ओलाफ साल्त्सको पनि एक मत छ। तर, उनकै पार्टी एसपिडीका केही नेताले भने हाबेकको योजनालाई समर्थन गर्छन्।

त्यसो त अर्थमन्त्री लिन्डनर व्यापारिक क्षेत्रका लागि करमा कटौती गर्न चाहिरहेका थिए। यो रकम करिब ६ अर्ब युरोबराबर थियो। सरकार यसलाई लागू पनि गर्न चाहन्थ्यो। तर, अगस्ट मध्यतिर ग्रिन पार्टीका एक मन्त्री यो प्लान अस्वीकार गरे।

**सुस्त सिस्टममा नयाँ दिशा खोज्ने चुनौती :** 'ई इकोनोमिस्ट' ले अगस्ट संस्करण जर्मनी पुन युरोपको बिमारी देश बनेको हो ? भन्ने कभर स्टोरी छापेको थियो। केही विशेषज्ञ भने जर्मनीको हालको अवस्थालाई त्यति खराब पनि मान्दैनन्। जर्मन अर्थशास्त्री तथा इफो इन्स्टिच्युटका प्रमुख क्लेमेन्स फोएस्टका अनुसार जर्मनीको अवस्था ४० देखि ५० वर्षबीचको मानिसको जस्तै छ। लामो समय सफल देश जर्मनीले अब भने नयाँ दिशा खोज्नुपर्ने हुन्छ।

**जर्मनी आर्थिक मन्दीमा :** जर्मनीको तथ्यांक कार्यालय डेस्टाटिसका अनुसार सन् २०२३ को पहिलो तीन महिनामा जर्मनीको अर्थतन्त्र ०.३ प्रतिशतले संकुचित भएको थियो। यसअघि गत वर्षको अन्तिम तीन महिनामा पनि जर्मन अर्थतन्त्र ०.५ प्रतिशले संकुचन भएको थियो। लगातार दोस्रो त्रैमाससम्म पनि अर्थतन्त्र नकारात्मक भएपछि मे अन्तिमतिर जर्मनीको अर्थतन्त्र आर्थिक मन्दीमा गएको थियो।

युक्रेन-रुस युद्धका कारण जर्मनीको ऊर्जा-मूल्य अकल्पनीय रूपमा बढेको छ, जसले गर्दा कारोबार खर्च अत्यधिक बढेको छ। बढ्दो मूल्यवृद्धिले देशमा महँगी दर पनि बढाएको छ। अप्रिलमा त्यहाँको मुद्रास्फीति ७.२ प्रतिशत रहेकामा जुलाईमा केही कम भई ६.४ प्रतिशत पुगेको छ।

*- एन्जेन्सी*

अर्थ पत्रिका
नयाँ पत्रिका
मंगलबार १२ भदौ ०८०

# चालू पुँजी कर्जा मार्गदर्शन संशोधन
# निजी क्षेत्रलाई राहत, बैंकलाई कसिलो

## ६ महिनासम्म निष्क्रिय कर्जाको वर्गीकरणमा परेको कर्जाको स्तरोन्नति नगर्न राष्ट्र बैंकको निर्देशन

**पवन तिमिल्सिना**/नयाँ पत्रिका

चौतर्फी दबाबपछि नेपाल राष्ट्र बैंकले चालू पुँजी कर्जा मार्गदर्शन खुकुलो बनाएको छ। गत वर्ष मात्रै कार्यान्वयनमा आएको चालू पुँजी कर्जा मार्गदर्शनका कसिला प्रावधानमा राष्ट्र बैंक लचक देखिएको हो। केन्द्रीय बैंकका प्रवक्ता डा. गुणाकर भट्टले अर्थतन्त्रलाई चलायमान बनाउन मार्गदर्शन संशोधन गरिएको बताए। उनले भने, 'निजी क्षेत्रको माग र बैंकरहरूको सुझावलाई केन्द्रमा राखेर हामीले मार्गदर्शन संशोधन गरेका छौं। यसले अर्थतन्त्रलाई चलायमान बनाउने अपेक्षा छ।'



### ■ खुकुलो नीतिको परिणाम अन्योल

सरकार (अर्थ मन्त्रालय), निजी क्षेत्र र बैंकरको दबाबले ल्याइएको संशोधित मार्गदर्शनले ठूला ऋणीलाई राहत दिएको छ। तर, अर्थतन्त्र चलायमान बनाउने विषयमा भने अन्योलता देखिएको अर्थशास्त्रीहरूको बुझाइ छ। खासगरी निजी क्षेत्रसँग तत्कालै उत्पादन बढाउने र ठूला परियोजनामा लगानी गर्ने उल्लेखनीय परियोजना नभएकाले यसले अर्थतन्त्र चलायमान बनाउनेमा आशंका बढेको राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले बताए।

वित्तीय पुँजीको दुरुपयोग रोक्ने अभियानमा राष्ट्र बैंकले 'ब्याकगियर' लगाउँदा सीमित ठूला ऋणीलाई मात्रै राहत दिने र नयाँ उद्यमीले वित्तीय स्रोतसम्म पहुँच राख्ने सम्भावना कम देखिएको उनको बुझाइ छ। 'सरकारले भर्खरै जग्गाको कित्ताकाट खुकुलो बनाएको छ। चालू पुँजी कर्जा मार्गदर्शनका कठोर प्रावधानमा राष्ट्र बैंक लचिलो बनेको छ। यो प्रावधानसँगै वित्तीय पुँजीको दुरुपयोग गरी जग्गामा पैसा खन्याउने प्रवृत्तिलाई बढावा दिन खोजेको देखिन्छ,' उनले भने, 'अर्थतन्त्र चलायमान बनाउनकै लागि खुकुलो व्यवस्था ल्याएको हो भने निजी क्षेत्रसँग खोइ त ठूला परियोजना ? उत्पादन वा निर्यात बढाउने नयाँ कार्यक्रम ? निजी क्षेत्रले उत्पादन वृद्धि वा निर्यात व्यवसाय गर्न नसकेको अवस्थामा सहजीकरण खोजेको भए यसले सकारात्मक परिणाम दिन सक्थ्यो। तर, यसले त उल्टै सुधारका प्रयासमा ब्याकगियर लगाउन खोजेको देखिन्छ।'

### ■ बैंकहरूप्रति अनुदार बनेको आरोप

केन्द्रीय बैंकले चालू पुँजी कर्जा मार्गदर्शनका प्रावधान खुकुलो बनाए पनि बैंकहरूको खराब कर्जा घटाउने सवालमा अनुदार बनेको बैंकरहरूको आरोप छ। पछिल्लो समय चालू पुँजी कर्जामा कडाइ गरिएकाले उद्योगी-व्यवसायीले ऋण तिर्न नसक्दा खराब कर्जा बढेको निष्कर्षसहित बैंकरहरूसमेत मार्गदर्शन खुकुलो बनाउन लबिङमा थिए। विगतमा व्यवसायका लागि दिइने अल्पकालीन कर्जा जग्गामा लगानी गर्दा दुरुपयोग भएको भन्दै कडाइ गरिएको थियो।

राष्ट्र बैंकले सोमबार चालू पुँजी कर्जा मार्गदर्शन संशोधन गर्दै सबै प्रावधान खुकुलो बनाएको छ। तर, सँगसँगै अर्को परिपत्र जारी गर्दै बैंक तथा वित्तीय संस्थाहरूलाई ६ महिनासम्म निष्क्रिय वर्गीकरणमा परेका कर्जाको स्तरोन्नति नगर्न निर्देशन दिएको छ। असुल भइसकेको कर्जालाई समेत खराबमै वर्गीकरण गर्नुपर्ने व्यवस्थाले बैंकरहरू मर्कामा पर्ने नेपाल बैंकर्स संघका पूर्वअध्यक्षसमेत रहेका नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र ढुंगानाले बताए। उनले भने, 'खराब कर्जा बढ्ने जुन समस्या छ, त्यसमा राष्ट्र बैंक अनुदार देखिएको छ। असुली भइसकेको कर्जालाई समेत ६ महिनासम्म असलमा स्तरोन्नति गर्न नपाइने व्यवस्था अव्यावहारिक छ। यसमा हामी बैंकरले थप छलफल गरेपछि धारणा राख्छौं।'

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

### ■ बैंकहरूलाई कर्जामा कसिलो

कुनै पनि कर्जा निष्क्रिय वर्गमा वर्गीकरण भएमा कर्जाको भाका नाघेको बक्यौता रकमलाई ६ महिनासम्म असल वर्गमा स्तरोन्नति गर्न नपाइने व्यवस्था गरिएको छ। लगातार ६ महिनासम्म भुक्तानी गरेर कर्जाको किस्ता वा ब्याज नियमित भएको अवस्थामा मात्र असल वर्गमा स्तरोन्नति गर्न पाइने भएको हो।

माघदेखि लागू हुने गरी निष्क्रिय कर्जा भएका ऋणीको हकमा कठोर व्यवस्था गरिएको छ। धेरैवटा शीर्षकमा कर्जा लिने ऋणीको हकमा समेत केन्द्रीय बैंकले कसिलो व्यवस्था गरेको छ। लिएकामध्ये कुनै एक कर्जा निष्क्रिय भएमा अरू कर्जालाई सूक्ष्म निगरानी गर्ने भएको हो। त्यस्तै, एउटै समूहको एउटा ऋणीले लिएको ऋण निष्क्रिय भएमा समूहका अन्य ऋणीसमेत प्रभावित हुने भएका छन्।

### ■ के-के छन् संशोधित व्यवस्था ?

यसअघि मार्गदर्शनमा समग्र बैंकिङ प्रणालीबाट एक करोडसम्मको चालू पुँजी कर्जा लिँदा यो मार्गदर्शन नलाग्ने व्यवस्था थियो। तर, अब उत्पादनमूलक उद्योगको हकमा यस्तो सीमा तीन करोडसम्म पुऱ्याइएको छ।

केन्द्रीय बैंकले उत्पादनमूलक उद्योगलाई कच्चा पदार्थ वा अर्धतयारी सामानको प्रयोगबाट निश्चित मानव-मेसिनरीको प्रयोग गरी मूल्य अभिवृद्धि गराई उत्पादन गर्ने उद्योगका रूपमा परिभाषित गरेको छ।

एकभन्दा बढी बैंक तथा वित्तीय संस्थाबाट ऋण लिनेको हकमा दुई करोडसम्मको सीमाभित्र रहेर अनुमानित वार्षिक करोबारको २० प्रतिशत मात्रै चालू पुँजी कर्जाको सीमा निर्धारण गरिएको थियो। अब यो उत्पादनमूलक उद्योगको हकमा चार करोड पुऱ्याइएको छ।

राष्ट्र बैंकले घटबढ भइरहने चालू पुँजी कर्जा आवश्यकता (फ्लक्चुएटिङ वर्किङ क्यापिटल निड)को सीमालाई बढाइदिएको छ। यसमा औचित्यका आधारमा वार्षिक अनुमानित कारोबारको ४० प्रतिशतसम्म दिन सकिने व्यवस्था गरिएको छ। जुन हालसम्म २५ प्रतिशतभन्दा बढी दिन पाइँदैनथ्यो। तर, यो ४० प्रतिशतसम्मको सुविधा लिन सञ्चालन अवस्था, नगद प्रवाह, व्यापारिक अवस्था, इन्भेन्टरी कन्भर्जन पिरियड, लिड टाइम र एकाउन्ट्स पेइबल पिरियडको विश्लेषण औचित्य पुष्टि हुनुपर्ने उल्लेख छ।

चालू पुँजी कर्जाअन्तर्गत दुईवटा आवधिक कर्जा छन्। फ्लक्चुएटिङ (घट्ने-बढ्ने भइरहने) र पर्मानेन्ट (लामो अवधिको) वर्किङ क्यापिटलमा छुट्याउनुपर्ने हुन्छ। सामान्यतया बैंकले ओभरड्राफ्टमार्फत फ्लक्चुएटिङ वर्किङ क्यापिटल निडलाई पूर्ति गर्छन्। पर्मानेन्ट प्रवृत्तिको ऋणको हकमा आवधिक कर्जामा गणना गरेर तीनदेखि १० वर्षको अवधिमा तिर्न सकिने व्यवस्था छ।

राष्ट्र बैंकले पाँच करोडभन्दा बढी चालू पुँजी प्रकृतिको कर्जा लिएका ऋणीले संस्थाको आन्तरिक लेखापरीक्षकबाट प्रमाणित अर्धवार्षिक विवरण पेस गर्नुपर्ने हालको व्यवस्थामा संशोधन गरेको छ। अब आन्तरिक लेखापरीक्षक वा लेखापरीक्षकबाट प्रमाणित अर्धवार्षिक विवरण पेस गर्न सकिने भएको छ। यसले ऋणीलाई अनिवार्य आन्तरिक लेखापरीक्षक राख्नुपर्ने व्यवस्थाबाट मुक्त गराएको छ।

यस्तै, राष्ट्र बैंकले निर्माण व्यवसायीलाई चालू पुँजी कर्जा नवीकरण गर्न सहज हुने गरी मार्गदर्शन संशोधन गरेको छ। ऋणीले पेस गरेका अनुमानित वित्तीय विवरण यथार्थपरक रहे-नरहेको सम्बन्धमा विस्तृत विश्लेषण गरेर मात्रै चालू पुँजी कर्जा सीमा स्वीकृत गर्नुपर्ने अहिलेको व्यवस्था संशोधन गर्दै राष्ट्र बैंकले सरकारी, अर्धसरकारी तथा बहुराष्ट्रिय संस्थाहरूमा काम गरिरहेका निर्माण व्यवसायीको कर्जा नवीकरण गर्न लचिलो व्यवस्था बनाएको छ।

राष्ट्र बैंकले निर्माण व्यवसायीको कर्जा नवीकरण गर्दा कारोबार हेर्न अनिवार्य नभएको व्यवस्था गरे पनि बैंक तथा वित्तीय संस्थाले ऋणीको चालू पुँजी कर्जा बक्यौता चालू पुँजी कर्जा नीतिबमोजिमको नेट ट्रेडिङ एसेट्स (एनटिई)को निश्चित प्रतिशतभन्दा बढी नहुने गरी यकिन गर्नुपर्ने व्यवस्था गरेको छ।

यस्तै, राष्ट्र बैंकले ऋणीले विभिन्न कारणले कुनै वर्षको वास्तविक वित्तीय विवरण पेस गर्न नसकेमा पनि कर्जा नवीकरण गर्न सकिने व्यवस्था गरेको छ। हाल कर्जा नवीकरण गर्दा वास्तविक वित्तीय विवरण पेस गर्दै भेरियन्स एनालाइसिस गर्नुपर्ने व्यवस्था छ। मार्गदर्शनमा गरिएको संशोधनले यथार्थ वित्तीय विवरण पेस गर्न ऋणीले मनासिब कारणसहित समय माग गरेमा कर्जा नवीकरण-पुनरावलोकन गर्न पाइने व्यवस्था गरेको छ।

## डुक एयरले पोखरामा चार्टर उडान गर्ने

**काठमाडौं**/ रोयल भुटान एअरलाइन्स 'डुक एयर'ले भुटानको पारोबाट पोखरामा अन्तर्राष्ट्रिय उडान गर्ने भएको छ। नियमनकारी निकाय नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले डुक एयरलाई २३ भदौका लागि पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चार्टर उडान गर्न अनुमति दिएको छ।

डुक एयरको न्यारोबडी जहाज २३ भदौमा बिहान भुटानको पारोबाट उडेर सीधै पोखरामा अवतरण गर्नेछ। पोखरामा एक घन्टा रोकिएर सीधै पारोतर्फ उड्ने तालिका छ। चार्टर उडानको सफलतापछि डुक एयरले पोखरामा नियमित अन्तर्राष्ट्रिय उडान थाल्ने क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए। 'डुक एयरको टिम नै नेपाल आएको थियो, उनीहरूले पारो-पोखरा-पारो उडान गर्न चाहेका छन्,' उनले भने, 'चार्टर उडान सफल हुनेबित्तिकै नियमित उडान थाल्ने योजना छ।'

अहिले डुक एयरले पारो-काठमाडौं-पारो दैनिक उडान गर्दै आइरहेको छ। सूचना अधिकारी भुलले भने, 'डुकले भविष्यमा पारो-पोखरा-दिल्ली र दिल्ली-पोखरा-पारो उडान गर्ने योजना बनाएको छ।' तर, यसका लागि भारतले पोखरा विमानस्थलबाट दिल्ली उडानको अनुमति दिनुपर्ने हुन्छ। बुद्ध एयरले उद्घाटनकै दिन १७ पुस ०७९ मा पोखराबाट बनारसमा उडान गर्न अनुमति मागे पनि भारतीय उड्डयन नियामक निकायले झुलाएर राखेको छ। कोभिडअघि डुक एयरले पारो-काठमाडौं-दिल्ली नियमित उडान गर्दै आइरहेको थियो। तर, पछिल्लो समय पारो-काठमाडौं-पारो सीधा उडान गर्दै आइरहेको छ। अहिले भुटानको निजी वायुसेवा कम्पनी भुटान एयरले पारोबाट काठमाडौं-दिल्ली-काठमाडौं-पारो रुटमा उडान गर्दै आएको छ।

१७ पुस ०७९ देखि सञ्चालनमा आएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा अहिलेसम्म अन्तर्राष्ट्रिय उडान सुरु हुन सकेको छैन। यसैबीच ७ असारमा चीनको छेन्दु विमानस्थलबाट सिचुवान एयरलाइन्सको न्यारोबडी एयरबस ३१९ जहाजले पोखरामा चार्टर उडान गरेको थियो। ८ र ९ असारमा फेवातालमा आयोजित नेपाल-चाइना फ्रेन्डसिप ड्रागन बोट रेस फेस्टिभल २०२३ का लागि चिनियाँ प्रतिनिधि, खेलाडी, दर्शक र पर्यटकलगायत यात्रु बोकेको सिचुवानको जहाज सीधै पोखरा अवतरण गरेको थियो।

भुटानको डुक एयरले नियमित उडानको चासो देखाएसँगै पोखराका पर्यटन व्यवसायी तथा स्थानीयहरू उत्साहित बनेका छन्। ठूलो लगानीमा निर्माण गरिएका भैरहवाको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल आन्तरिक उडानका लागि मात्र प्रयोग हुँदै आइरहेको छ ।

# पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनको रसिदमा बिमा रकम असुली

जनकपुरधाममा **हरिश खुद्दार**

पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनले बिमा गरिदिने भन्दै पेट्रोलियम व्यवसायीहरूसँग रकम असुली गर्दै आएको पाइएको छ। एसोसिएसनले अन्य बिमा कम्पनीहरूजस्तै व्यावसायिक रूपमा निगमको डिपोमा नै ढुवानीको बिमा भन्दै व्यवसायीहरूसँग रकम लिने गरेका हुन्।

एसोसिएसनले धनुषा र महोत्तरीका पेट्रोलपम्पसम्म इन्धन ढुवानी गर्ने प्रत्येक ट्यांकरबाट पाँच सयदेखि एक हजार रुपैयाँको बिमा रसिद दिएर रकम असुल्ने गरेको व्यवसायीहरूले बताएका छन्। कुनै वस्तुको बिमा गराउँदा त्यसको अनलाइन भ्याटसहितको बिल दिनुपर्ने व्यवस्था छ। तर, धनुषाको महेन्द्रनगरस्थित निगमको डिपोपरिसरमा कार्यालय सञ्चालन गरी एसोसिएसनले धनुषा र महोत्तरीका ट्यांकरहरूलाई विनाभ्याट बिल बिमा रसिद दिएर रकम असुल गर्दै आएको हो। उक्त डिपोबाट दैनिक ३० देखि ४० वटा ट्यांकरले इन्धन ढुवानी गर्छन्। यसरी, मासिक पाँच लाखभन्दा बढी रकम महेन्द्रनगर डिपोबाट उठाउने गरेको एसोसिएसनले बिमाको रकम उठाउन खटिएका कर्मचारीहरू नै बताउँछन्।


१ भदौबाट बिमा गर्ने मान्यताप्राप्त नेको इन्स्योरेन्सले डिपोपरिसरमा कार्यालय खोलेर बिमा गर्न थालेपछि एसोसिएसनले बिमाका लागि आयल निगमको डिपोपरिसरमा खोलेको काउन्टर हटाइएको छ। तर, डिपोअगाडिको एक भवनमा कोठा लिएर एसोसिएसनले अझै पनि बिमाको रकम उठाइरहेको छ। 'एसोसिएसनले बिमाको नाममा हामीसँग प्रत्येक ढुवानीमा इन्धनको मूल्यअनुसार पाँच सयदेखि एक हजार लिएर रसिद दिन्छ,' एक व्यवसायीले भने, 'तर, भ्याटसहितको बिल माग्दा यही रसिद हो, अरू रसिद लिएर तपाईंसँग के गर्नु छ ? कुनै घटना भए एसोसिएसनले क्षतिपूर्ति दिन्छ भनेर पठाउँथ्यो।'

एसोसिएसनले बिमा रकम उठाउन खटाएका कर्मचारी रोशन गुप्ताले इन्धन ढुवानी गर्ने ट्यांकरसँग बिमाको रकम लिने गरेको बताए। उनले भने, 'बिमाको रकम उठाउन एसोसिएसनले नै रसिद पठाएको छ, त्यही रसिद दिएर व्यवसायीसँग बिमाको रकम उठाउँछौं। यो कानुनसम्मत हो वा होइन, मलाई थाहा छैन।' उनले प्रतिमहिना पाँच लाखसम्म इन्धन बिमाको रकम उठाउने गरेको उनले जानकारी दिए। तीन वर्षदेखि यस्तो रकम उठाउँदै आएको उनले बताए। उनले भने, 'ट्यांकरमा क्षति भएमा बिमाको रकम दिने हो। तर, मैले काम थालेदेखि यस्तो कुनै घटना भएको छैन।' उनले यस विषयमा थप बुझ्नुपर्ने भए एसोसिएसनका कार्यालय सचिव नारदप्रसाद भण्डारीसँग बुझ्न आग्रह गरे।

भण्डारीले पनि लामो समयदेखि बिमाको रकम उठाउँदै आएको स्वीकार गरे। बिमा प्राधिकरणबाट एजेन्टको अनुमति लिएको बताउँदै उनले भने, 'धनुषामा मात्र नभई धेरै ठाउँमा हामीले इन्धन ढुवानीको बिमा गर्दै आएका छौं।' बिमाका लागि अनलाइन वा भ्याटसहितको बिल आवश्यक नभएको पनि उनले बताए। उनले भने, 'एसोसिएसनले २८ जेठ ०७३ मा राष्ट्रिय बिमा कम्पनी लिमिटेडबाट बिमा अभिकर्ताको इजाजत लिएको छ।'

बिमा प्राधिकरणका सूचना अधिकारी निर्मल अधिकारीले बिमा अभिकर्ताले कुनै बिमा कम्पनीसँग बिमा गराइदिने काम मात्रै गर्ने बताए। उनले भने, 'अभिकर्ताले आफैं बिमा गर्ने होइन। ऊ बिमा गर्ने एजेन्ट भयो। बिमा गर्ने कम्पनी होइन। बिमा कम्पनीले बिमा गर्ने हो।' एसोसिएसनले आफैं बिमा गरेको अवस्थामा त्यो कानुनसम्मत नहुने र कारबाहीको प्रक्रिया अगाडि बढाउन सकिने उनको भनाइ छ।

उनले भने, 'नेपाल पेट्रोलियम डिलर्स एसोसिएसनले प्राधिकरणबाट अभिकर्ता इजाजत लिएको हो, एसोसिएसनले अन्य कुनै बिमा कम्पनीलाई बिमाको बिजनेस दिने हो। ऊ आफैंले बिमा गरिरहेको छ भने त्यो कानुनसम्मत छैन।'



बिमा गरेबापत एसोसिएसनले व्यवसायीलाई उपलब्ध गराउने गरेको बिमा रसिद।

## तोकिएभन्दा बढी रकम नउठाउने निर्णय

**काठमाडौं**/ पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनको गत शनिबार सम्पन्न केन्द्रीय कार्यसमिति बैठकले आयल निगमको डिपोदेखि पम्पसम्म ढुवानी हुने इन्धनको बिमाबापत संकलन गर्ने रकममा तोकिएकै दररेट कायम गर्ने निर्णय गरेको छ।

निगमको डिपोदेखि पम्पसम्म ढुवानी हुने इन्धनमा ०.०६ प्रतिशत बिमा शुल्क निर्धारण गरिएको छ। यस्तो रकम उपभोक्ता मूल्यमा जोड्ने गरिएको छ। उपभोक्ताबाट उठाएको रकम निगमले पेट्रोलपम्प व्यवसायीलाई भुक्तानी दिने र पम्प व्यवसायीले एसोसिएसनमार्फत राष्ट्रिय बिमा कम्पनीमा दाखिला गर्दै आएका छन्। एसोसिएसनले भने प्रत्येक पम्प व्यवसायीलाई बिमा शुल्कबापत ०.०८ प्रतिशतका दरले हुन आउने रकम संकलन गरिरहेको थियो।

वर्षौंदेखि तोकिएभन्दा बढी दरमा बिमा शुल्कबापतको रकम एसोसिएसनले उठाएको भन्दै असन्तुष्टि पेट्रोलपम्प व्यवसायीले दुई साताअघि नयाँ संस्थाका रूपमा 'पेट्रोलियम व्यवसायी संघ नेपाल' स्थापना गरेका छन्। बिमा शुल्कका कारण व्यवसायीमा फुट सिर्जना भएपछि एसोसिएसनको कार्यसमिति बैठकले तोकिएकै दरमा रकम संकलन गर्ने निर्णय गरेको हो।

एसोसिएसनका अध्यक्ष लिलेन्द्रप्रसाद प्रधानका अनुसार राष्ट्रिय बिमा कम्पनीबाट 'जी-३३८४' नम्बरको अभिकर्ता लिएर देशभरका पम्प व्यवसायीबाट बिमाबापतको रकम संकलन हुँदै आएको छ। यसरी अभिकर्ताले रकम संकलन गर्न लिनुपर्ने 'ओपन डिक्लेरेसन'समेत प्राप्त गरेको उनको भनाइ छ। 'बिमासम्बन्धीका सबै कानुनको परिपालना गरी एसोसिएसनले पम्प व्यवसायीबाट बिमाबापतको रकम संकलन गरी राष्ट्रिय बिमा कम्पनीमा रकम नियमित रूपमा दाखिला गर्दै आएका छौं,' उनले भने, 'संस्था सञ्चालनका लागि केही बढी रकम लिएको कुरामा व्यवसायीहरूको असन्तुष्टि भएपछि अहिले तोकिएकै दररेटअनुसार रकम संकलन सुरु पनि भइसकेको छ।'

एसोसिएसनले यसअघि ०.०८ प्रतिशतका दरले रकम लिँदा भ्याटसहित ०.०६७८ प्रतिशतले हुन आउने रकम राष्ट्रिय बिमा कम्पनीमा नियमित रूपले दाखिला गर्ने गरेको प्रधानले बताए। 'बिमा कम्पनीमा दाखिला गरी बाँकी रहेको ०.०१२२ प्रतिशतले हुन आउने रकमको ६६ प्रतिशत रकम सबै जिल्ला संघलाई प्रशासनिक खर्चका लागि पठाउने गरिएको थियो। ०.०१२२ प्रतिशतले हुन आउने रकमको पनि ३४ प्रतिशत हुन आउने रकम भने केन्द्रीय कार्यालयको खर्चबापत प्रयोग भइरहेको थियो।'

बिमाका लागि तोकिएभन्दा बढी रकम उठाएर आर्थिक अनियमितता गरेको आरोप लगाउँदै असन्तुष्टि व्यवसायीले नयाँ संस्था खोलेका हुन्। उनीहरूले नयाँ संस्था स्थापना गर्नासाथ नेको इन्स्योरेन्ससँग सहकार्य ढुवानी बिमाबापतको रकम दाखिला गर्न थालेका छन्।


## कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८०/०५/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिका**

तपसिलमा उल्लेखित तपाई ऋणीले यस आईएमई को-अपरेटिभ सर्भिस लिमिटेडको सेवाकेन्द्र कार्यालय नारायणगढ, चितवन मार्फत प्राप्त गर्नु भएको ऋण रकम बापत संस्थालाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना, बिलम्ब शुल्क आदि चुक्ता भुक्तान गर्न पटकपटक मौखिक, लिखित पत्राचार, एसएमएस तथा फोन, मार्फत तारताकेता गर्दा समेत नतिरि नबुझाई संस्थासँग भएको कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लङ्घन गर्नुभएको हुँदा ऋणी तथा व्यक्तिगत जमानीकर्ता लगाएत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र संस्थाको केन्द्रिय कार्यालय कान्तिपथ काठमाण्डौको कर्जा तथा असुली शाखा वा सम्बन्धित सेवाकेन्द्रमा सम्पर्क राखी कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जना आदि रकम अविलम्ब चुक्ता भुक्तान गर्नुहोला, अन्यथा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस संस्थाको संसोधित कर्जा असुली नियमावली २०७९ र अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी ऋणी एवं जमानीकर्ताको अन्य चल/अचल सम्पत्ति/जायजेथा समेत खोज तलास गरी असुल हुन बाँकी रहेको लेना रकम सो सम्पत्तिबाट असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी जमानीकर्ता तथा धितो सुरक्षण दिनुहुने व्यक्तिलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा सुचिकृत गराउनको लागि सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**तपसिल**

**१. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना**

**ऋणी : ईश्वरी विलास न्यौपाने**
**बाबु** : रविलाल न्यौपाने
**बाजे** : देविदत्त न्यौपाने
**ना.प्र.नं.** : ३५/१७२५
**जारी मिति** : २०४४/०२/२० (चितवन)
**ठेगाना** : चितवन जिल्ला सावित्रिक शारदानगर गा.वि.स.वडा नं ३, स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा.वडा नं. ०७ बस्ने।



**व्यक्तिगत जमानीकर्ता : शारदा देवी पण्डित**
**पति** : ईश्वरी विलास न्यौपाने
**ससुरा** : रविलाल न्यौपाने
**ना.प्र.नं.** : २६५५
**जारी मिति** : २०४४/१२/२६ (लमजुङ)
**ठेगाना** : लमजुङ जिल्ला सावित्रिक सुन्दरबजार गा.वि.स.वडा नं २, स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा.वडा नं. ०७ बस्ने।



**व्यक्तिगत जमानीकर्ता : पुष्कर प्रसाद पुडासैनी**
**बाबु** : खडानाथ पुडासैनी
**बाजे** : जिवनाथ पुडासैनी
**ना.प्र.नं.** : २३७३१
**जारी मिति** : २०४९/०९/२९ (मकवानपुर)
ठेगाना : मकवानपुर जिल्ला सावित्रिक भिमफेदी गा.वि.स वडा नं. ७, स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा ९ ठेगाना भएका



**व्यक्तिगत जमानीकर्ता : आयुष न्यौपाने**
**बाबु** : ईश्वरी विलास न्यौपाने
**बाजे** : रविलाल न्यौपाने
**ना.प्र.नं.** : ३५-०१-७६-००२८३
**जारी मिति** : २०७६/०१/०९ (चितवन)
**ठेगाना** : चितवन जिल्ला सावित्रिक भरतपुर म.न.पा. वडा नं. १७, ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा.वडा नं. ०७ बस्ने।



**धितोको विवरण**

❖ ईश्वरी बिलाष न्यौपानेको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला सावित्रिक शिवनगर गा.वि.स.वडा नं. ५ नक्सा सिट नं. ५क स्थित कित्ता नं. १६६४ को जम्मा क्षेत्रफल ५०७.९३ वर्गमिटरको पुरा जग्गा र सो जग्गामा बनेको घर सहित उक्त घरजग्गाले चर्चेको सम्पूण लिगलगापात समेत।

**२. ऋणी तथा व्यक्तिगत धनजमानिकर्ताको नाम र ठेगाना**

**ऋणी : शारदा देवी पण्डित**
**पति** : ईश्वरी विलास न्यौपाने
**ससुरा** : रविलाल न्यौपाने
**ना.प्र.नं.** : २६५५
**जारी मिति** : २०४४/१२/२६ (लमजुङ)
**ठेगाना** : लमजुङ जिल्ला सावित्रिक सुन्दरबजार गा.वि.स.वडा नं २, स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा.वडा नं. ०७ बस्ने।



**व्यक्तिगत जमानीकर्ता : ईश्वरी विलास न्यौपाने**
**बाबु** : रविलाल न्यौपाने
**बाजे** : देविदत्त न्यौपाने
**ना.प्र.नं.** : ३५/१७२५
**जारी मिति** : २०४४/०२/२० (चितवन)
**ठेगाना** : चितवन जिल्ला सावित्रिक शारदानगर गा.वि.स.वडा नं ३, स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा.वडा नं. ०७ बस्ने।



**व्यक्तिगत जमानीकर्ता : आयुष न्यौपाने**
**बाबु** : ईश्वरी विलास न्यौपाने
**बाजे** : रविलाल न्यौपाने
**ना.प्र.नं.** : ३५-०१-७६-००२८३
**जारी मिति** : २०७६/०१/०९ (चितवन)
**ठेगाना** : चितवन जिल्ला सावित्रिक भरतपुर म.न.पा. वडा नं. १७, ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा.वडा नं. ०७ बस्ने।



**व्यक्तिगत जमानीकर्ता : पुष्कर प्रसाद पुडासैनी**
**बाबु** : खडानाथ पुडासैनी
**बाजे** : जिवनाथ पुडासैनी
**ना.प्र.नं.** : २३७३१
**जारी मिति** : २०४९/०९/२९ (मकवानपुर)
**ठेगाना** : मकवानपुर जिल्ला सावित्रिक भिमफेदी गा.वि.स वडा नं. ७, स्थायी ठेगाना भई हाल चितवन जिल्ला भरतपुर म.न.पा ९ ठेगाना भएका



**धितोको विवरण**

❖ शारदा देवी पण्डितको नाममा मालपोत कार्यालय चितवनमा दर्ता श्रेस्ता कायम रहेको चितवन जिल्ला सावित्रिक शिवनगर गा.वि.स.वडा नं. १, नक्सा सिट नं. १क स्थित कित्ता नं. १५९३, १५९६, १५९५, १६०३, १६००, १६०२, १६०५, १६०७, १६०४, १५९७, १५९२, १५९९ र १५९८ को जम्मा क्षेत्रफल ५७९६.९३ वर्गमिटरको पुरा जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

नेपाल सरकार सावित्रिक डिभिजन सहकारी कार्यालय हालः सहकारी विभागबाट इजाजत प्राप्त संस्था
IME Co-operative
IME Co-operative Service Ltd.
आईएमई को अपरेटिभ सर्भिस लि.
Kantipath, Kathmandu, Nepal
01-5329601 01-5339602 01-5339603
info@imecsl.com www.imecsl.com

Biratnagar : 021-514540
Nepalgunj: 081-532708
Itahari: 025-590109
Satdobato: 01-5151169
Airport: 01-5903500
Pokhara : 061-541683
Narayanghad : 056-598864
Ghorahi : 082-561717
Newroad : 01-5351581
Lahan : 033-565184
Gongabu : 01-4964761
Butwal : 071-546585
Dhangadhi : 091-590581
Lainchaur : 01-4443096
Baglung : 068-524280

# सिटिजन्स बैंकले बाँड्यो कम्पोस्ट बिन

**काठमाडौं**/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले घर-घरमा कम्पोस्ट मल बनाउन सकिने कम्पोस्ट बिन वितरण गरेको छ।

बैंकको कोल्हुवा शाखाले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कोल्हुवा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, मध्यविन्दु-२, नवलपुरलाई १३ वटा प्लास्टिक कम्पोस्ट बिन हस्तान्तरण गरेको हो।

बैंकले एक समारोहमा कोल्हुवा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष सुवासचन्द्र नेपाललाई बिन हस्तान्तरण गरेको जनाएको छ। कम्पोस्ट बिनको प्रयोगले उपभोक्तका भान्साघरमा प्रयोग भएका दैनिक उपभोग्य वस्तुबाट उत्पन्न हुने नियमित फोहोरलाई व्यवस्थापन गर्न मद्दत गर्ने जनाइएको छ।

कम्पोस्ट बिनको प्रयोगले जैविक फोहोरलाई हटाएर समुदायले उत्पादन गर्ने समग्र फोहोरलाई कम गर्ने र स्थानीय फोहोर व्यवस्थापन प्रणाली र ल्यान्डफिल क्षमताहरूमा भार कम गर्ने बैंकले विश्वास व्यक्त गरेको छ।

बैंकले हाल देशभरमा एक सय ८८ शाखा, एक सय ४८ एटिएम, तीन विस्तारित काउन्टर तथा ९७ शाखारहित बैंकिङ इकाइमार्फत सेवा दिइरहेको जनाएको छ।

# अपर तामाकोसीका संस्थापकले चुक्ता गरे हकप्रद सेयरबापतको रकम

**नयाँ पत्रिका**



अपर तामाकोसी हाइड्रोपावर कम्पनी लिमिटेडका संस्थापक सेयरधनीले हकप्रद सेयरबापतको रकम चुक्ता गरेका छन्।

चार सय ५६ मेगावाटको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको प्रवर्द्धक कम्पनीले आगामी १८ भदौदेखि सेयरधनीलाई १ कित्ता सेयरबराबर १ कित्ताको प्रतिसेयर १ सय रुपैयाँ अंकित दरका हकप्रद सेयर निष्कासन गर्दै छ।

सर्वसाधारणतर्फको सेयर निष्कासन गर्नुभन्दा पहिले कम्पनीका संस्थापकहरू नेपाल विद्युत् प्राधिकरण, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम), नागरिक लगानी कोष र राष्ट्रिय बिमा संस्थानले आफ्नो सेयर अनुपातमा हकप्रद सेयरबापतको रकम चुक्ता गरेका हुन्। संस्थापकले पाँच अर्ब ४० करोड ९ लाख रुपैयाँ चुक्ता गरेका छन्।

१० अर्ब ५९ करोड रुपैयाँ चुक्ता पुँजी रहेको कम्पनीमा प्राधिकरणको ४१ प्रतिशत, नेपाल टेलिकमको ६ प्रतिशत र नागरिक लगानी कोष तथा राष्ट्रिय बिमा संस्थानको २-२ प्रतिशत संस्थापक सेयर रहेको छ। सेयर स्वामित्वअनुसार प्राधिकरणले चार अर्ब ३४ करोड १९ लाख, नेपाल टेलिकमले ६३ करोड ५४ लाख र नागरिक लगानी कोष तथा राष्ट्रिय बिमा संस्थानले २१ करोड १८ लाख/२१ करोड १८ लाख रुपैयाँ हकप्रद सेयरबापतको रकम चुक्ता गरेका हुन्। रकम चुक्ता भइसकेपछि सेयरको बाँडफाँट पनि भइसकेको छ।

कम्पनीको ४९ प्रतिशत साधारण सेयरमध्ये कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताको १७.२८ प्रतिशत, आयोजनामा ऋण प्रवाह गर्ने कर्मचारीहरूको २.८८ प्रतिशत, कम्पनी र प्राधिकरणका कर्मचारीहरूको ८.८४ प्रतिशत, दोलखावासीको १० प्रतिशत र सर्वसाधारणको १५ प्रतिशत साधारण सेयर स्वामित्व छ।

सर्वसाधारणतर्फबाट पाँच अर्ब १९ करोड ९१ लाख रुपैयाँ चुक्ता हुनुपर्नेछ। जसमा कर्मचारी सञ्चय कोषका सञ्चयकर्ताले एक अर्ब ८२ करोड ९९ लाख ५२ हजार, सर्वसाधारणले एक अर्ब ५८ करोड ८५ लाख, दोलखावासीले एक अर्ब पाँच करोड ९० लाख, कम्पनी र प्राधिकरणका कर्मचारीहरूले ४० करोड ६६ लाख ५६ हजार र आयोजनामा कर्जा प्रवाह गर्ने संस्थाका कर्मचारीले ३० करोड ४९ लाख ९२ हजार रुपैयाँ हकप्रद सेयरबापत चुक्ता गर्नुपर्नेछ। हकप्रद सेयरबापतको रकम संकलनपछि कम्पनीको चुक्ता पुँजी २१ अर्ब १८ करोड रुपैयाँ पुग्नेछ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) मोहनप्रसाद गौतमले हकप्रद सेयर निष्कासनबाट प्राप्त हुने रकम माथिल्लो तामाकोसी निर्माण गर्दा लिइएको अल्पकालीन ऋणको साँवा-ब्याज चुक्ता गर्न र २१ मेगावाटको रोल्वालिङ खोला जलविद्युत् आयोजनाको निर्माणमा खर्च गरिने बताए। कम्पनीले माथिल्लो तामाकोसी निर्माण गर्दा ६ अर्ब रुपैयाँ अल्कालीन ऋण लिएको छ।

सिइओ गौतमले अल्कालीन ऋणको साँवा-ब्याज चुक्ता गरेपछि बाँकी रहेको र माथिल्लो तामाकोसीको विद्युत् बिक्रीबाट प्राप्त हुने रकमबाट रोल्वालिङको वित्तीय व्यवस्थापन गरिने उल्लेख गरे।

यसैबीच, कम्पनीको पन्ध्रौं वार्षिक साधारणसभा गत बुधबार काठमाडौंमा सम्पन्न भएको छ। साधारणसभाले कम्पनीको आर्थिक वर्ष ०७८/७९ को वार्षिक प्रतिवेदन, सोही आवको वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरणलगायतलाई पारित गरेको छ।

# देवघाटको आश्रमलाई सेन्ट्रल फाइनान्सको सहयोग

**काठमाडौं**/ सेन्ट्रल फाइनान्स लिमिटेडले देवघाटको श्री हरिहर सन्न्यास-आश्रमलाई ग्यास सिलिन्डर प्रदान गरेको छ। फाइनान्सको नारायणगढ शाखा आश्रमलाई २० थान ग्यास सिलिन्डर प्रदान गरेको हो। आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत संस्थाका शाखा प्रमुख मधुसुधन पौड्यालले २० थान ग्यास सिलिन्डर र एक थान ठूलो ग्यास चुलो हस्तान्तरण गरेको जनाइएको छ। कार्यक्रममा श्री हरिहर सन्न्यास-आश्रमका श्री १००८ स्वामी ज्ञानानन्द सरस्वती महाराज र आश्रमका कक्षा ६ देखि १२ सम्म र विद्यापीठ तहदेखि आचार्य तहसम्मका विद्यार्थी र साधु, सन्त, ब्रह्मचारी र अन्य पदाधिकारी तथा फाइनान्सका कर्मचारीको उपस्थिति रहेको उल्लेख छ। संस्थाले देशभरमा १९ वटा शाखा तथा भक्तपुरको सल्लाघारीमा एक एक्सटेन्सन काउन्टरमर्फत सेवा दिँदै आएको जनाएको छ।

# सवारीसाधनको कुम्भ मेला २६ भदौदेखि सुरु




**काठमाडौं**/ नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपालले आयोजना गर्न लागेको १५औं संस्करणको नाडा अटो सोको तयारी अन्तिम चरणमा पुगेको छ। नाडाले २६ भदौदेखि ३१ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा अटोमोबाइलको कुम्भ मेला आयोजना गर्ने भएको हो।

अटो सोमा सवारीसाधन, पार्टपुर्जा, वित्तीय सेवालगायतका स्टलहरू रहने आयोजक संस्था नाडाले सोमबार पत्रकार सम्मेलन गर्दै जानकारी गराएको छ। प्रदर्शनीमा ठूला तथा साना गरी करिब एक सय २० वटा स्टल रहनेछन्। जसमा १६ वटा ब्रान्डका चारपांग्रे, २२ वटा ब्रान्डका दुईपांग्रे, सातवटा ब्रान्डका लाइट कर्मर्सियल भेहिकल, नौवटा वित्तीय संस्था तथा ३० वटा लुब्रिकेन्ट, टायर, ब्याटरी, पार्टपुर्जा एवं ग्यारेज उपकरण कम्पनीहरूको सहभागिता रहने बताइएको छ।

विद्यमान बजार सुस्तताका बाबजुद पनि प्रदर्शनीमा अटोमोबाइल कम्पनीहरूको उत्साहजनक सहभागिताले केही हदसम्म अर्थतन्त्र चलायमान हुन लागेको संकेत देखिएको आयोजकले जनाएको छ। नाडाका अनुसार आर्थिक सुस्तताले अटोमोबाइल व्यवसायीमा नकारात्मक प्रभाव पार्नुका साथै सवारीसाधन खरिदकर्ताको वित्तीय योजनामा समेत असर गरेको छ। प्रदर्शनीले अटो व्यवसायी, ग्राहक, गाडीप्रेमी तथा अटोमोबाइलसँग प्रत्यक्ष-अप्रत्यक्ष रूपमा संलग्न सबैलाई उत्साहपूर्वक सहभागी गराउने आयोजकले विश्वास लिएको छ।

प्रदर्शनीमा अवलोकनकर्ताको सुविधालाई विशेष ध्यानमा राखी दुईपाङ्ग्रे, चारपाङ्ग्रे, वित्तीय संस्था, अटो कम्पोनेन्ट्स एवं ग्यारेज उपकरणहरूको छुट्टाछुट्टै प्रदर्शन गरिने बताइएको छ। प्रदर्शनीस्थलमा सजिलै आवागमन गर्नका लागि काठमाडौं मल, सैनिक कल्याणकारी भवन, बसपार्क भ्यु टावरलगायतका सार्वजनिक पार्किङस्थलबाट महानगर यातायातको सहयोगमा सटल बस सञ्चालन गरिनेछ।

६ दिनसम्म चल्ने अटो सोमा करिब ७५ हजार आगन्तुकहरूले अवलोकन गर्ने विश्वास आयोजकको छ।

# एनएलजी इन्स्योरेन्सको हकप्रद सेयर निष्कासनमा लक्ष्मी क्यापिटल नियुक्त



**काठमाडौं**/ एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडले हकप्रद सेयर निष्कासनका लागि लक्ष्मी क्यापिटल मार्केट लिमिटेडलाई निष्कासन तथा बिक्री प्रबन्धकमा नियुक्त गरेको छ।

नियुक्तिसम्बन्धी सम्झौतामा एनएलजी इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत सुनीलवल्लभ पन्त र क्यापिटलका प्रमुख कार्यकारी अधिकृत राजीव सापकोटाले हस्ताक्षर गरेको जनाइएको छ। कम्पनीले हालको पुँजी एक अर्ब ४५ करोड ९२ लाख रुपैयाँको प्रतिसेयर अंकित एक सय रुपैयाँ दरको १० कित्ता सेयरको अनुपातमा ६ दशमलव ६ कित्ताका दरले हकप्रद सेयर निष्कासन गर्ने जनाइएको छ।

# सानिमा रिलायन्सका एजेन्सी म्यानेजर विश्वव्यापी सम्मेलनमा सहभागी हुने

**काठमाडौं**/ सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेडका उत्कृष्ट एजेन्सी म्यानेजहरू अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुने भएका छन्। कम्पनीमा आव ०७९/८० मा उत्कृष्ट जीवन बिमा व्यवसाय गरेर एमडिआरटी हासिल गर्न सफल ६ जना एजेन्सी म्याने जर सिंगापुरमा सञ्चालन हुने विश्वव्यापी सम्मेलनमा भाग लिन नेपालबाट प्रस्थान गरेका हुन्।

सम्मेलनमा भाग लिन जानेमा अभिकर्ताहरू नमिता न्यौपाने, श्याम गुरुङ, भावना तिम्सिना, हिमालदेवी गुरुङ, सीता भट्टराई र कल्पना विष्ट रहेको जनाइएको छ। कम्पनीले एक कार्यक्रमको आयोजना गरेर सम्पूर्ण एमडिआरटी हासिल गर्न सफल अभिकर्तालाई बिदाइ गरेको उल्लेख छ। एमडिआरटी भनेको अभिकर्ताहरूको विश्वव्यापी सञ्जाल हो।

यसमा भाग लिनका लागि जनवरीदेखि डिसेम्बरसम्म तोकिएको बिमा शुल्क संकलन गर्नुपर्ने सर्त राखिएको हुन्छ। यस संस्थामा हालसम्म ७२ देशका पाँच सय कम्पनी आबद्ध भएको जनाइएको छ। बिमा अवधि र बिमाको किसिमलगायत विभिन्न मापदण्डमार्फत उक्त र कम हासिल गर्न सफल भएपछि मात्र कार्यक्रममा भाग लिन पाउने व्यवस्था रहेको कम्पनीले जनाएको छ।

सन् २०२२ का लागि नेपालबाट एमडिआरटीमा भाग लिनका लागि ३७ लाख ९२ हजार तीन सय रुपैयाँ प्रथम बिमाशुल्क संकलन गर्नुपर्ने लक्ष्य रहेको थियो। सिओटीका लागि भने एक करोड १३ लाख ७६ हजार रुपैयाँ र टिओटीका लागि दुई करोड २७ लाख ५३ हजार रुपैयाँ प्रथम बिमाशुल्क संकलन गर्नुपर्ने प्रावधान रहेको थियो।


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय दलदले, नवलपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८०/०५/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिँदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्यादभित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायाधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समय अवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको विवरण**

१. नवलपरासी जिल्ला, देवचुली न.पा./गा.वि.स. वडा नं. १७ स्थित रजिष्टर्ड कार्यालय रही, कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६९ साल वैशाख महिना १० गते रोज १ मा दर्ता नं. ९२५८९/०६८/०६९ तथा आन्तरिक राजश्व कार्यालय, कावासोतीमा मिति २०६९/०२/२८ मा स्थायी लेखा नम्बर (PAN) ६००६०३९५७ अन्तर्गत दर्ता कायम भएको **कावेरी हर्ब्स एग्रोटेक प्रा.लि.**।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. रमाकान्त पाठकको बुहारी, लक्ष्मण पाठकको पत्नी, नवलपरासी जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली गा.पा./न.पा. वडा नं. १७ बस्ने **पुष्पा सेन** (ना.प्र.नं. ५३९३९, जारी मिति २०६३/०४/०९, जि.प्र.का. नवलपरासी)। | २. पुर्णचन्द्र पाठकको बुहारी, रमाकान्त पाठकको पत्नि, नवलपरासी, जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **योगमाया पाठक** (ना.प्र.नं. २४४/१३७, जारी मिति २०४५/०१/२४, जि.प्र.का. नवलपरासी)। |
| ३. पुर्ण चन्द्र पाठकको नाती, रमाकान्त पाठकको छोरा, नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **लक्ष्मण पाठक** (ना.प्र.नं. ३६२००८-५६, जारी मिति २०६४/०१/२०, जि.प्र.का. नवलपरासी)। | ४. रमाकान्त पाठकको बुहारी, केशव पाठकको पत्नि, नवलपरासी, जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **रचना कडेल पाठक** (ना.प्र.नं. ३५१०२५-१२९० चितवन, जारी मिति २०६७/०६/०५, जि.प्र.का. नवलपरासी)। |

**धितोको विवरण**

१. रमाकान्त पाठकको बुहारी, केशव पाठकको पत्नि, नवलपरासी, जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने रचना कडेल पाठक (ना.प्र.नं. ३५१०२५-१२९० चितवन, जारी मिति २०६७/०६/०५, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक प्रगतिनगर गा.वि.स./न.पा. वडा नं. ८ क हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. ७ स्थित कि.नं. ७१६, ७१४, ७१३, ८७५ र ८७६ को क्षेत्रफल क्रमशः ०-४-११-०, ०-४-११-०, ०-४-१०-०, ०-४-१७.२५-० र ०-१-२-० (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. पुर्ण चन्द्र पाठकको नाती, रमाकान्त पाठकको छोरा, नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने लक्ष्मण पाठक ना.प्र.नं. ३६२००८-५६, जारी मिति २०६४/०१/२०, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक सिसवार गा.वि.स./न.पा. वडा नं. १ ख हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ स्थित कि.नं. २८३ को क्षेत्रफल ०-९-११.२५ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३. पुर्णचन्द्र पाठकको बुहारी, रमाकान्त पाठकको पत्नि, नवलपरासी, जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने योगमाया पाठक (ना.प्र.नं. २४४/१३७, जारी मिति २०४५/०१/२४, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक कावासोती गा.वि.स./न.पा. वडा नं. १ ख हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ स्थित कि.नं. २६८३ को क्षेत्रफल ०-४-०-१ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

४. नवलपरासी जिल्ला, देवचुली न.पा./गा.वि.स. वडा नं. १७ स्थित रजिष्टर्ड कार्यालय रही, कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६९ साल वैशाख महिना १० गते रोज १ मा दर्ता नं. ९२५८९/०६८/०६९ तथा आन्तरिक राजश्व कार्यालय, कावासोतीमा मिति २०६९/०२/२८ मा स्थायी लेखा नम्बर (PAN) ६००६०३९५७ अन्तर्गत दर्ता कायम भएको कावेरी हर्ब्स एग्रोटेक प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आयप्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।

५. नवलपरासी जिल्ला, देवचुली न.पा./गा.वि.स. वडा नं. १७ स्थित रजिष्टर्ड कार्यालय रही, कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा १ बमोजिम, नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६९ साल वैशाख महिना १० गते रोज १ मा दर्ता नं. ९२५८९/०६८/०६९ तथा आन्तरिक राजश्व कार्यालय, कावासोतीमा मिति २०६९/०२/२८ मा स्थायी लेखा नम्बर (PAN) ६००६०३९५७ अन्तर्गत दर्ता कायम भएको कावेरी हर्ब्स एग्रोटेक प्रा.लि. को स्वामित्वमा रहेको सम्पूर्ण स्थिर सम्पत्ति (Fixed Assets) उपर हाइपोथिकेशन सुरक्षण।

**ऋणीको विवरण**

२. प्राईभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहि प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.पु.) मा मिति २०७८/०४/१७ मा दर्ता नं. ७८/०७८/०७९ तथा आन्तरिक राजश्व कार्यालय, कावासोतीमा मिति २०७८/०४/१८ मा स्थायी लेखा नम्बर (PAN) १२६२०४०८९ अन्तर्गत दर्ता कायम भएको **पुष्पा राईस मिल**।

**व्यक्तिगत जमानीकर्ताको विवरण**

| | |
|---|---|
| १. रमाकान्त पाठकको बुहारी, लक्ष्मण पाठकको पत्नी, नवलपरासी जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली गा.पा./न.पा. वडा नं. १७ बस्ने **पुष्पा सेन** (ना.प्र.नं. ५३९३९, जारी मिति २०६३/०४/०९, जि.प्र.का. नवलपरासी)। | २. पुर्णचन्द्र पाठकको बुहारी, रमाकान्त पाठकको पत्नि, नवलपरासी, जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **योगमाया पाठक** (ना.प्र.नं. २४४/१३७, जारी मिति २०४५/०१/२४, जि.प्र.का. नवलपरासी)। |
| ३. पुर्ण चन्द्र पाठकको नाती, रमाकान्त पाठकको छोरा, नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने **लक्ष्मण पाठक** (ना.प्र.नं. ३६२००८-५६, जारी मिति २०६४/०१/२०, जि.प्र.का.नवलपरासी)। | |

**धितोको विवरण**

१. रमाकान्त पाठकको बुहारी, लक्ष्मण पाठकको पत्नी, नवलपरासी जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली गा.पा./न.पा. वडा नं. १७ बस्ने पुष्पा सेन (ना.प्र.नं. ५३९३९, जारी मिति २०६३/०४/०९, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक माकर गा.वि.स./न.पा. वडा नं. ७ ख हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ५ स्थित कि.नं. २४५ र ५३३ को क्षेत्रफल क्रमशः ०-२-० र ०-०-८ (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

२. पुर्णचन्द्र पाठकको बुहारी, रमाकान्त पाठकको पत्नि, नवलपरासी, जिल्ला, साविक रजहर गा.वि.स./न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १७ बस्ने योगमाया पाठक (ना.प्र.नं. २४४/१३७, जारी मिति २०४५/०१/२४, जि.प्र.का. नवलपरासी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी जिल्ला, साविक कावासोती गा.वि.स./न.पा. वडा नं. ५ ख हाल नवलपरासी जिल्ला, कावासोती न.पा. वडा नं. ५ स्थित कि.नं. ६२१ को क्षेत्रफल ०-०-१० (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

३. प्राईभेट फर्म दर्ता ऐन, २०७६ बमोजिम नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ७ स्थित रजिष्टर्ड कार्यालय रहि प्रदेश सरकार, लुम्बिनी प्रदेश, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी (ब.सु.पु.) मा मिति २०७८/०४/१७ मा दर्ता नं. ७८/०७८/०७९ तथा आन्तरिक राजश्व कार्यालय, कावासोतीमा मिति २०७८/०४/१८ मा स्थायी लेखा नम्बर (PAN) १२६२०४०८९ अन्तर्गत दर्ता कायम भएको पुष्पा राईस मिलको स्वामित्वमा रहेको सम्पूर्ण स्थिर सम्पत्ति (Fixed Assets) उपर हाइपोथिकेशन सुरक्षण।

**Siddhartha Bank**

शाखा कार्यालय : दलदले, नवलपुर
फोन नं. ०७८-५७५०७१
Website : www.siddharthabank.com



## साधारणसभामा उपस्थिति सम्बन्धी पुनः स्मरण सम्बन्धमा

यस एकीकृत बचत तथा ऋण सहकारी संस्था लिमिटेडको वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भनी मिति २०८० साल भाद्र २ गते सम्बन्धित सदस्यहरूको ठेगानामा पठाई सकिएको छ। यदि सो सूचना प्राप्त नभएको भए यसै सूचनालाई आधार मानी साधारणसभामा अनिवार्य उपस्थितिका लागि अनुरोध गरिन्छ।

**कार्यक्रम** :
मिति : २०८०/०५/३० शनिवार
समय : बिहान ११:०० बजे
स्थान : आर.बि.होम कन्सर्न (R.B. Home Concern), मित्रपार्क, काठमाडौं

**छलफलका बिषयहरू**
१) आ.व. २०८०/८१ को प्रस्तावित कार्यक्रम सहित आ.व. २०७९/०८० को प्रगति प्रतिवेदन सम्बन्धमा।
२) आ.व. २०८०/८१ को प्रस्तावित बजेट सहित आ.व. २०७९/०८० को वित्तीय प्रतिवेदन सम्बन्धमा।
३) आ.व. २०७९/८० को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा।
४) सञ्चालक समितिबाट आ.व. २०७९/०८०को विभिन्न मितिमा भएका निर्णयहरुको अनुमोदन सम्बन्धमा।
५) आ.व.२०८०/०८१ का लागि लेखापरीक्षक नियुक्ती तथा पारिश्रमिक सम्बन्धमा।
६) विविध।

**नोट** :
१) साधारणसभामा उपस्थित हुने शेयर सदस्यहरुलाई यातायात खर्च उपलब्ध गराईने छ।
२) २०८० साल आषाढ मसान्त सम्मको नियमित बचत तथा संस्थाबाट ऋण लिई ब्याज भुक्तानी गर्न बाँकी रकम संस्थामा मिति २०८० साल भाद्र मसान्तसम्म बुझाउनुहुन, अन्यथा संस्थाले उपलब्ध गराउने संरक्षित पुँजी फिर्ताकोष बापतको रकम उपलब्ध गराइने छैन।)

**एकीकृत बचत तथा ऋण सहकारी संस्था लि.**
गौशाला, काठमाडौं
सम्पर्क नं. : ९८४९२९८६५७, ९८४३७३५२०



## कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०५/१२ नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय मलंगवा, सर्लाहीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला। अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ। साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ। अन्यथा तहाहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचि**मा नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ।

**तपसिल**

**ऋणीको विवरण:**
नेपाल सरकार, वाणिज

# ढुंगा खस्ने त्रासले खोलीखेम बजार सिल

दोलखामा **श्याम खतिवडा**

ढुंगा खस्ने त्रासले दोलखाको सिँगटीस्थित खोलीखेम बजार सिल गरिएको छ। वर्षाका कारण बिगु गाउँपालिका- ४ सिँगटीको खोलीखेम बजारमाथि भिरमा रहेको ढुंगा बस्तीमा खस्ने जोखिम बढेपछि जिल्ला प्रशासनले बजार सिल गरेको हो। दोलखाका प्रमुख जिल्ला अधिकारी कोमलप्रसाद धमलाले ढुंगा क्रमशः सर्दै गएकाले त्रास बढेका कारण खोलीखेम क्षेत्रमा मानिस हटाएर बस्ती सिल गरिएको जनाए।

खोलीखेम बजारआसपासका २२ घरपरिवारलाई कालिञ्चोक गाउँपालिका- ३ स्थित बजार क्षेत्रमा सारिएको छ। ढुंगा खस्ने त्रास बढेपछि खोलीखेम हुँदै लादुक, बुलुङ, ओराङतर्फ जाने सवारीसाधनलाई समेत रोक लगाइएको छ भने सिंगटी-लादुक-बुलुङ सडक सञ्चालनमा समेत रोक लगाइएको छ।



## बागमतीमा...

पृष्ठ १ बाट क्रमशः

बागमतीमा गत वर्ष ४२ हजार चार सय ५९ जनामा डेंगु संक्रमण देखिएको थियो। बागमती प्रदेश सरकारले १३ जिल्लाका १३ वटै स्वास्थ्य संस्थामार्फत स्थानीय तहको सहयोगमा डेंगु नियन्त्रणका लागि काम गरिरहेको उनले बताए। डेंगु फैलाउने लामखुट्टेको वासस्थान र लार्भा नष्ट मात्रै यसको नियन्त्रण र रोकथामको उपाय भएकाले सोहीअनुसार आफूहरूले काम गरिरहेको भुसालले बताए।

## पोखराको...

पृष्ठ १ बाट क्रमशः

कायम गर्ने वा अन्य विकल्पबारे छलफल भइरहेको छ,' उनले भने।

### ५८४ स्थानमा पिलर गाडियो, २३९ स्थानमा चिह्न लगाइयो

फिर्केखोला सीमांकन र रेखांकनका क्रममा पाँच सय ८४ स्थानमा पिलर गाडिएको छ। संरचना बनेका र पिलर गाड्न नसकिने दुई सय ३९ स्थानमा भने चिह्न लगाइएको छ। पोखरा- १८ सराङकोटस्थित अधेरीकुनाबाट सुरु भएको फिर्केखोला महानगरका विभिन्न आठवटा वडाको बस्ती छिचल्दै करिब नौ किलोमिटरको यात्रा तय गर्छ। र, पोखरा ६ र १७ नम्बर वडामा पर्ने फेवातालको ड्यामसाइटनजिकैको गाईघाटबाट सीधै तालमा मिसिने गर्छ। १८ नम्बरवाट सुरु भएको फिर्के २, ४, ५, ८, ७, ६ र १७ नम्बर वडा हुँदै फेवातालसम्म पुगेको छ।






## राइट टु रिजेक्ट...

पृष्ठ १ बाट क्रमशः

प्रभावकारी बनाउन संविधान, सर्वोच्च अदालतबाट भएका निर्देशनात्मक आदेश, अन्तर्राष्ट्रिय अभ्यास र विगतका अभ्यास तथा पृष्ठपोषणसमेतका आधारमा साबिकको निर्वाचनसम्बन्धी कानुनमा परिमार्जन गरी आयोगले ऐनको एकीकृत मस्यौदा तयार गरेको छ। गृह मन्त्रालयमार्फत संसद्मा पेस गर्ने निर्णय गरेको आयोगले अहिले मस्यौदामाथि सरोकारवाला विभिन्न पक्षहरूसँग छलफल र अन्तरक्रिया गरिरहेको छ।

विधेयकको मस्यौदाको दफा ६७ मा उम्मेदवार हुन नपाउनेसम्बन्धी व्यवस्था गरेको छ। त्यसको उपदफा २ मा दुईपटक समानुपातिकबाट निर्वाचित भइसकेको व्यक्ति फेरि त्यही प्रणालीबाट उम्मेदवार हुन नपाउने व्यवस्था प्रस्ताव छ। यो प्रतिनिधिसभा र प्रदेश सभा दुवैका हकमा लागू हुने भनिएको छ। उक्त व्यवस्थामा भनिएको छ, 'प्रतिनिधिसभा वा प्रदेश सभा सदस्यमा समानुपातिक निर्वाचन प्रणालीबाट दुईपटक निर्वाचित भइसकेको व्यक्ति सोही निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन सक्नेछैन।' मस्यौदाको यो व्यवस्था प्रस्ताव गरिएबमोजिम नै पारित भए समानुपातिक व्यवस्थाको भच्याङबाट पटकपटक सांसद हुने बाटो रोकिनेछ।

त्यस्तै, कुनै तहमा पराजित भएको व्यक्ति सोही कार्यकालमा अर्को कुनै तहमा उम्मेदवार बन्न नपाउने व्यवस्था पनि सोही दफामा छ। उक्त दफामा संघीय संसद्, प्रदेश सभा वा स्थानीय तहको सदस्य पदमा उम्मेदवार भई पराजित भएको व्यक्ति त्यस्तो पदको कार्यकाल पूरा नभएसम्म कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन नसक्ने व्यवस्था छ। तर, उही निर्वाचन क्षेत्र वा तहमा हुने सोही पदको उपनिर्वाचनमा र प्रतिनिधिसभा वा प्रदेश सभा सदस्यको समानुपातिक निर्वाचनको बन्दसूचीमा नाम समावेश भई निर्वाचित हुन नसकेको व्यक्तिको हकमा भने यो व्यवस्था लागू नहुने व्यवस्था प्रस्ताव गरिएको छ।

सोही दफाको उपदफा ६ मा कुनै पनि राजनीतिक दलको सदस्य रहेको व्यक्ति त्यस्तो दलको सदस्य पद त्याग नगरी अर्को राजनीतिक दलको तर्फबाट उम्मेदवार हुन नसक्ने व्यवस्था प्रस्ताव छ। एउटा दलको सदस्य मात्र होइन, पदाधिकारीसमेत रहेको व्यक्ति अर्को दलको चुनाव चिह्न लिएर निर्वाचित हुने विद्यमान विकृति रोक्न आयोगले यस्तो प्रस्ताव गरेको हो।

त्यस्तै, मस्यौदामा निर्वाचन हुने दिनसमेत निर्धारण गरेर व्यवस्था गरिएको छ। दफा ५७ मा स्थानीय जनप्रतिनिधिदेखि राष्ट्रपतिसम्मको निर्वाचन मिति तोकेर प्रस्ताव गरिएको छ। जसअनुसार राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन निजको पदावधि समाप्त हुनुभन्दा तीन दिनअघि, प्रतिनिधि र प्रदेश सभा सदस्य तथा स्थानीय तहका जनप्रतिनिधिको हकमा अन्तिम निर्वाचन परिणाम घोषणा भएको चार वर्ष ११ महिनापछिको पहिलो आइतबार र राष्ट्रिय सभाका सदस्यको निर्वाचन कार्यकाल समाप्त हुने एक महिनाअघिको पहिलो आइतबार पदावधि सकिने व्यवस्था छ। र गाउँ वा नगर कार्यपालिकाका सदस्यको निर्वाचन स्थानीय तहको निर्वाचन परिणाम घोषणा भएको १५ दिनभित्र सम्पन्न हुने गरी सम्बन्धित निर्वाचन अधिकृतले तोकेको दिन हुने प्रस्ताव विधेयकको मस्यौदामा छ।

निर्वाचित जनप्रतिनिधिको कार्यकाल पाँच वर्ष हुने व्यवस्था भए पनि चुनावको मिति नजिकिँदै जाँदा अनेक विवाद सिर्जना हुने गरेका छन्। यसलाई रोक्न निर्वाचनको मिति नै यकिन गर्ने प्रस्ताव आयोगले गरेको छ।

विधेयकको मस्यौदाको दफा ६६ मा उम्मेदवारको योग्यता सम्बन्धमा पनि व्यवस्था गरिएको छ। खुकुलो र अस्पष्ट व्यवस्थाका कारण जोसुकै पनि निर्वाचनमा उठ्ने, स्वार्थ बाझिने तथा कतिपय निर्वाचित भइसकेपछि निलम्बित हुने प्रवृत्तिलाई रोक्न उम्मेदवारको अयोग्यतासम्बन्धी व्यवस्था कडा बनाइएको छ। भ्रष्टाचारको मुद्दा दायर भएर अभियुक्त बनेको व्यक्तिसमेत चुनावमा उम्मेदवार बन्न नपाउने व्यवस्था पनि मस्यौदामा छ। भ्रष्टाचारसम्बन्धी कसुरमा मुद्दा दायर भएको वा सुरु अदालतबाट भ्रष्टाचार ठहर भई पुनरावेदनको रोहमा मुद्दा विचाराधीन रहेको वा भ्रष्टाचार ठहर भई अन्तिम फैसला भएको व्यक्ति उम्मेदवार हुने अयोग्य हुने व्यवस्था प्रस्ताव गरिएको छ।

विद्यमान निर्वाचन कानुनले मुद्दा विचाराधीन रहेको अवस्थामा पनि व्यक्तिले उम्मेदवारी दिने र निर्वाचित हुने छुट दिएको छ। त्यसैअनुसार गत निर्वाचनबाट हत्या, ठगी, भ्रष्टाचारजस्ता गम्भीर कसुरमा संलग्न भएको आरोपमा अदालतमा मुद्दा दायर भएका र मुद्दाको अन्तिम किनारा नलागेका आधा दर्जन व्यक्ति प्रतिनिधिसभा र प्रदेश सभामा निर्वाचित भएका थिए। यही विकृति रोक्न आयोगले नयाँ व्यवस्था गरेको हो।

तर, ठगी, किर्ते, अपहरण वा शरीर बन्धक, व्यक्ति बेपत्ता पार्नेसम्बन्धी कसुर, यातना, क्रूर तथा अमानवीय तरिकाले वा नियन्त्रणमा लिई ज्यान मारेको, जाति हत्या, विस्फोटक पदार्थ वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा संलग्न कसुरदारका लागि भने ठहर भएको हकमा मात्र उम्मेदवारका लागि अयोग्य हुने नरम व्यवस्था प्रस्ताव गरिएको छ।

त्यस्तै, प्रचलित कानुनबमोजिम कुनै कम्पनी वा संस्था कालोसूचीमा रहेकामा त्यस्तो सूची कायम रहँदाका बखत त्यसको सञ्चालक, पदाधिकारी वा प्रमुख कार्यकारी अधिकृतको पदमा बहाल रहेको व्यक्ति पनि उम्मेदवारका लागि अयोग्य हुने व्यवस्था मस्यौदामा छ। सहकारीको सञ्चालक भएर आर्थिक हिनामिना गरेको, ठहर भएको कैद वा जरिवाना नतिरेको, व्यक्तिगत बेरुजु भएर नतिरेको, कानुनबमोजिम कर भुक्तानी नगरेको, ठेक्का सम्पन्न नगरेकोलगायतका व्यक्ति पनि उम्मेदवार हुन नपाउने व्यवस्था गरिएको छ।

प्रचलित कानुनबमोजिम पक्राउ पुर्जी जारी भएकामा पक्राउ हुन नसकी फरार रहेको वा अदालतले थुनामा राख्ने गरी आदेश दिएकामा त्यस्तो आदेश कायम रही थुनामा नबसेको व्यक्ति पनि उम्मेदवार बन्न नपाउने व्यवस्था प्रस्ताव गरिएको छ। गत र अघिल्ला निर्वाचनमा यस्ता फरार अभियुक्त पनि निर्वाचित भएर आएका छन्।

प्रतिनिधि तथा प्रदेश सभाको प्रत्यक्ष निर्वाचनतर्फ उम्मेदवारी दिँदा दलले जति निर्वाचन क्षेत्रमा उम्मेदवारी दिने हो त्यसको कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार उठाउनुपर्ने व्यवस्था पनि विधेयकमा छ।

राजनीतिक दलले केन्द्रबाट तजबिजीमा ठाडै टिकट वितरण गर्ने प्रवृत्तिलाई रोक्नेसम्बन्धी व्यवस्था पनि विधेयकमा प्रस्ताव छ। संघीय सांसदका लागि दलको केन्द्रीय कार्यकारिणी समितिले तोकेको त्यस्तो समितिको पदाधिकारी वा सदस्य, प्रदेश सांसदका लागि केन्द्रीय कार्यकारिणी समितिले तोकेको प्रदेश कार्यकारिणी समितिको पदाधिकारी वा सदस्य र स्थानीय तहका लागि केन्द्रीय कार्यकारिणी समितिले तोकेको प्रदेश वा जिल्ला कार्यसमितिको पदाधिकारी वा सदस्यले उम्मेदवार मनोनयनको औपचारिक पत्र (टिकट) प्रदान गर्ने व्यवस्था मस्यौदामा छ। यसअघि यदाकदा देखिँदै आएको एउटै निर्वाचन क्षेत्रमा एकभन्दा बढी उम्मेदवारलाई टिकट दिए सबै टिकट रद्द हुने व्यवस्था पनि प्रस्ताव गरिएको छ।

विदेशमा रहेका मतदाताले पनि मत हाल्न पाउने अधिकारका लागि मस्यौदामा व्यवस्था गरिएको छ। आयोगले विदेशमा रहेका मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई सम्बन्धित मुलुकमा रहेको वा सम्बन्धित मुलुकका लागि तोकिएको नेपाली कूटनीतिक नियोगको सहयोगमा सोही मुलुकबाटै मतदान गर्न पाउने व्यवस्था मिलाउन सक्ने व्यवस्था दफा २०४ मा प्रस्ताव गरेको छ। त्यसैगरी, सूचना प्रविधि (अनलाइन) प्रयोग गरी मतदान गर्दा वा गराउँदा मतदातालाई गरेको मतदानको गोपनीयता भंग हुँदैन भन्नेमा आयोग विश्वस्त भए त्यस्तो प्रविधिमार्फत निर्वाचनमा मतदान गराउन सकिने आयोगको प्रस्ताव छ।

## झन्डै ७० करोड...

पृष्ठ १ बाट क्रमशः

परियोजनाअन्तर्गत चार प्रसारणलाइन, तीन सबस्टेसन र पूर्व-पश्चिम राजमार्गको ७७ किमि सडकखण्ड विस्तार तथा मर्मत गर्ने गरी सेप्टेम्बर ०१७ मा अमेरिकासँग सम्झौता भएको थियो, जुन १५ फागुन ०७८ (२७ फेब्रुअरी ०२२) मा संसद्बाट पारित गरिएको थियो। तर, परियोजनाका लागि अत्यावश्यक जग्गा प्राप्ति र ठेक्का सम्झौता अझै गरिएको छैन। पूर्वतयारीका कामविना नै सम्झौता हुँदा तोकिएको समयमा परियोजना सकिनेमा आशंका गरिएको छ। यद्यपि, पूर्वतयारीका काम पूरा भएको एमसिसी कार्यान्वयन गर्ने नेपाली निकाय एमसिए नेपालको भनाइ छ।

कार्यान्वयनमा गएको पाँच वर्षभित्र अर्थात् १२ भदौ ०८५ (२९ अगस्ट ०२८) भित्र एमसिसी परियोजनाहरूको निर्माण सम्पन्न गरिसक्नुपर्ने हुन्छ। त्यस अवधिभित्र परियोजना निर्माण नसकिए बाँकी कामका लागि नेपाल सरकारले आफ्नै लगानी लगाउनुपर्छ। एमसिसीले परियोजनाको भौतिक प्रगतिअनुसार मात्रै भुक्तानी दिन्छ, नभएको कामको पैसा पठाउँदैन।

अमेरिकाले परियोजनामा भइरहेको प्रगतिमा सन्तोष जनाएको छ। 'नेपालको नेतृत्वदायी भूमिका रहेको यस एमसिसी सम्झौताको प्रगतिबाट अमेरिकी सरकार उत्साहित भएको छ। नेपालमा एमसिसीको कार्य अवधिभर बृहत्तर सरोकारवालाहरू, नेपालका सरकारहरू र राजनीतिक दलहरूको निरन्तर सहयोगबाट मात्र यो सम्भव भएको हो,' अमेरिकी राजदूतावासले सोमबार नयाँ पत्रिकालाई पठाएको प्रेसनोटमा भनिएको छ, 'यस सम्झौताको सफल कार्यान्वयन सुनिश्चित गर्न एमसिए-नेपालसँग साझेदारी गर्न हामी प्रतिबद्ध छौं। साथै, सम्झौताका लक्ष्यहरू समयमै हासिल गर्न संलग्न सबैले लगनशीलताका साथ काम गरिरहेका छौं।'

विद्युत् प्रसारणलाइनका लागि जम्मा आठ सय ५४ वटा टावर निर्माण हुनेछन् भने रातमाटे, दमौली र बुटवलमा सबस्टेसन बन्नेछन्। नुवाकोटको बेलकोटगढी नगरपालिका- ७ (रातमाटे), तनहुँको व्यास नगरपालिका- १३ (नयाँ दमौली) र परासीस्थित सुनवल नगरपालिका- १३ (नयाँ बुटवल)मा सबस्टेसन निर्माण हुनेछन्। काठमाडौंको शंकरापुर नगरपालिका- ३ लप्सीफेदी र हेटौंडा उपमहानगरपालिका- १९ स्थित नयाँ हेटौंडाबाट सबस्टेसन जोडिनेछन्।

## तर, बाँकी नै...

पृष्ठ १ बाट क्रमशः

गरी १० जिल्लामा जग्गा प्राप्ति गर्नुपर्नेछ। तर, काठमाडौंमा अझै जग्गा प्राप्तिको प्रक्रिया नै सुरु गरिएको छैन। अन्य नौ जिल्लामा प्रक्रिया सुरु भए पनि पूर्णता पाएको छैन। हालसम्म मकवानपुर, धादिङ, चितवन, पाल्पा, सिन्धुपाल्चोक, नवलपरासी र नवलपुरमा जग्गा रोक्काको सूचना सार्वजनिक गरिएको छ। त्यस्तै, तनहुँमा मंगलबार र नुवाकोटमा बुधबार जग्गा रोक्का गर्ने सूचना जारी गर्ने तयारी एमसिए नेपालको छ। तर, सम्बन्धित जग्गाको मुआब्जा निर्धारण भने भएको छैन।

कार्यान्वयनमा प्रवेश गर्नुअघि जग्गाको मूल्य भए पनि निर्धारण गरिसक्ने एमसिए नेपालको योजना थियो। त्यसपछि कार्यान्वयन र जग्गा प्राप्ति सँगसँगै अघि बढाउने योजना थियो।

कुनै पनि परियोजनाको ठेक्का सम्झौता भएन, सडक मर्मतसम्बन्धी परियोजनाको त ठेक्का आह्वान नै बाँकी

एमसिसीका कुनै पनि परियोजनाको ठेक्का सम्झौता पनि भएको छ। सडक मर्मतसम्बन्धी परियोजनाका लागि त ठेक्का आह्वान गर्न नै बाँकी छ।

प्रसारणलाइन निर्माणका लागि १२ मंसिरदेखि ८ जेठसम्म आह्वान गरिएको ग्लोबल टेन्डरमा ६ भारतीय कम्पनीले प्रस्ताव पेस गरेका छन्। हाल उनीहरूको प्राविधिक तथा वित्तीय मूल्यांकनको काम भइरहेको छ। त्यसमा अब दुई महिनाभित्र निर्माण कम्पनी छनोट हुने एमसिए नेपालले उपलब्ध गराएको लिखित जवाफमा उल्लेख छ।

नेपालमा प्रसारणलाइनका लागि जग्गा प्राप्तिको प्रकृति यसै पनि जटिल मानिन्छ। स्थानीयहरूबाट आउने अवरोधले थुप्रै प्रसारणलाइनको निर्माणमा ढिलाइ भएको छ।

■ पूर्वाधारविज्ञ किशोर थापा भन्छन्-

## जग्गा प्राप्ति नै नहुन पनि सक्छ



नेपालमा पूर्वाधार निर्माणमा जग्गा प्राप्ति जटिल प्रक्रिया बन्दै गएको छ। पहिला यस्तो थिएन, तर अहिले स्थानीय आक्रामक हुने, राजनीतीकरण हुनेलगायत प्रवृत्तिले जग्गा प्राप्ति जटिल बन्दै छ। यो समस्या एमसिसीका परियोजनामा पनि नआउला भन्न सकिँदैन। यसै पनि पहिलादेखि नै एमसिसीमा राजनीतीकरण भइरहेको छ। एक समूहले विरोध गर्नकै लागि भए पनि जानी-नजानी विरोध गर्न सक्छन्। तसर्थ, यो गम्भीर विषय छ। यस्तो समस्या आउन नदिन सरकार अलिकति कठोर हुनैपर्छ, नभए जग्गा प्राप्ति नै नहुने समस्या पनि आउन सक्छ। त्यस्तो अवस्था आयो भने टावर नबन्ने, तार तान्न नसकिने र समयमै परियोजना नबन्ने समस्या आउँछ। तसर्थ, यसमा बढी संयमित भएर अघि बढ्नुपर्छ।

यता तीन सबस्टेसन निर्माणका लागि भने अझै टेन्डर आह्वान भएको छैन। नुवाकोटको रातमाटे, तनहुँको दमौली र पश्चिम नवलपरासीको भुमहीमा ४००/४०० केभी क्षमताका सबस्टेसन निर्माण गरिँदै छ। यसका लागि गत १० चैतमा ग्लोबल टेन्डर आह्वान गरिएको थियो। त्यसको म्याद पटक-पटक थपेर आगामी असोज १८ गतेसम्म पुऱ्याइएको छ। त्यसपछि प्रस्तावित कम्पनीको आर्थिक तथा वित्तीय मूल्यांकन गर्दा थप चार-पाँच महिना लाग्ने देखिन्छ।

सडक निर्माणका लागि त झन् टेन्डर आह्वानसम्म भएको छैन। यसअन्तर्गत महेन्द्र राजमार्गमा भालुबाङबाट पश्चिमतर्फको ७७ किमि खण्ड विशेष रूपमा मर्मत गरिँदै छ। यसको टेन्डर भने आगामी पुससम्ममा हुने एमसिए नेपालले उपलब्ध गराएको लिखित जवाफमा उल्लेख छ।

### के छ एमसिएको तयारी ?

एमसिए नेपालकै तयारीअनुसार प्रसारणलाइनको ठेक्का सम्झौता अबको दुई महिनामा हुने सम्भावना छ। डिजाइन एन्ड बिल्ड मोडेलमा ठेक्का गरिने भएकाले सम्झौतापछि कम्पनीले एकपटक आयोजनास्थलको चेक सर्भे गर्नुपर्छ। त्यसपछि डिजाइन गरेर एमसिएबाट स्वीकृति गर्दा कम्तीमा ६-७ महिना लाग्छ। त्यसअनुसार अझै आठ-नौ महिना निर्माणको काम सुरु हुँदैन। सोही समयमा पूर्वतयारीको काम सम्पन्न गर्ने एमसिए नेपालको योजना छ।

'पूर्वतयारीसम्बन्धी अधिकांश कार्य सम्पन्न भइसकेका छन्। बाँकी काम कम्पनीलाई कार्यस्थलमा पहुँच आवश्यक हुने समयभन्दा निकै अघि नै सम्पन्न गरिनेछ,' एमसिएको लिखित जवाफमा भनिएको छ, 'एमसिएले आयोजना प्रभावित व्यक्तिहरूका लागि उचित मुआब्जाका साथै अन्तर्राष्ट्रिय मापदण्डअनुसारको पुनर्वास कार्ययोजना र जीविकोपार्जन पुनर्स्थापना कार्यक्रमअनुसारका सुविधा उपलब्ध गराउने भएकाले टावर नै बनाउन नपाउने वा तार नै तान्न नपाउने अवस्था सिर्जना हुने अनुमान गरिएको छैन।'

## एमसिसीपछि एसपिपी सम्झौताको तयारी भइरहेको खनालको दाबी

पूर्वप्रधानमन्त्री झलनाथ खनालले अमेरिकी आर्थिक सहयोग परियोजना (एमसिसी)पछि अहिले अमेरिकी स्टेट पार्टनरसिप प्रोग्राम (एसपिपी) सम्झौताको तयारी भइरहेको दाबी गरेका छन्। सोमबार काठमाडौंमा आयोजित एक कार्यक्रममलाई सम्बोधन गर्दै नेता खनालले एसपिपी पास भए नेपालमा अमेरिकी सेना'को गतिविधि देखिने दाबी गरे।

एसपिपी अमेरिकी सैन्य गठबन्धन कार्यक्रम इन्डो-प्यासिफिक स्ट्राटेजी (आइपिएस)मा जोडिएको कार्यक्रम हो। शेरबहादुर देउवा नेतृत्वको सरकारले एसपिपी अगाडि नबढाउने निर्णय गरेको छ। तर, खनालले एसपिपीको सबै मस्यौदा तयार भइसकेको र त्यो पास भइसकेपछि नेपालका पर्वतमा 'अमेरिकी सेना'को गतिविधि देखिने दाबी गरे।

सेनाका एक उच्च अधिकारीले आफूलाई एसपिपीबारे गोप्य सूचना दिएको, तर यसबारे विस्तृतमा सार्वजनिक गर्न नमिल्ने बताए। 'एकजना जनरलले मलाई एसपिपी सम्झौताको सारा तयारी हुँदै छ, त्यसको ड्राफ्ट मैले गरेको हो, त्यसपछि नेपालका पर्वतमा अमेरिकी सेना नाच्न पाउँछ भन्नुभएको छ,' खनालले भने। त्यसैगरी, उनले एमसिसी सम्झौता इमानदारीपूर्वक पारित गरिएकोमा गम्भीर आशंका व्यक्त गरे। 'एमसिसी सम्झौता इमानदारीपूर्वक देशको हितमा गरिएको थियो भने दस्ताबेजहरू लुकाउनुपर्ने के जरुरी थियो ? के कारणले लुकाइयो ? दालमा कालो छ भन्ने कुरा त्यहींबाट थाहा हुन्छ,' उनले भने। आफ्नो नेतृत्वको कार्यदलले एमसिसीका समस्या उजागर गरेको उनको भनाइ थियो।


**धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना**

प्रकाशित मिति : २०८०/०५/१२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय कोटेश्वर, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी, सञ्चालक प्रोप्राइटर, जमानीकर्ता, लगायत ऋणसँग सम्बद्ध सम्बन्धित सम्पूर्ण महानुभावहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत सोबिकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** : २०८०/०५/१८ गते/स्थान : शाखा कार्यालय कोटेश्वर, काठमाडौं

**बोलपत्र खोलिने मिति/समय** : २०८०/०५/१९ गते, मंगलबार दिनको ३ बजे

**ऋणीको नाम, ठेगाना**

**नाम : सुलब ह्याण्डीक्राफ्ट**
नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
प्रा.फ.र.नं. १५३१२७/०७६/७७, दर्ता मिति : २०७६/०९/२१, पान नं. ३०४१३१६०४, दर्ता मिति : २०६६/११/१८
ठेगाना : ललितपुर जिल्ला, ललितपुर म न.पा. वडा नं. ६, **प्रोप्राइटर : सुनिल शाक्य**

**जमानतकर्ता**

| १. नाम : सुनिल शाक्य | २. नाम : सरला रन्जित |
|---|---|
| ना.प्र.नं. ५३५१३, जि.प्र.का. ललितपुर | ना.प्र.नं. २/९०६, जि.प्र.का. ललितपुर |
| जारी मिति : २०४८/०४/१६, | जारी मिति : २०४६/०२/०५ |
| बाबुको नाम : देवराज शाक्य, बाजेको नाम : पुण्य राज शाक्य | पतिको नाम : सुनिल शाक्य, ससुराको नाम : देवराज शाक्य |
| ठेगाना : ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा वडा नं. १५ | ठेगाना : ललितपुर जिल्ला, ललितपुर नगर वडा नं. ६ |
| हाल : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १५, धापाखेल | हाल : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. १५, धापाखेल |

**धितोको विवरण**

सरला रन्जितको नाममा भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल, ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला, धापाखेल गा.वि.स. वडा नं. १ क स्थित कित्ता नं. १६६०, १६६३ र १६६६ को क्षेत्रफल क्रमशः ०-१-०-०, ०-१-०-० र ०-१-३-० तथा ललितपुर जिल्ला, धापाखेल गा.वि.स. वडा नं. १ क स्थित साबिक कि.नं. २८६ कित्ताकाट भई हाल कायम भएको कित्ता नं. ६६८८ को क्षेत्रफल ०-७-३-० भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : कोटेश्वर, काठमाडौं, फोन नं. ०१-४६०१९७९
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



**नीलकण्ठ नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति : २०८०/०५/१२)

यस कार्यालयको मिति २०८०/०४/२९ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपशिलमा उल्लिखित ठेक्कामा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपसिल अनुसारका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक मु.अ.कर सहित रु |
|---|---|---|---|---|
| 1. | NEE-NCB-19/079/80 | Administrative Building Construction Works | श्री Star- Namobuddha JV, Namobuddha | 125808139.39 |

प्रमुख प्रशासकीय अधिकृत

मंगलबार १२ भदौ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

## नेपाली खेलाडी भन्छन्-

# एसिया कपलाई यादगार बनाउनेछौं

**पाकिस्तान र भारतसँगको खेलमा ब्याटिङको स्ट्रोक, विपक्षीका क्याच र मैदानमा हुने प्रत्येक क्षणलाई स्मरणीय बनाउन प्रतीक्षारत रहेको कप्तान रोहित पौडेलको भनाइ**

नयाँ पत्रिका

१६औँ एसिया कपको डेब्यु राष्ट्र नेपाल हो । पहिलोपटकको सहभागितामै नेपालले एकदिवसीय विश्वकपका पूर्वच्याम्पियन भारत र पाकिस्तानसँग प्रतिस्पर्धा गर्ने अवसर पाएको छ । आइसिसी एकदिवसीय वरीयताको शीर्ष स्थानमा रहेको पाकिस्तानसँगको उद्घाटन खेलसँगै नेपालको एसिया कपमा यात्रा सुरु हुनेछ । नेपाली टोलीले कराँचीमा चार दिनको अभ्यास गर्दै आइतबार मुल्तान पुगेको थियो । मुल्तानकै रंगशालामा बुधबार नेपालले पाकिस्तानसँग खेल्नेछ । प्रतियोगिता जति नजिक आइरहेको छ, त्यति नै खेलाडी उत्साहित छन् । उनीहरू प्रत्येक खेलका क्षण स्मरणीय बनाउन चाहन्छन् । नेपालका कप्तान रोहित पौडेल पनि एसिया कपलाई स्मरणीय बनाउने बताउँछन् ।

पाकिस्तान पुगेपछि पहिलोपटक रोहितले सोसल मिडियामा आफ्नो भावना बाँडेका छन् । १३ भदौमा पाकिस्तानसँग खेल्नुअघि उनले सोसल मिडियामा लेखेका छन्, 'हरेक चुनौती अँगाल्न, सपना पछ्याउन र जोसका साथ खेल्ने यात्रामा छौं ।' उनले खेल दौरान ब्याटिङको प्रत्येक स्ट्रोक, विपक्षीका क्याच र मैदानमा प्रत्येक क्षण कैद गर्न एक कदम नजिक रहेको जनाए ।

'हामी पाकिस्तान र भारतसँगको खेलमा प्रत्येक क्षण स्मरणीय बनाउछौं, हामी क्रिकेटमा नयाँ विरासत बनाउने आशाका साथ अगाडि बढ्छौं ।' उनले आफूहरूप्रति पूरा राष्ट्रले आशा गरेको जनाए । 'यतिबेला हामीमाथि पूरै राष्ट्रले आशा गरेको छ, त्यसलाई तोड्नुहुन्न,' उनले लेखेका छन्, 'समर्पण, टिम एकता र सदाझैं साथ र समर्थनले हामी एकाग्र भएर अघि बढेका छौं ।'

### रिजवानले बढाए हौसला

वर्तमान समयकै उत्कृष्ट विकेट किपर तथा ब्याट्सम्यान मोहम्मद रिजवानले नेपाली खेलाडीलाई भेटेका छन् । पाकिस्तानी खेलाडी रिजवानले नेपाली खेलाडीलाई एसिया कपमा राम्रो प्रदर्शन गर्न हौसला बढाएका हुन् । उनले एसिया कप खेल्न नेपाल योग्य भएको जनाए । नेपाली टोलीलाई शुभकामना दिँदै कुनै कुराको आवश्यकता परे सहयोग गर्ने उनले बताए । रिजवान पाकिस्तानी टी-२० फर्म्याटकै मुख्य ब्याट्सम्यान हुन् । अहिले उनी र कप्तान बाबर आजमको जोडीले ओपनिङमा उत्कृष्ट प्रदर्शन गरिरहेका छन् । दुई वर्षअघि आइसिसी टी-२० विश्वकपमा भारतलाई पहिलोपटक १० विकेटले हराउँदा पाकिस्तानका लागि रिजवानले महत्त्वपूर्ण ७९ रनको योगदान गरेका थिए ।



रोहित पौडेल

### पाँच क्रिकेटर बिग बासको ड्राफ्टमा

नेपालका पाँच क्रिकेटर अस्ट्रेलियाको बिग बास लिगको ड्राफ्टमा परेका छन् । अस्ट्रेलियन क्रिकेट बोर्डले आयोजना गर्ने विश्वकै एक उत्कृष्ट लिगमा सन्दीपसहित देव खनाल, विकेट किपर अर्जुन साउद, ओपनर आसिफ शेख र मध्यक्रमका ब्याट्सम्यान आरिफ शेख ड्राफ्टमा परेका हुन् । लामिछानेसँग बिग बास खेलेको अनुभव छ । देव नेपालका यू-१९ कप्तान हुन् । अर्जुन विकेट किपर ब्याट्सम्यान हुन् । आसिफ सिनियर टोलीका विकेट किपर तथा ओपनर ब्याट्सम्यान हुन् । १३औँ संस्करणको बिग बासमा २९ देशबाट तीन ७६ खेलाडी ड्राफ्टमा छन् । बिग बासको ड्राफ्ट ३ सेप्टेम्बरमा हुनेछ । बिग बास आगामी ७ डिसेम्बरदेखि सुरु हुनेछ । ड्राफ्टमा छनोट भएका विदेशी खेलाडीलाई प्रत्येक सहभागी टोलीले राख्न सक्छन् । प्रत्येक टोलीले विदेशी खेलाडीमा धेरैमा तीनजना राख्न पाउने प्रावधान छ ।

### हारजितभन्दा सिक्ने हो : सन्दीप

नेपालका मुख्य स्पिनर सन्दीप लामिछाने एसिया कप खेल्न सोमबार पाकिस्तान गएका छन् । काठमाडौं जिल्ला अदालतले उनको मुद्दा २१ भदौमा सारेपछि उनी प्रतियोगिता खेल्न त्यसतर्फ उडेका हुन् । त्रिभुवन विमानस्थलमा सन्दीपले पत्रकारसँग संक्षिप्त कुराकानी गर्दै एसिया कपमा नेपाली टोलीले दिल खोलेर खेल्ने प्रतिक्रिया दिएका छन् । एसिया कपमा भारत र पाकिस्तानसँगको खेलमा नतिजा जस्तो आए पनि खेलाडीले धेरैभन्दा धेरै सिक्न अवसर पाउने उनको विश्लेषण रह्यो । 'भारत-पाकिस्तानसँग खेल्न पाउनु सबै नेपालीका लागि गर्वको कुरा हो, यसमा हार वा जितभन्दा पनि सिक्ने कुरा हो,' उनले भने, 'हामी दिल खोलेर खेल्नेछौं ।'

अदालतमा उनको पेसी आइतबार रहेका कारण उनी नेपाली टोलीसँगै पाकिस्तान जान पाएनन् । अदालतले हेर्न नभ्याइने भन्दै अर्को पेसी तोकिएको छ । त्यसपछि उनले एसिया कपका लागि पाकिस्तान जाने निर्णय गरेका हुन् । पाकिस्तान र श्रीलंकामा राम्रो प्रदर्शन हुने विश्वास उनले दिलाएका छन् । प्रतियोगिताका लागि आफूले सक्दो अभ्यास र तयारी गरेको उनको भनाइ छ । 'यो खुसीको पर्व हो, सधैं भारत र पाकिस्तासँग खेल्न पाइँदैन, एकपटक खेलेपछि यी राष्ट्रसँग निरन्तर कसरी खेल्न सकिन्छ भनेर छलफल गरिरहेका छौं,' उनले भने । यसअघि राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टंकलाल घिसिङले विमानस्थलमा सन्दीपलाई बिदाइ गरेका थिए । घिसिङले नेपाली टोलीबाट ठूलो भरोसा र अपेक्षा राखेको बताए ।



राखेपका सदस्यसचिव टंकलाल घिसिङ विमानस्थलमा सन्दीपलाई बिदाइ गर्दै

### एसिया कपमा सर्वाधिक रन र विकेट लिने खेलाडी

**कराँची/** १६औँ एसिया कप बुधबारदेखि पाकिस्तान र श्रीलंकामा हुँदै छ । मुल्तानमा नेपाल र पाकिस्तानबीचको उद्घाटन खेलसँगै आधिकारिक रूपमा एसिया कप सुरु हुनेछ । प्रतियोगितामा नेपाल डेब्यु राष्ट्र हो । भारत सर्वाधिक सातपटकको विजेता हो । पूर्वविजेताको भारत र पाकिस्तानको समूहमा नेपाल रहेको छ । प्रतियोगिता दुईपटक टी-२० फर्म्याटमा भएको थियो । एसिसीको तथ्यांकअनुसार प्रतियोगितामा सर्वाधिक रन र विकेट लिने खेलाडी श्रीलंकाली हुन् । श्रीलंकाका पूर्वकप्तान सनथ जयसूर्या सर्वाधिक रन बनाउने र मथैया मुरलीधरण धेरै विकेट लिने बलरमा पर्छन् । सर्वाधिक रन बनाउने खेलाडीमा श्रीलंका र भारतका समान दुई खेलाडी छन् । पाकिस्तानका एक खेलाडी मात्र सूचीमा समावेश छन् ।

#### जयसूर्या सर्वाधिक रन बनाउने



जयसुर्याले सन् १९९० देखि २००८ सम्म एसिया कप खेल्दा एक हजार दुई सय २० रन बनाए । २५ खेलमा उनले औसत ५३.०४ र १०२.५२ स्ट्राइकर रेटमा ब्याटिङ गरेका थिए । उनको नाममा ६ शतक र तीन अर्धशतक बनेका छन् । कुमार सांगाकारा दोस्रो सर्वाधिक रन बनाउने खेलाडी हुन् । ओपनर सांगकाराले सन् २००४ देखि २०१४ सम्म एसिया कपमा २४ खेल खेले । यसक्रममा उनले एक हजार ७५ रन जोडे । एसिया कपमा उनले चार शतक र आठ अर्धशतकीय इनिङ्स खेले ।

भारतका पूर्वकप्तान सचिव तेन्दुलकर तेस्रो पंक्तिमा आउँछन् । उनले सन् १९९० बाट सन् २०१२ सम्म एसिया कपमा २३ खेलमा नौ सय ७१ रन जोडे । उनले दुई शतक र सात अर्धशतक जोडे । एसिया कपमा सचिनको औसत रन ५१.१० थियो ।

पाकिस्तानका अल राउन्डर सोएब मलिक चौथो स्थानमा छन् । सोएबले सन् २००० देखि २०१८ सम्म १७ खेलमा सात सय ८६ रन बनाए । तीन सतक र तीन अर्धशतक बनाएका उनले औसत ६५.५० रन बनाएका हुन् ।

सर्वाधिक रन बनाउने सूचीको पाँचौं नम्बरमा भारतका कप्तान रोहित शर्मा छन् । उनले अहिलेसम्म २२ खेलमा सात सय ४५ रन बनाएका छन् । उनले ६ अर्धशतकीय इनिङ्स खेलेका छन् ।

#### मुरलीधरण धेरै विकेट लिने



एसिया कपको सर्वाधिक पाँच विकेट लिने सूचीमा अहिले सहभागी कुनै पनि टोलीका बलर छैनन् । धेरै विकेट लिनेमा श्रीलंकाली खेलाडीकै दबदबा छ । स्पिनर मुरलीधरण शीर्ष स्थानमा छन् । सन् १९९५ देखि ०१० सम्म मुरलीधरणले एसिया कप खेल्दा सर्वाधिक ३० विकेट लिए । उनले २४ खेलबाट यो सफलता हात पारेका थिए । उनको इकोनोमिक ३.७५ छ ।

तीव्रगतिका बलर लथिस मलिंगा दोस्रो स्थानमा छन् । मलिंगाले सन् २००४ देखि ०१८ सम्म १४ खेलमा २९ विकेट लिएका थिए । श्रीलंकाली अजन्था मेन्डिस तेस्रो स्थानमा छन् । उनले सन् २००८ देखि ०१४ सम्म आठ खेलमा २६ विकेट लिए । चौथो स्थानमा पाकिस्तानका अजमल छन् । अजमलले सन् २००८ देखि ०१४ सम्म १२ खेल खेल्दा २५ विकेट लिएका थिए । श्रीलंकाका भास पाँचौं स्थानमा छन् । उनले सन् १९९५ देखि २००८ सम्म १९ खेल खेल्दा २३ विकेट लिएका हुन् ।

## खेल संक्षेप

### अन्तिम चरणमा ताप्लेजुङ गोल्डकपको तयारी

**ताप्लेजुङ/** प्रथम ताप्लेजुङ गोल्डकप फुटबल प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ । १४ भदौवाट सुरु हुने गोल्डकपको तयारी अन्तिम चरणमा पुगेको आयोजकले सोमबार पत्रकार सम्मेलनमा जानकारी दिएको छ । रंगशालाको मैदान सम्याउने, अस्थायी पारापिट निर्माण र अन्य विविध पक्षको तयारी मंगलबारसम्ममा सकिने गोल्डकप सञ्चालन समितिका अध्यक्ष देवराज गुरुङले बताए ।

'प्रतियोगिता हुने भानुजन माध्यमिक विद्यालयको खेलमैदान व्यवस्थित पारिएको छ,' उनले भने, 'निरन्तर वर्षाका कारण तयारीमा केही ढिला भयो ।' लाखे जात्राको अवसरमा हुने गोल्डकपको फाइनल २० भदौमा हुनेछ । सात दिनसम्म चल्ने प्रतियोगितामा भारतीय टोली युनाइटेड खर्साङ एफसी दार्जिलिङसहित आठ क्लबले भाग लिने गुरुङले बताए । प्रतियोगिताको पहिलो खेल मानाभारा स्पोर्टिङ क्लब ताप्लेजुङले जुट विकास फुटबल एकेडेमी इटहरीको सामना गर्नेछ । प्रतियोगिताको क्वार्टरफाइनल १७ भदौमा हुनेछ ।

### आइटिएफ पदक विजेता सम्मानित

**काठमाडौं/** भक्तपुर (आइटिएफ) तेक्वान्दो संघले भारतमा भएको सातौं दक्षिण एसियाली आइटिएफ तेक्वान्दो प्रतियोगिताका पदक विजेता खेलाडीलाई सोमबार सम्मान गरेको छ । प्रतियोगितामा नेपालबाट प्रतिनिधित्व गरेका तीन खेलाडीले दुई स्वर्ण, तीन रजत र चार कांस्य पदक जितेका थिए । सविना तामाङले दुई स्वर्ण र एक कांस्य हात पारिन् । मुना राईले तीन रजत र एक कांस्य जितिन् । रोनिका पराजुलीले दुई कांस्य जितेकी थिइन् । नेपाल आइटिएफ तेक्वान्दो महासंघका सदस्य आशिष कार्कीलगायतले एक कार्यक्रमबीच खेलाडीलाई सम्मान गरे ।

### थाइल्यान्डमा तेक्वान्दोले वैदेशिक प्रशिक्षण गर्ने

**काठमाडौं/** चीनको हाङझावमा हुने १९औँ एसियाली खेलकुदको थप तयारी गर्न तेक्वान्दोको ग्योरोगी टोली थाइल्यान्डमा प्रशिक्षण गर्ने भएको छ । नौ खेलाडीसहित १२ सदस्यीय टोलीलाई राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले बिदाइ गरेका छन् । पुरुष खेलाडीमा राहुल कुमाल (५८ केजीमुनि), गोविन्दबहादुर आले (६३ केजीमुनि), वीरबहादुर महरा (६८ केजीमुनि), अभिषेक बराल (८० केजीमुनि) र ज्याकी यादव (८० केजीमाथि) रहेका छन् ।

महिलामा अञ्जली तामाङ (४९ केजीमुनि), आयशा लामा (५३ केजीमुनि), सन्ध्याकुमारी सिंह (५७ केजीमुनि) र इन्दिरा बस्नेत (६७ केजीमुनि) छन् । प्रशिक्षकमा टीकाप्रसाद लिम्बू, कुमार लामा घिसिङ र ज्ञानी चुनारा (स्वयंसेवक) रहेका छन् । टोली १७ सेप्टेम्बरमा नेपाल फर्कनेछ ।



### बार्सिलोनाको कठिन जित

**म्याड्रिड/** स्पेनिस ला लिगाको साबिक विजेता बार्सिलोनाले आइतबार राति भिल्ला रियललाई ४-३ ले हराएको छ । बार्सिलोनाले खेलको १५ मिनेट भित्र २-० को अग्रता लिएको थियो । खेलको १२औँ मिनेटमा गाभीले बार्सिलोनालाई १-० को अग्रता दिलाए । खेलको १५औँ मिनेटमा डी जोडले बार्सिलोनालाई २-० को स्थितिमा राखे । भिल्ला रियलले खेलको २६औँ मिनेटमा २-१ का लागि गोल गरेको थियो । भिल्ला रियलका फोयथले गोलअन्तर कम गरेका हुन् । खेलको ४० औँ मिनेटमा सोर्लोथले भिल्ला रियललाई २-२ को बराबरीमा पुऱ्याए । खेलको ५० औँ मिनेटमा बाइनाले भिल्ला रियललाई ३-२ को अग्रता दिलाएका थिए । खेलको ६८औँ मिनेटमा फेरान टोरेसले बार्सिलोनालाई ३-३ को बराबरीमा पुऱ्याए । खेलको ७१औँ मिनेटमा रोबर्ट लेवान्डोवस्कीले बार्सिलोनालाई ४-३ को जित दिलाए । बार्सिलोना तीन खेलबाट सात अंक जोड्दै तेस्रो स्थानमा उक्लियो । शीर्ष स्थानमा रहेको रियल म्याड्रिडले तीन खेलबाट नौ अंक बटुलेको छ ।

### १० खेलाडीमा सीमित लिभरपुलको रोमाञ्चक जित

**लन्डन/** उरुग्वेका स्ट्राइकर डार्विन न्युनेजको उत्कृष्ट प्रदर्शनको मद्दतमा १० खेलाडीमा सीमित भएको लिभरपुलले आइतबार राति इंग्लिस प्रिमियर लिगमा न्युकासल युनाइटेडलाई २-१ ले हराएको छ । खेलको २७औँ मिनेटमा कप्तान भान डाइकले रातो कार्ड व्यहोरेपछि लिभरपुलले त्यसपछि बाँकी समयमा १० खेलाडीमा सीमित रहँदै न्युकासलविरुद्ध प्रतिस्पर्धा गरेको थियो । पहिलो सेटमा नरहेका डार्विनले मध्यान्तरपछि दुई गोल गर्दै लिभरपुललाई रोमाञ्चक जित दिलाएका हुन् ।

जितसँगै लिभरपुलले तीन खेलमा सात अंक जोडेको छ । लिगमा लिभरपुल चौथो स्थानमा छ । दोस्रो स्थानमा वेस्ट ह्याम र तेस्रो स्थानमा टोनह्याम छन् । न्युकासलले तीन खेलमा तीन अंक जोडेको छ । न्युकासल तालिकाको १३औँ स्थानमा छ । लिभरपुल पहिलो हाफमै १-० ले पछि परेको थियो । खेलको २५औँ मिनेटमा एन्थोनी गोर्डनले न्युकासललाई अप्रत्याशित रूपमा १-० ले अघि राखे । उनले लिभरपुलका उपकप्तान ट्रेन्ट एलेक्जेन्डरको गल्तीमा गोल गरे । मिडफिल्डमा दिएको ब्याक पास ट्रेन्टले नियन्त्रणमा राख्न नसकेको फाइदामा गोर्डनले सहजै न्युकासललाई अग्रता दिलाए ।

एक गोलले पछि परेको लिभरपुलले कप्तान भानलाई गुमाएको थियो । डिबक्स क्षेत्रबाहिर न्युकासलका एलेक्जेन्डर इसाकलाई लडाएपछि रेफ्रीले उनलाई सीधै रातो कार्ड देखाए । इंग्लिस प्रिमियरसिप करिअरमै उनले पहिलो रातो कार्ड व्यहोरेका हुन् । मध्यान्तरपछि न्युकासलले उपाधि दबाब राखेको थियो । लिभरपुलका गोलरक्षक एलिसनले आकर्षक बचाउ गरेका थिए ।

खेलको ७७औँ मिनेटमा प्रशिक्षक जर्गेन क्लोपले मिडफिल्डर एलेक्सिस म्याक एलिस्टरको स्थानमा न्युनेजलाई मैदानमा पठाए । खेलको ८२औँ मिनेटमा न्युनेजले डिबक्समित्र उत्कृष्ट गोल गर्दै १-१ को बराबरी गरे । खेलको अन्तिम इन्जुरी समयमा मोहम्मद सलाहको पासमा उनले लिभरपुललाई २-१ को जित दिलाए ।



# फिफाले हटायो श्रीलंकामाथिको प्रतिबन्ध

**श्रीलंकाली फुटबल महासंघले आगामी सेप्टेम्बरमा हुने निर्वाचनमा सबै नियम पालना गर्ने प्रतिबद्धता जनाएपछि फिफाले फुटबलमाथि लगाइएको प्रतिबन्ध फुकुवा गरेको हो**

**गत २१ जनवरीमा महासंघले विधानअनुसार निर्वाचन नगरेको र खेलकुद मन्त्रालयले हस्तक्षेप गरेको कारण देखाउँदै फिफाले प्रतिबन्ध लगाएको थियो**



**जुरिच/** विश्व फुटबलको सर्वोच्च निकाय फिफाले श्रीलंका फुटबल महासंघमाथि लगाएको प्रतिबन्ध हटाएको छ । फिफा महासचिव सामोउराले सोमबार श्रीलंका फुटबल महासंघलाई पत्र लेख्दै निलम्बन हटाएको जानकारी गराएकी छिन् । श्रीलंकाली फुटबल संघमा सरकारको हस्तक्षेप भएको जनाउँदै गत २१ जनवरीमा फिफाले प्रतिबन्ध लगाएको थियो । प्रतिबन्ध पूर्ण रूपमा हट्न महासंघले विभिन्न काम गर्नुपर्ने सामोउराले बताइन् । फुटबल महासंघले १६ सेप्टेम्बरमा निर्वाचन गर्दै छ । महासंघले निर्वाचनमा फिफाको विधानअनुसार हुनुपर्ने र तेस्रो पक्षले हस्तक्षेप गर्नु नहुने फिफाले स्पष्ट पारेको छ ।

'श्रीलंकाली फुटबल महासंघले सेप्टेम्बरमा गर्ने निर्वाचन फिफाको विधानअनुसार हुनुपर्छ, यसपटक पनि सरकारी निकायको हस्तक्षेप हुँदा थप कारबाहीमा पर्न सक्छ,' फिफाले जारी गरेको विज्ञप्तिमा भनिएको छ । फिफा, एएफसी र खेलकुद मन्त्रालयको निर्देशनलाई अवज्ञा गर्दै महासंघले अधिल्लोपटक निर्वाचन गरेको थियो । महासंघको चुनावलाई फिफा र एएफसीले मान्यता दिएको थिएन । फिफाको ब्युरो काउन्सिलले निलम्बन फुकुवा गर्ने निर्णय गरेको भन्दै त्यसका लागि महासंघले विभिन्न प्रक्रिया पूरा गर्नुपर्ने जनाएको छ । फिफाले फुटबल महासंघलाई नयाँ कार्यसमितिले सबै नियम पालना गर्नु भनेको छ । महासंघले फिफा र एएफसीलाई सबै नियम पालना गर्ने प्रतिबद्धता गरेको छ । 'सेप्टेम्बरमा हुने महासंघको निर्वाचनमा हामी सबै नियम पालना गरी अगाडि बढ्छौं,' महासंघको विज्ञप्तिमा उल्लेख छ, 'अघिल्लोपटकको निर्वाचनमा हामीबाट केही गल्ती भएको थियो ।'

सात महिनाअघि फिफा र एएफसीको विधान पालना नगरेका कारण श्रीलंकन एफए कालोसूचीमा परेको थियो । श्रीलंकाली खेलकुद मन्त्रालयले सीधै फुटबलमा हस्तक्षेप गरेको जनाउँदै फिफाले कालोसूचीमा राखेको थियो । फिफाको विधानमा फुटबल संघ तथा संस्थामा सरकारी हस्तक्षेप स्वीकार्य छैन । यदि यस्तो कार्य हुँदा फुटबल संघ प्रतिबन्धमा पर्न सक्ने फिफाले जनाएको छ ।

### एसिया र ओलम्पिक छनोट खेल्नबाट वञ्चित

फिफाको प्रतिबन्धमा रहँदा श्रीलंकाको युवादेखि सिनियर टोलीले महत्त्वपूर्ण अन्तर्राष्ट्रिय फुटबल प्रतियोगिता खेल्न वञ्चित भयो । प्रतिबन्धको समयमा सन् २०२४ मा पेरिसमा आयोजना हुने ओलम्पिक, यू-२३ एसिया कप तथा कतारमा आयोजना हुने एसिया कप छनोट खेलाडीले खेल्न पाएनन् । फुटबल संघ प्रतिबन्धमा रहँदा कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगितामा खेल्न नपाउने फिफाले उल्लेख गरेको छ । 'प्रतिबन्ध समयमा हामीले महत्त्वपूर्ण प्रतियोगिता गुमायौं,' महासंघले भनेको छ, 'फुकुवासँगै अब हामीलाई केही सहज भएको छ ।' यू-२३ एसिया कप १५ अप्रिल देखि ३ मे २०२४ सम्म कतारमा हुनेछ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com